# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०६) पोखरा, माघ १८ गते, २०८० साल (संख्या ५


## भाग २

### गण्डकी प्रदेश सरकार

<u>भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको सूचना</u>

### गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०८०

गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ को दफा २२१ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०८०" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले प्रदेश यातायात व्यवस्था कार्यालय सम्झनु पर्छ । सो शब्दले यातायात व्यवस्था कार्यालय, यातायात व्यवस्था कार्यालय सवारी, यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र, सवारी परीक्षण कार्यालय, तथा यातायात सम्बन्धी कामकारवाही गर्न तोकिएका अन्य सरकारी निकाय अन्तर्गतका कार्यालय समेतलाई जनाउँछ।

## परिच्छेद-२

## सार्वजनिक सवारीको वर्गीकरण, स्तर तथा क्षमता

३. **यात्रुवाहक सवारीको वर्गीकरण, स्तर तथा क्षमताः** यात्रुवाहक सवारीको स्तर तथा क्षमता देहाय बमोजिम हुनेछः–

(क) बसः चालक सहित बढीमा ५६ जना यात्री राख्न सक्ने सिट संख्या भएको,

(ख) मिनिबसः चालक सहित १५ देखि २५ जनासम्म यात्री राख्न सक्ने सिट संख्या भएको,

(ग) जीप, भ्यान, पिकअप र माईक्रो बसः चालक सहित बढीमा १४ जनासम्म यात्री राख्न सक्ने सिट संख्या भएको,

(घ) कार र ट्याक्सीः चालक सहित बढीमा ५ जनासम्म यात्री राख्न सक्ने सिट संख्या भएको,

(ङ) टेम्पोः चालक सहित बढीमा चार जनासम्म यात्रु राख्न सक्ने सिट संख्या भएको मिटर जडित टेम्पो र सो बाहेक मिटर जडान नभएको बढीमा १३ सिट संख्या भएको अन्य टेम्पो,

(च) ई/अटो रिक्साः चालक सहित बढीमा ३ जना सम्म यात्री राख्न सक्ने सिट संख्या भएको विद्युतीय वा पेट्रोल वा ग्याँसबाट चल्ने सवारी साधन,

(छ) मोटर साईकल, स्कूटर, मोपेड र सन साईनः चालक सहित बढीमा २ जनासम्म यात्री राख्न सक्ने सिट संख्या भएको।

४. <u>**मालवाहक सवारीको वर्गीकरण, तथा क्षमताः**</u> मालवाहक सवारीको वर्गीकरण तथा त्यसको क्षमता देहाय बमोजिमको हुनेछः–

(क) ट्रक तथा ट्याङ्करः अघिल्लो तर्फ चालक सहितको तीन सिट र पछाडि तर्फ प्रति एक्शल १०.२ टन सम्मको भारवहन गर्न सक्ने र स्लिपर राखी ५ जनासम्म लोडर बस्न सक्ने,

(ख) मिनि ट्रकः अगाडि तर्फ चालक सहितको तीन सिट र पछाडि तर्फ ५ टनसम्मको भारवहन गर्न सक्ने र स्लिपर राखी ४ जनासम्म लोडर बस्न सक्ने,

(ग) पावर टिलरः चालक सहित बढीमा एक सिट र एक टनसम्मको भारवहन गर्न सक्ने क्षमता भएको,

(घ) पिकअपः चालक सहित बढिमा पाँच सिट र भन्सार प्रज्ञापनपत्रमा उल्लेख भएअनुसारको भारवहन गर्न सक्ने।

५. <u>**अन्य सवारीको वर्गीकरण तथा क्षमताः**</u> नियम ३ र ४ मा उल्लिखित सवारीहरू बाहेक डोजर, लोडर, डम्फर, क्रेन, दमकल, रोडरोलर, स्काभेटर जस्ता अन्य सवारीहरूको वर्गीकरण र भारवहन क्षमता त्यस्तो सवारी निर्माता कम्पनीले जारी गरेको क्याटलग, स्पेशिफिकेशन वा मापदण्डको अधीनमा रही प्रज्ञापनपत्रमा उल्लिखित विवरण, सवारीको स्वरूप तथा आकृतिलाई समेत विचार गरी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ ।

६. <u>**यात्रुवाहक सवारीको स्तर, सञ्चालन अवधि तथा गतिः**</u> (१) ऐनको दफा ११ को उपदफा (३) को प्रयोजनका लागि देहाय बमोजिमका यात्रुवाहक सवारीको स्तर देहाय बमोजिम निर्धारण गरिएको छः–

(क) सिधै (डाईरेक्ट) बस सेवाः

(१) चालक सहित बढीमा ४० सिट संख्या,

(२) सिटको लम्बाई, चौडाई र उचाई १६ देखि १९ ईञ्च, ३० देखि ४५ डिग्री सम्मको फोल्डिङ्ग सिटको पिठ्यूँको उचाई २२ देखि २६ ईञ्च,

(३) २/२ पंक्तिको सिट एक पंक्तिबाट अर्को पंक्तिको बीचको मार्ग कम्तीमा १४ ईञ्च र सिटको पंक्तिबाट लेग प्लेसको दूरी कम्तीमा १३ ईञ्च,

(४) बसको भित्री उचाई ६६ ईञ्च र छतको क्यारियर बसको कुल लम्बाईको आधा र उचाई ८ ईञ्च,

(५) बसको प्रवेशद्वारको पहिलो सिंढी जमीनको सतहदेखि बढीमा एक फुटको उचाई,

(६) बसमा आगो निभाउने यन्त्रको व्यवस्था,

(७) बसको उपयुक्त स्थानमा संकटकालीन ढोकाको व्यवस्था,

(८) बसमा आवश्यक औषधी तथा उपकरण सहितको प्राथमिक उपचारको व्यवस्था,

(९) बसमा झ्यालको लकको अवस्था दुरुस्त, र

(१०) बसको सक अब्जर्भरको अवस्था दुरुस्त।

(ख) द्रुत (एक्सप्रेस) बस सेवाः

(१) चालक सहित बढीमा ५० सिट संख्या,

(२) सिटको लम्बाई, चौडाई र उचाई कम्तीमा क्रमशः १५ ईञ्च, १५ ईञ्च र १५ ईञ्च र सिटको पिठ्यूँको उचाई कम्तीमा १८ ईञ्च,

(३) २/३ पंक्तिको सिट एक पंक्तिबाट अर्को पंक्तिको बीचको मार्ग १४ ईञ्च र सिटको पंक्तिबाट लेग प्लेसको दूरी कम्तीमा ११ ईञ्च,

(४) बसको भित्री उचाई कम्तीमा ६६ ईञ्च,

(५) बसको प्रवेशद्वारको पहिलो सिंढी जमीनको सतहदेखि बढीमा एक फुटको उचाई,

(६) बसमा आगो निभाउने यन्त्रको व्यवस्था,

(७) बसमा उपयुक्त स्थानमा संकटकालीन ढोकाको व्यवस्था,

(८) बसमा आवश्यक औषधी तथा उपकरण सहितको प्राथमिक उपचारको व्यवस्था,

(९) बसमा झ्यालको लकको अवस्था दुरुस्त, र

(१०) बसको सक अब्जर्भरको अवस्था दुरुस्त।

(ग) स्थानीय (लोकल) बस सेवाः

(१) चालक सहित बढीमा ५६ सिट संख्या,

(२) सिटको लम्बाई, चौडाई र उचाई कम्तीमा क्रमशः १५ ईञ्च, १५ ईञ्च र १५ ईञ्च र सिटको पिठ्यूँको उचाई कम्तीमा १८ ईञ्च,

(३) सिटको एक पंक्तिबाट अर्को पंक्तिको बीचको मार्ग कम्तीमा १४ ईञ्च र सिटको पंक्तिबाट लेग प्लेसको दूरी ११ ईञ्च,

(४) बसको भित्री उचाई कम्तीमा ६६ ईञ्च,

(५) बसको प्रवेशद्वारको पहिलो सिंढी जमीनको सतहदेखि बढीमा एक फुटको उचाई ।

(घ) मिनि बसः

(१) चालक सहित बढीमा २५ सिट संख्या,

(२) सिटको लम्बाई, चौडाई र उचाई कम्तीमा क्रमशः १५ ईञ्च, १५ ईञ्च र १५ ईञ्च र पिठ्यूँको उचाई कम्तीमा २२ ईञ्च र पंक्ति बढीमा २/२,

(३) सिटको एक पंक्तिबाट अर्को पंक्तिको बीचको मार्ग कम्तीमा १४ ईञ्च र सिटको पंक्तिबाट लेग प्लेसको दूरी १३ ईञ्च,

(४) मिनी बसको भित्री उचाई ६४ ईञ्च,

(५) बसको प्रवेशद्वारको पहिलो सिंढी जमीनको सतहदेखि बढीमा एक फुटको उचाई ।

(ङ) माईक्रो बसः–

(१) चालक सहित १२ देखि १४ सिट संख्या,

(२) सिटको लम्बाई, चौडाई र उचाई कम्तीमा क्रमशः १५ ईञ्च, १६ ईञ्च र १५ ईञ्च र पिठ्यूँको उचाई कम्तीमा २२ ईञ्च र लेग प्लेसको दूरी ११ ईञ्च भई सबै सिटहरू अगाडि फर्केको,

(३) माईक्रो बसको भित्री उचाई कम्तीमा १३४५ एम.एम,

(४) माईक्रो बसको प्रवेशद्वारको पहिलो सिढी जमिनको सतहदेखि बढीमा एक फुट उचाई, र

(५) माईक्रो बसका झ्यालको लकको अवस्था दुरुस्त ।

(२) सिधै (डाईरेक्ट) सेवा अन्तर्गत सञ्चालन हुने बसलाई शुरु सञ्चालन भएको मितिले पाँच वर्षसम्मको लागि सञ्चालन गर्न दिईनेछ र सो अवधि नाघेपछि त्यस्तो सवारीको यान्त्रिक तथा प्राविधिक स्थिति लगायत अन्य आवश्यक कुराहरूको बारेमा प्रत्येक वर्ष जाँचबुझ गरी थप तीन वर्षसम्मको लागि सञ्चालन गर्ने अनुमति दिन सकिनेछ ।

(३) द्रुत (एक्सप्रेस) सेवा अन्तर्गत सञ्चालन हुने बसलाई शुरु सञ्चालन भएको मितिले आठ वर्षसम्मको लागि सञ्चालन गर्न दिईनेछ र सो अवधि नाघेपछि त्यस्तो सवारीको यान्त्रिक तथा प्राविधिक स्थिति लगायत अन्य आवश्यक कुराहरूको बारेमा प्रत्येक वर्ष जाँचबुझ गरी थप दुई वर्षसम्मको लागि सञ्चालन गर्ने अनुमति दिन सकिनेछ।

(४) द्रुत (एक्सप्रेस) सेवा अन्तर्गत सञ्चालन हुने मिनिबसलाई शुरु सञ्चालन भएको मितिले आठ वर्षसम्मको लागि सञ्चालन गर्न दिईनेछ र सो अवधि नाघेपछि त्यस्तो सवारीको यान्त्रिक तथा प्राविधिक स्थिति लगायत अन्य आवश्यक कुराहरूको बारेमा प्रत्येक वर्ष जाँचबुझ गरी थप सात वर्षसम्मको लागि सञ्चालन गर्ने अनुमति दिन सकिनेछ ।

(५) लामो मार्ग तथा मध्यम मार्गमा द्रुत (एक्सप्रेस) सेवा अन्तर्गत सञ्चालन हुने माइक्रो बसलाई शुरु सञ्चालन भएको मितिले पाँच वर्षसम्मको लागि सञ्चालन गर्न दिइनेछ र सो अवधि नाघेपछि त्यस्तो सवारीको यान्त्रिक तथा

प्राविधिक स्थिति लगायत अन्य आवश्यक कुराहरूको बारेमा प्रत्येक वर्ष जाँचबुझ गरी थप तीन वर्षसम्मको लागि अनुमति दिइनेछ ।

(६) लामो मार्ग, मध्यम मार्ग र छोटो मार्गमा सञ्चालन हुने साधारण (लोकल) बस सेवा, मिनिबस र माइक्रोबसमा यस नियममा उल्लिखित अन्य कुराका अतिरिक्त आवश्यक औषधी तथा उपकरण सहितको प्राथमिक उपचार र आगो निभाउने यन्त्र समेतको व्यवस्था हुनु पर्नेछ ।

(७) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सिधै (डाइरेक्ट) बस सेवा रात्री तथा दिवा सेवामा र द्रुत (एक्सप्रेस) बस सेवा, साधारण (लोकल) बस सेवा, मिनिबस, माइक्रोबस दिवा सेवामा मात्र सञ्चालन गर्ने अनुमति दिइनेछ ।

तर माईक्रोबसको हकमा बढीमा ३०० किलोमिटर सम्मको दूरीका लागि मात्र मार्ग इजाजत दिइनेछ ।

(८) ऐनको दफा ६ को उपदफा (४) को प्रयोजनका लागि देहाय बमोजिमका सवारीको गति देहाय बमोजिम निर्धारण गरिएकोछः–

(क) कार, जीप, भ्यान र पिकअप बढीमा ८० कि.मि. प्रतिघण्टा,

(ख) टेम्पो, स्कूटर, पावर टिलर तथा ट्र्याक्टर बढीमा ४० कि.मि. प्रति घण्टा,

(ग) मोटर साइकल बढीमा ५० कि.मि. प्रति घण्टा,

(घ) बस, मिनीबस, ट्रक, मिनी ट्रक पहाडी मार्गमा बढीमा ५० कि.मि. प्रति घण्टा र समतल मार्गमा बढीमा ७० कि.मि. प्रति घण्टा ।

तर बाक्लो बस्ती भएको ईलाकामा प्रतिघण्टा ४० कि.मि. भन्दा बढी गतिमा कुनै पनि सवारी चलाउन हुँदैन ।

(९) कार्यालयले उपनियम (८) बमोजिमका सवारी बाहेक अन्य सवारीको गति निर्धारण गर्न र गति निर्धारण गरिएको सवारीको हकमा भौगोलिक अवस्था र सडकको स्थिति समेत बिचार गरी सवारीको गतिमा फेरबदल गर्न सक्नेछ ।

(१०) उपनियम (८) र (९) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा १२९ बमोजिम कुनै स्थानमा सवारीको गति सम्बन्धी सूचना वा संकेत उल्लेख गरिएको रहेछ भने त्यस्तो स्थानमा सोही सूचना वा संकेतमा उल्लेख भए बमोजिम सवारी चलाउनु पर्नेछ ।

(११) यात्री वाहक सवारी चलाउने चालकले मार्ग ईजाजतपत्र दिने कार्यालयले निर्धारण गरेको समय शारणी अनुसारको समयमा सवारी छुटाउनु र गन्तव्य स्थानमा पुऱ्याउनुपर्नेछ ।

(१२) काबू बाहिरको अवस्था परेकोमा बाहेक उपनियम (११) बमोजिमको समय भन्दा ढिलो हुने गरी वा यात्रुलाई असुविधा हुने गरी वा अलपत्र पार्ने गरी सवारी गन्तव्य स्थानमा पुऱ्याउनु हुँदैन ।

७. **सार्वजनिक सवारीः** ऐनको दफा ११ को उपदफा (४) को प्रयोजनको लागि यात्रुबाहक सार्वजनिक सवारीको स्तर, गति तथा अन्य व्यवस्था मन्त्रालयले मापदण्ड बनाई जारी गर्न सक्नेछ।

८. **निजी सवारीको प्रयोगः** (१) ऐनको दफा १३ को उपदफा (५) मा भएको व्यवस्था अनुसार निजी प्रयोजनका लागि दर्ता प्रमाण पत्र प्राप्त चारपाङ्ग्रे तथा दुईपाङ्ग्रे सवारीले सार्वजनिक सवारी सरह यात्रु ओसार पसार गर्न सक्ने गरी मन्त्रालयले आवश्यक मापदण्ड बनाई जारी गर्न सक्ने छ ।

(२) निजी सवारी साधन पच्चीस वर्षमा अनिवार्य पत्रु कायम गरी लगत कट्टा गर्नुपर्नेछ।

(३) सार्वजनिक सवारीको हकमा पेट्रोलियम पदार्थबाट चल्ने सवारी वीस वर्षमा र विद्युतीय सार्वजनिक सवारी तीस वर्षमा पत्रु कायम गर्नु पर्नेछ ।

(४) सार्वजनिक तथा अन्य सवारीलाई विद्युतीयमैत्री सवारीमा रुपान्तरण गर्न मन्त्रालयले आवश्यक मापदण्ड बनाइ जारी गर्न सक्नेछ।

## परिच्छेद-३
## सवारी दर्ता सम्बन्धी व्यवस्था

९. **सवारी दर्ताः** (१) ऐनको दफा १९ बमोजिम दर्ता गराउनु पर्ने सवारी दर्ता गराउँदा विदेशमा उत्पादन भई आयात गर्न चाहने व्यक्ति, फर्म वा कम्पनीले वा सवारी विक्रि वितरण गर्ने एजेण्टले त्यस्तो सवारी नेपालभित्र आयात गरी दर्ता गर्न आउनु अघि मन्त्रालयबाट प्रचलित सवारी प्रदूषण मापदण्ड (पछि संशोधन

हुने समेत) भित्र रहेको भनी प्रमाणित गराउनु पर्नेछ। नेपालमा उत्पादन हुने सवारीमा जडान हुने इन्जिन प्रचलित सवारी प्रदूषण मापदण्ड (पछि संशोधन हुने समेत) भित्र रहेको मन्त्रालयबाट प्रमाणित गराउनु पर्नेछ। विदेशबाट आयात भएका वा स्वदेशमै उत्पादित सवारी सडकमा चल्न सक्ने सक्षमताको प्रमाणपत्र (रोड वर्थनेस सर्टिफिकेट) मन्त्रालयबाट प्राप्त गरेको हुनुपर्नेछ ।

(२) सवारी दर्ताको प्रकार देहाय बमोजिम हुनेछः-

(क) नयाँ सवारी दर्ता

(ख) अस्थायी सवारी दर्ता

(ग) सरुवा दर्ता

(घ) हेरफेर दर्ता

(ङ) लिलाम दर्ता

(च) पुनः दर्ता ।

(३) सवारी दर्ता गर्दा ऐनको दफा २० मा उल्लिखित कागजातको अतिरिक्त देहाय बमोजिमको कागजात संलग्न राखी प्रचलित आर्थिक ऐन बमोजिमको दस्तुर सहित सवारी दर्ता गराउन चाहेको कार्यालयमा अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछः-

(क) विदेशमा दर्ता भएको सवारी आयात गरेको भए उक्त दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) सवारी धनी आफैं उपस्थित नभई अरू कसैलाई पठाएको भए सोको अख्तियारनामा,

(ग) नयाँ सवारी दर्ता गर्दा पेस गर्नु पर्ने कागजात देहाय बमोजिम हुनेछः-

(१) सम्बन्धित सवारी प्रचलित सवारी प्रदुषण मापदण्ड (पछि संशोधन हुने समेत) भित्र रहेको भनी मन्त्रालयले प्रमाणित गरिदिएको पत्र,

(२) सक्कल भन्सार प्रज्ञापन पत्र र भन्सार महसुल तिरेको रसिद (सक्कल प्रज्ञापन-पत्र कार्यालयमा नै रहनेछ),

(३) सवारी आयातकर्ता फर्म वा कम्पनीको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आयकर दर्ताको कागजात, कर चुक्ता प्रमाणपत्र र

मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि,

(४) दर्ताका लागि आएका सवारीहरुको च्यासिस नम्बर, इन्जिन नम्बर र सम्पूर्ण भौतिक अवस्था देखिने सवारी साधनको फोटो ।

(घ) नयाँ सवारी दर्ता गर्दा अवलम्बन गर्नु पर्ने प्रक्रिया देहाय बमोजिम हुनेछः-

(१) दर्ताका बखत सम्बन्धित सवारी साधन यातायात व्यवस्था कार्यालयमा ल्याई चेकजाँच गराउनुपर्नेछ ।

(२) आयात भएका सवारीहरूको नियमानुसार लाग्ने सम्पुर्ण कर, महसुल र दस्तुर दाखिला गरेको विवरण संलग्न गर्नु पर्नेछ ।

(३) सवारी आयातकर्ताले जुन दरबन्दी अनुसारको महसुल भुक्तानी गरी सवारी आयात गरेको छ सोही दरबन्दी अनुसारको सवारी दर्ता गर्नु पर्छ। यसरी दर्ता गर्दा यस नियमावलीको नियम ३, ४ र ५ बमोजिमको वर्गीकरण र स्तर बमोजिम हुने गरी दर्ता गर्नु पर्नेछ। भन्सार प्रज्ञानपत्र बमोजिम विवरण र सवारी दर्ता गर्नुपर्ने विवरण अमिल्दो देखिएमा सम्बन्धित भन्सार कार्यालयसँग बुझी स्पष्ट भई आएपछि मात्र दर्ता गर्नु पर्नेछ।

(४) कार्यालयमा दर्ता हुने आउने सवारीका लागि सम्बन्धित कार्यालयको प्राविधिक शाखाबाट प्रविधि परीक्षण विवरण ठिक देखिएमा लाग्ने सबै राजश्व (कर तथा दस्तुर) बुझाउन पठाउनु पर्नेछ। प्राविधिक प्रतिवेदन सहित राजश्व दाखिला भई आएपछि सवारी दर्ता सम्बन्धी अन्य कारवाही सम्बन्धित फाँटबाट गर्नु पर्नेछ। यसरी दर्ताका लागि प्राप्त भएका विवरणलाई सम्बन्धित कर्मचारीले पहिलो आउनेको पहिलो पालोको क्रमानुसार जाँच गरी कार्यालयमा राख्नुपर्ने रेकर्डहरू

खडा गरी दर्ता योग्य देखिएमा सिफारिस सहित सम्बन्धित अधिकृत वा कार्यालय प्रमुख समक्ष पेस गर्नुपर्नेछ ।

(५) कार्यालयमा दर्ता हुन आउने सवारीले आवश्यक सबै कागजात पूरा गरी ल्याएको छ र प्रविधिक परीक्षणबाट पनि ठीक देखिएको छ भने त्यस्ता सवारीहरुमा लाग्ने कर तथा दस्तुरहरू लिई ढड्डामा सम्पूर्ण विवरण भरी दर्ता गरी सवारी धनीलाई सवारी दर्ता प्रमाणपत्र दिनुपर्नेछ ।

(६) कुनै वित्तिय संस्थाबाट ऋण लगानी गरी दर्ता हुन आउने सवारीका हकमा सम्बन्धित वित्तीय संस्थाको दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र (स्थायी लेखा नम्बर) तथा ऋणी संस्था भए सोको दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र र आयकरको प्रमाणपत्र (स्थायी लेखा नम्बर) तथा व्यक्ति भए नागरिकताको प्रमाणित प्रतिलिपि संलग्न राख्नुपर्नेछ।

(७) ढड्डाको बीचमा कुनै नम्बर खाली नराखी सिलसिलेवार रुपमा सम्बन्धित सवारीको दर्ता किताब (ढड्डा) को पाना तथा फाइलमा रहने कार्डमा समेत सवारी दर्ता प्रमाणपत्रको सिलसिलेवार नम्बर उल्लेख गरी राख्नुपर्नेछ ।

(८) दर्ताको निर्णय र दर्ता प्रमाणपत्र प्रमाणित गर्ने कार्य कार्यालय प्रमुख वा निजबाट अधिकार प्रत्यायोजन भएको अधिकृत कर्मचारीबाट हुनु पर्नेछ।

(९) भन्सार प्रज्ञापन पत्र जारी भएको मितिले ऐनको दफा १९ बमोजिमको म्याद भित्र दर्ताका लागि आवश्यक कागजात सहित पेस गर्नुपर्नेछ । सो अवधि नाघी दर्ता गर्न पेस गरेमा ऐनको दफा १९४ उपदफा (२) को खण्ड (ख) बमोजिम जरिवाना लिएर मात्र दर्ता गरिदिनुपर्नेछ ।

(१०) जसको नाममा भन्सार प्रज्ञानपत्र वा भ्याट बिल छ त्यसैका नाममा सवारी दर्ता गर्नुपर्नेछ ।

(११) सवारी दर्ता गर्दा भन्सार प्रज्ञापन पत्रमा उल्लिखित किसिम, बर्गीकरण र विवरण अनुसार भए/नभएको समबन्धमा चेकजाँच गर्नुपर्नेछ। सवारी अनिवार्य रुपमा सम्बन्धित कार्यालयमा लगी सवारीको निरीक्षण गर्ने र प्रज्ञापनपत्र तथा प्राविधिक प्रतिवेदन मेल खाएमा मात्र सवारी दर्ता गर्नुपर्नेछ सो अनुसार नभएमा भन्सार कार्यालयमा पत्राचार गरी एकिन आएपछि मात्र सवारी दर्ता गर्नु पर्नेछ।

(१२) सवारी दर्ता गराउन सवारी धनी स्वयम् उपस्थित हुनु पर्नेछ। सो सम्भव नभएमा रित पूर्वकको मन्जुरनामा वा वारिसनामा प्राप्त व्यक्ति आफ्नो नागरिकता प्रमाणपत्रको सक्कल तथा नक्कल लिई उपस्थित हुनु पर्नेछ।

(१३) सवारी दर्ता गर्दा भन्सार प्रज्ञापनपत्रमा कुनै विवरण स्पष्ट नभएमा वा कुनै प्रकारको शङ्का लागेमा सम्बन्धित भन्सार कार्यालयमा सम्पर्क गरी सो स्पष्ट भएपछि मात्र दर्ता गर्नु पर्नेछ। साथै सवारी दर्ता रेकर्ड तथा सवारी दर्ता प्रमाणपत्रको भन्सारको निस्सा महल वा खरिद भई आएका संस्था वा कम्पनीको विवरण महलमा भन्सार कार्यालयको नाम, प्रज्ञापन पत्र नं., मिति तथा रसिद नं. समेत स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।

(१४) सवारीको दर्ता गर्दा सवारीको प्रयोग अनुसारको नम्बर प्लेट र सो प्लेट प्रयोग गरिने सङ्केत नं. ऐनको अनुसूची-२ मा भएको व्यवस्था अनुसार स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ साथै सवारी दर्ता प्रमाणपत्रको कैफियत महलभन्दा अगाडि निर्देशन महलमा उल्लेख गरिएका निर्देशनहरू सवारीधनीलाई जानकारी गराई सहीछाप गराई राख्नुपर्नेछ ।

(१५) ऐनमा व्यवस्था गरिए बमोजिम सवारी दर्ता गर्नका लागि इन्कार गरिएको अवस्थामा बाहेक सवारी दर्ता गरिसके पछि उक्त सवारीको लगत (विवरण) दर्ता किताबमा, दर्ता फाराममा र सवारी दर्ता प्रमाणपत्रमा सम्बन्धित फाँटवालाले अनिवार्य रूपमा सबै विवरण ठिक दुरुस्त रुपमा उल्लेख गरी सवारी व्यक्तिगत नाममा भए त्यसमा फोटो समेत टाँस्ने र सोमा अख्तियारवाला कर्मचारीले प्रमाणित गर्नु पर्नेछ। सवारी कुनै कार्यालय, संघसंस्था वा फर्मको नाममा भए त्यसको छापसमेत ती अभिलेखमा लगाउन लगाई सोमा दर्ता गर्ने अधिकारीले प्रमाणित गरी कार्यालयको छापसमेत लगाई सवारी धनीलाई प्रमाणपत्र दिनु पर्नेछ साथै सवारीधनीको दस्तखतको महलमा स्पष्ट रुपमा सवारी धनी वा वारेसबाट दर्ता भएको भए निजको दस्तखत समेत गराउनु पर्नेछ। सवारी कुनै वित्तिय संस्थाको नाममा भई ऋणी तोकिएकामा निजको आधिकारिक प्रतिनिधि समेतको विवरण अभिलेख र सवारी दर्ता किताबमा उल्लेख गर्नुपर्नेछ ।

(१६) सवारीको वर्गीकरण तथा किसिम एवं रङ्ग, सिट क्षमता निर्धारण गर्दा उक्त सवारीको क्याटलग, स्पेसिफिकेसन, भन्सार प्रज्ञापनपत्रमा उल्लेखित विवरण, सवारीको स्वरूप तथा आकृति समेतको आधारमा प्राविधिकबाट प्रतिवेदन लिई सो अनुसार उल्लिखित विषय कायम गर्नुपर्नेछ र रंग सिट कायम गराउँदा मूल्य अभिवृद्धि कर बिल अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(१७) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी प्रदूषण परीक्षणको व्यवस्था लागू गरेको क्षेत्रमा दर्ता हुने सबै प्रकारका सवारीको प्रदूषण जाँच गरी

प्रदूषण मापदण्ड भित्र रहेको पाइएमा मात्र सवारी दर्ता गरिनेछ।

(१८) ग्याँसबाट सञ्चालन हुने सवारी दर्ता गर्दा उक्त सवारीमा प्रयोग हुने ग्यास सिलिन्डर जुन देशमा उत्पादन हुन्छ उक्त देशको आधिकारीक निकायबाट सो सिलिन्डर ग्यासबाट चल्ने सवारीमा प्रयोग गर्न सकिने भनी प्रमाणित भएको हुनुपर्नेछ र सोको सक्कल (ओरिजिनल) टेस्ट प्रमाणपत्र समेत ग्यास सवारी साथ कार्यालयमा पेस गर्नुपर्नेछ । सो अनुसार नभई खाना पकाउने ग्याँससिलिन्डर वा अन्य अनाधिकृत ग्याँस सिलिन्डर राखी सञ्चालन गर्ने गरी कुनै पनि ग्याँसबाट सञ्चालन हुने सवारी दर्ता गरिने छैन।

(१९) ग्याँस सवारीमा प्रयोग गर्न पाउने सिलिन्डरको निर्माण कम्पनीले उल्लेख गरेको रेफरेन्स नम्बरलाई सवारी दर्ता किताब (ढड्डा) मा र सवारी दर्ता प्रमाणपत्रमा समेत उल्लेख गरि दिनु पर्नेछ। उक्त सिलिन्डरलाई फेरबदल गर्नुपरेमा कार्यालयको स्वीकृति लिएर मात्र फेरबदल गर्नुपर्नेछ।

(२०) गण्डकी प्रदेशभित्र सञ्चालन हुने गरी कुनै पनि डिजेलबाट सञ्चालित ट्याक्सी र कृषि कार्य वाहेक कुनै पनि ट्र्याक्टर र पावर टेलरलाई पोखरा उपत्यका र सहरी क्षेत्रमा सञ्चालन हुने गरी दर्ता गरिने छैन।

(२१) सवारी निर्माता कम्पनीले सवारीका सम्बन्धमा तोकिएको सवारीको विस्तृत विवरण (स्पेसिफिकेसन) विपरीत हुने गरी कुनै सवारी दर्ता गर्नु हुँदैन।यस्तै सवारी निर्माता कम्पनीले तोकिदिएको विस्तृत विवरण बमोजिम सवारी रहे नरहेको जाँचबुझ गरेर मात्र सवारी दर्ता गर्नु पर्दछ। सवारी निर्माता कम्पनीले जारी गरेको सक्कल (ओरजिनल) विस्तृत विवरणलाई मात्र मान्यता दिनुपर्नेछ ।

(२२) कार्यालयमा दर्ता हुन आउने सबै सवारीहरू दर्ता गर्ने कार्य सम्पन्न भएपछि सम्बन्धित फाँटवाला कर्मचारीले सो दर्ताको फाइल स्रेस्ता जिम्मेवारीका साथ खोजिएको बेला भेटिने गरी सुरक्षित साथ राख्न लागाउनु पर्नेछ। सो नगरी निजको लापरवाही वा हेलचेक्र्याइँबाट फाइल हराएमा वा नभेटिएमा निज फाँटवाला कर्मचारीलाई निजामती सेवा ऐन, नियमावली तथा अन्य प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

(२३) सार्वजनिक सवारी साधन दर्ता गर्दाको अवस्थामा उक्त सवारी साधनको आयु उत्पादन वर्षको मितिले बीस बर्ष मात्र हुनेछ। बीस बर्षको गणना उत्पादन मितिबाट गरिनेछ। सवारीको उत्पादन बर्ष निर्धारण गर्दा देहाय बमोजिम गर्नु पर्नेछ।

(क) उत्पादन वर्ष र शुरुदर्ता मिति पनि खुलेका सवारी साधनको हकमा उत्पादन वर्षको बीस वर्ष पुग्ने सालको डिसेम्बर महिना वा शुरु दर्ता मिति जुन अघि हुन्छ त्यसैलाई आधार मानि बीस वर्ष पुगे नपुगेको गणना गर्ने,

(ख) उत्पादन वर्ष नखुलेको तर शुरु दर्ता मिति मात्र खुलेका सवारीका हकमा शुरु दर्ता मितिले गणना गरी बीस वर्ष पुगे नपुगेको एकिन गर्ने,

(ग) शुरु दर्ता भई नसकेका भन्सार कार्यालय र राजस्व अनुसन्धान विभाग जस्ता निकायले लिलाम गरेका सवारी हकमा उत्पादन वर्षले बीस वर्ष पुग्ने सालको डिसेम्बर महिनाका आधारमा बीस वर्ष पुगे नपुगेको एकिन गर्ने ।

(२४) देहाय बमोजिमको सवारीलाई ऐनको दफा १२ बमोजिम पर्यटक सवारीको रुपमा दर्ता गरिनेछः-

(क) प्रचलित कानून बमोजिम पर्यटक व्यवसाय गर्न पाउने अनुमतिपत्र प्राप्त पर्यटन व्यवसायीको नाममा दर्ता भएको,

(ख) कुनै वित्तीय संस्थाद्वारा प्रदान गरिएको ऋणबाट खरिद भएको सवारी सम्बन्धित वित्तीय संस्थाको नाममा दर्ता भएको भए तापनि त्यस्तो सवारी प्रचलित कानून बमोजिम पर्यटन व्यावसाय गर्न पाउने अनुमतिपत्र प्राप्त पर्यटन व्यवसायीले पर्यटन व्यवसायको लागि प्रयोग गरेको भए,

(ग) पर्यटक सवारीले अन्य सार्वजनिक सवारी सरह यात्री तथा मालसामान ओसारपसार गर्न पाउने छैन।

(घ) पर्यटक सवारी दर्ता गर्दा पन्ध्र वर्ष भन्दा पुराना सवारी साधन पर्यटक सवारीको रुपमा दर्ता गरिने छैन।

(२५) कुटनीतिक नियोगका नाममा सवारी साधन दर्ता गर्नु परेमा परराष्ट्र मन्त्रालयको सिफारिसमा मात्र गर्नु पर्नेछ।कुटनैतिक नियोग, परियोजना र अन्य निकाय (सरकारी तथा गैरसरकारी संघ, संस्था) ले शुरु उत्पादन मितिले पन्ध्र वर्ष नाघेका पुराना सवारी साधनको स्त्र्याप गरी रजिष्ट्रेशन रद्द गर्न चाहेमा सम्बन्धित मन्त्रालयको सिफारिश सहित आयात गर्दाको प्रज्ञापन पत्र र ड्युटी एग्जेम्सनको पत्र सहित सम्बन्धित यातायात व्यवस्था कार्यालयमा सिफारिस गर्ने र सम्बन्धित यातायात कार्यालयले राजस्वहरू छुटको लागि आर्थिक मामिला मन्त्रालयमा कागजात सहित पठाउने र उक्त सवारी साधन आर्थिक मामिला मन्त्रालयको स्वीकृतिमा नियमानुसार स्त्र्याप गर्ने।

(२६) नेपालमा बडी बनाउने गरी सवारीको च्यासिस मात्र आयात गरी दर्ता गर्दा उक्त सवारीको च्यासिसको सत्य

(ओरिजिनल) लम्बाइ र बडीको अधिकतम लम्बाइ समेत राख्नुपर्नेछ। उक्त अधिकतम लम्बाइ भन्दा बढी हुने गरी पछि सेफ्टीपाता राखी बडी थप गर्न पाईने छैन। नेपालमा बडी बनाई सार्वजनिक सवारीहरू तथा अन्य सवारीहरू दर्ता गर्दा भ्याट बिल अनिवार्य रुपमा पेस गर्नुपर्नेछ।

(२७) सवारीको च्यासीस आयात गरी दर्ता भएको सवारीको बडी बनाउँदा मन्त्रालयबाट स्वीकृत गराई गराउनु पर्नेछ।

(२८) सवारी साधनहरू पत्रु गर्दा असुल गर्नुपर्ने कर, शुल्क र जरिवाना लिनुपर्ने भए असुल गरी पत्रु गर्नुपर्नेछ।

(२९) विना इजाजत इन्जिन नम्बर वा चेसिस नम्बर दुबैमा वा कुनै एकमा रिपन्च/रफपन्च गरेको कैफियत देखिएमा सो सवारी साधन दर्ता नामसारी नगरी पत्रु गर्नुपर्नेछ।

(३०) शुरु दर्ता फाईल खडा गरी फाइलका विवरणहरू कम्प्युटर प्रविष्टि गर्नुपर्नेछ। सवारी धनीले चाहेमा फायलको प्रतिलिपि दिन सकिनेछ। यसरी कम्प्युटर प्रविष्ट गरीसके पछि विद्युतीय माध्यमबाट सेवा दिन सकिनेछ।

(३१) ट्र्याक्टर तथा ट्रली र सो मा भार बहन गर्न सक्ने क्षमतालाई जोडी चार टनभन्दा बढी वजन भएमा निजीमा दर्ता गरिने छैन।

(३२) यात्रुवाहक सवारी साधनको क्षमता चालक सहितको कुल सिट संख्या सवारी दर्ता प्रमाणपत्रमा उल्लेख गर्नुपर्नेछ।

(४) उपनियम (३) बमोजिम दरखास्त पर्न आएमा कार्यालयले त्यस्तो दरखास्तको सम्बन्धमा आवश्यक जाँचबुझ गरी ऐन तथा यस नियमावलीमा उल्लिखित अन्य व्यवस्थाहरूको अधीनमा रही कार्यालयमा राखिएको अनुसूची–२

बमोजिमको सवारी दर्ता किताबमा सवारी दर्ता गरी दरखास्तवालालाई दर्ताको प्रमाणपत्र दिनुपर्नेछ।

(५) उपनियम (४) बमोजिम दर्ता भएको सवारीको धनीलाई कार्यालयले अनुसूची–३ मा उल्लेख भए बमोजिम अक्षर र अङ्क सहितको नम्बर प्लेट संकेत दिनेछ । सवारी धनीले यस्तो नम्बर प्लेट, संकेत सम्बन्धित सवारीमा प्रष्ट रूपमा देख्न सकिने गरी राख्नु पर्नेछ।

(६) उपनियम (५) बमोजिमको नम्बर प्लेट इम्बोस्ड गरिएको हुनु पर्नेछ।

**स्पष्टीकरणः** यस उपनियमको प्रयोजनको लागि 'इम्बोस्ड' भन्नाले 'धातुको प्लेटमा विद्युतीय तथा यान्त्रिक माध्यमद्वारा अक्षर र अङ्क उठ्ने गरी लेखिने काम सम्झनु पर्छ।

(७) सवारी साधनमा उपनियम (६) बमोजिम इम्बोस्ड गरिएको नम्बर प्लेट जडान गर्दा लाग्ने दस्तुर प्रचलित आर्थिक ऐनमा उल्लेख भए बमोजिम हुनेछ।

(८) उपनियम (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि नम्बर प्लेट इम्बोस्ड गर्ने सम्बन्धमा आवश्यक पूर्वाधारको व्यवस्था नहुञ्जेलसम्मका लागि प्रदेश सरकारले तोके बमोजिमको नम्बर प्लेट संकेत प्रदान गरिनेछ।

१०. **सवारीको हेरफेर दर्ताः** (१) उत्पादन वर्षको पन्ध्र वर्ष पुरा नभएका, लिलामबाट नआएका सवारीको हकमा हेरफेर गर्न सवारी धनीले निवेदन दिएपछि उक्त सवारीको विस्तृत रुपमा प्राविधिक परीक्षण गरी सो सवारीलाई माग बमोजिम हेरफेर गर्न सकिने/नसकिने हाल परिणत गरिने किसिमबाट सो सवारी सञ्चालन गर्न योग्य हुने/नहुने तथा आवश्यक कागजपत्र समेत जाँचबुझ गरी प्रविधिकको राय सिफारिस अनिवार्यरुपमा लिई सोको आधारमा हेरफेर गर्न आवश्यक दस्तुर लिई अनुमति प्रदान गर्नुपर्नेछ। यसरी स्वीकृति दिइएको विवरण अभिलेख तथा सवारी दर्ता प्रमाणपत्रमा उल्लेख गरी अख्तियारी प्राप्त कर्मचारीबाट प्रमाणित गराउनु पर्नेछ।

तर बीस वर्ष पूरा भई लिलामबाट आएका सार्वजनिक सवारीको हेरफेर दर्ता तथा नामसारी नगरी लगत कट्टा गर्नुपर्नेछ। यसरी लिलामबाट आएका निजी सवारीको हकमा पच्चीस वर्षसम्म, विद्युतीय सवारीको हकमा तीस वर्षसम्म नामसारी गर्न सकिनेछ।

(२) सवारीमा हेरफेर वा संशोधन सम्बन्धी कारवाही सवारी दर्ता रहेको कार्यालयबाट मात्र गर्नुपर्नेछ।

(३) सवारी इन्जिन, च्यासिस तथा अन्य मुख्य पार्टपूर्जा काम नलाग्ने भई अर्को जडान गर्नुपरेमा सोको कारण सहितको निवेदन परेपछि कारण मनासिव लागेमा ऐनको दफा ४३ भित्रको परिधिभित्र रही हेरफेर गर्न स्वीकृति दिनु पर्नेछ। यसरी फेरिने इन्जिन, च्यासिस तथा अन्य पार्टपूर्जा सम्बन्धित सवारी साधनको आयातकर्ता कम्पनी मार्फत भन्सार आयात गर्न स्वीकृति दिने र सोको भन्सार प्रज्ञापन पत्र र महसुल बुझाएको रसिद तथा सवारी समेत चेकजाँच गरी ऐनको दफा २८ बमोजिम तोकिएको मापदण्डको अधिनमा रही सवारीमा त्यस्तो सामान हेरफेर गर्दा उक्त सवारी सञ्चालन प्रक्रियामा कुनै प्राविधिक कठिनाइ नपर्ने देखिएमा कानून बमोजिम लाग्ने दस्तुर लिई हेरफेर कायम गरिदिनुपर्नेछ तर सवारी निर्माता कम्पनीले तोकिदिएको विस्तृत विवरण (स्पेसिफिकेशन) विपरीत हुने गरी हेरफेर गर्न स्वीकृति दिइने छैन।

(४) हेरफेर गर्न स्वीकृति दिई हेरफेर गरिसकेपछि उक्त सवारीको साबिक इन्जिन/च्यासिस काम नलाग्ने गरी प्राविधिकको रोहवरमा नष्ट गर्न लगाई त्यसको विवरण जनाउनु पर्नेछ।

(५) कुनै सवारी प्राविधिक जाँचको सिलसिलामा आउँदा कुनै विवरण फरक पर्न गएको भेटिएमा के-कति कारणबाट फरक पर्न गएको हो बुझी एकिन गर्नुपर्नेछ। विवरणमा फरक परेकामा स्वीकृति लिई भन्सार प्रज्ञापनपत्र, सवारी दर्ता किताब (ढड्डा) र फाइलमा जनाई प्रमाणित गर्नुपर्नेछ। स्वीकृति नलिई हेरफेर गरेको भेटिएमा ऐन बमोजिम जरिवाना गरी कायम गर्न मिल्ने जतिको हकमा सोही बमोजिम कायम गरी नमिल्ने भएमा सवारी दर्ता बदर गर्नुपर्नेछ।

(६) कुनै सवारीको दुर्घटना वा अन्य कारणबाट इन्जिन वा च्यासिसमा भएको प्लेट हराएमा नासिएमा वा त्यसमा उल्लिखित नम्बर माटो वा खियाले खाई वा अन्य कुनै प्राकृतिक कारणबाट नबुझिने भएमा उक्त सवारी चेकजाँच गरी त्यस सवारीमा उक्त इन्जिन वा च्यासिस साबिक देखि नै रहे/नरहेको, हाल कुनै किसिमले फेरबदल भए/नभएको भन्ने सम्बन्धमा आवश्यक जाँचबुझ र प्रविधिक परीक्षण गरी साबिक देखिकै यथास्थितिमा रहेको हो भन्ने लागेमा सोको फोटो खिची मन्त्रालयबाट उपलब्ध भएको नमुना अनुसारको दुई बटा प्लेट (इस्यु नम्बर प्लेट) बनाउन लगाई सो प्लेट सवारीमा राखी सोको फोटो खिच्ने

र उक्त फोटो तथा अर्को प्लेट सवारी दर्ता सम्बन्धी फाइल तथा अभिलेखमा राखी सवारी दर्ता प्रमाणपत्रमा समेत सोको कैफियत जनाई प्रमाणित गरिदिनु पर्नेछ।

(७) उपनियम (३) बमोजिम कुनै सवारीको इन्जिन, च्यासिस, रङ्ग, सिट बडी निर्माण वा अन्य विवरण हेरफेर गर्न मन्त्रालयबाट स्वीकृति प्राप्त वर्कसपबाट मात्र गर्ने गरी स्वीकृति दिनुपर्नेछ। यसरी स्वीकृति दिइको वर्कसपको दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र आदि अद्यावधिक र नवीकरण भएको हुनु पर्नेछ। उक्त कार्य गर्न स्वीकृति दिँदा सो व्यहोरा सवारी धनीलाई कार्यालयले जानकारी गराउनु पर्नेछ।

(८) सवारीको किसिम, इन्जिन, च्यासिसमा हेरफेर गर्दा वा कुनै प्रकारको संशोधन गर्नुपर्दा सवारीधनी आफैं उपस्थित भई रीतपूर्वकको निवेदन दिनुपर्नेछ। सवारीधनी आफैं उपस्थित हुन नसकेमा रीतपूर्वकको मन्जुरीनामा प्राप्त व्यक्तिको परिचयपत्र वा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्न लगाउनु पर्नेछ। साथै यस्तो फेरबदल वा संशोधन गर्न स्वीकृति दिँदा सवारीका अन्य कागजपत्र सवारी दर्ता प्रमाणपत्र, बाटो इजाजतपत्र, जाँचपास, कर तिरेको प्रमाणपत्र, भन्सार प्रज्ञापनपत्र (रिफ्रेन्स नम्बर समेत उल्लेख भएको), भ्याट बिल आदि नियमित भए/नभएको हेरी नियमित गर्न लगाएर मात्र स्वीकृति दिनु पर्नेछ।

(९) सवारीमा हेरफेर वा संशोधन गर्दा तोकिए बमोजिम हेरफेर दस्तुर तिरेको नगदी रसिद पेस हुनुपर्नेछ।

(१०) सवारीको नम्बर प्लेटमा परिवर्तन गर्न हेरफेर दर्ता गर्दा वा सवारीको मुख्य पार्टपूर्जा परिवर्तन गर्नुपरेमा उक्त सवारीले बुझाउनु पर्ने सवारी साधन कर, सवारी दर्ता प्रमाणपत्र नवीकरण दस्तुर, आयकर, बाटो इजाजत, सवारीमा संङ्गित प्रयोग गरेको भए संङ्गित सम्बन्धी रोयल्टीको चुक्ता प्रमाणपत्र, जाँचपास नियमित रुपमा लिए/नलिएको तथा नवीकरण गराए/नगराएको समेत हेरी सो अनुरुप नभएको भए सो गराएर मात्र हेरफेर गर्न स्वीकृत दिनुपर्नेछ।

(११) सरकारी सवारी साधनमा सरकारी नम्बर प्लेट मात्र राख्नुपर्नेछ। सरकारी सवारी साधनमा निजी नम्बर प्लेट राखी प्रयोग गर्ने पाइने छैन।

(१२) कुटनीतिक नम्बर प्लेटबाट भन्सार सुविधा प्राप्त नहुने व्यक्ति वा संस्थाको नाममा हेरफेर दर्ता गर्दा भन्सार महसुल बुझाएको निस्सा र

सम्बन्धित नियोग तथा परराष्ट्र मन्त्रालयको सिफारिसको आधारमा मात्र गर्नु पर्नेछ।

(१३) निजीमा दर्ता भएका ट्रयाक्टर तथा ट्रलीहरुले अधिकतम् कुल भारवहन क्षमता चार टन भन्दा कम हुने गरी ट्रली बनाई जडान गर्न सक्छ भने सोही अनुसारको ट्रली जडान गर्न स्वीकृति दिनु पर्नेछ ।

११. **लिलाम दर्ताः** (१) लिलामका लागि दर्ता हुन आएका सवारी साधनहरु उत्पादन मितिले सार्वजनिक सवारी बीस वर्ष, निजी सवारी पच्चीस वर्ष र विद्युतिय सवारी तीस वर्ष पुरा नभएमा दर्ताका लागि कारवाही अगाडि बढाउनु पर्दछ।

(२) लिलामको सूचना निकाल्दा नै सम्बन्धित निकायले लिलाम गरिने सवारी साधन दर्ता वा स्क्रयाप के प्रयोजनका लागि लिलाम गरिने हो सोको स्पष्ट व्यहोरा सूचनामा नै उल्लेख गर्नुपर्नेछ।लिलामीको सुरु प्रक्रिया देखि नै सम्भव भएसम्म सम्बन्धित यातायात व्यवस्था कार्यालयको प्राविधिक प्रतिनिधिको उपस्थिति हुनुपर्नेछ। जुन कार्यालयमा दर्ता भएको सवारी साधन हो सोही क्षेत्रको यातायात व्यवस्था कार्यालयमा मात्र लिलामी दर्ताको कार्य गर्नु पर्नेछ ।

(३) लिलामीबाट एक पटक दर्ता भएको सवारी साधनको पुनः लिलामी दर्ता हुन आएमा त्यस्ता सवारी साधनहरु सार्वजनिक सवारी भए बीस वर्ष, निजि सवारी भए पच्चीस वर्ष र विद्युतिय सवारी भए तीस वर्ष भित्रसम्म पुनः लिलामी दर्ता गर्न सकिनेछ।

(४) लिलाम गरिएको सवारी दर्ता गर्दा ऐनको दफा १७ बमोजिम जुन प्रयोजनका लागि आयात भएको हो सोही प्रयोजन अनुसार प्रयोग गर्ने गरी दर्ता गर्नु पर्नेछ।

(५) लिलामका सवारी दर्ता गर्न आउँदा कार्यालयमा देहाय बमोजिमका कागजात संलग्न राखी निवेदन दिनु पर्दछः

(क) सवारी लिलाम गर्ने निकायले न्यूनतम मूल्य निर्धारण गरी लिलामका लागि प्रकाशन गरेको सक्कलै सूचना ,

(ख) लिलाम गर्ने संस्थाले सम्बन्धित कार्यालयलाई सवारी दर्ता गरिदिन भनी लेखेको पत्र,

(ग) सम्बन्धित व्यक्तिले लिलाम सकार गरेको रकम खुलेको पत्र वा कागजात र लिलाम सम्बन्धी निर्णयको प्रतिलिपि,

(घ) लिलाम गर्ने निकायले लिलाम गरेको सवारीको च्यासिस नम्बर, इन्जिन नम्बर, मोडेल, सिट, रङ्ग, कम्पनी अन्य आवश्यक कुराहरू खुलाई दिएको पत्र,

(ङ) लिलाम गर्ने निकायले प्रमाणित गरेको लिलाम गरेको सवारीको च्यासिस नम्बर, इन्जिन नम्बर र बडि समेतको फोटो,

(च) लिलाम सकार गर्ने व्यक्तिले आफूले सकार गरेको रकम बुझाएको रसिद वा भौचरको प्रतिलिपि,

(छ) माथि उल्लेखित भएका सबै कागजात संलग्न गरी निवेदन प्राप्त भए पश्चात् पुनः सवारी लिलाम गर्ने कार्यालयबाट एकिन माग गरे पश्चात् सम्बन्धित कार्यालयबाट एकिन गरी पठाएको पत्र राख्ने।

(६) माथि उल्लेख भएका सबै कागजात संलग्न गरी निवेदन प्राप्त भए पश्चात् सवारी दर्ता कै प्रक्रिया अपनाई सवारी परीक्षण गर्दा ठिक, दुरुस्त सञ्चालन योग्य देखिएमा उक्त सवारी दर्ता गर्नुपर्नेछ। यसरी दर्ता गर्दा लाग्ने कर, सडक सुधार दस्तुर लगायतका लाग्ने दस्तुर दाखिला गर्न लगाई दर्ता गर्नुपर्नेछ । लिलामी हुने सवारी पूर्व अवस्थामा नियमानुसार दर्ता भएको र सडक संम्भार दस्तुर तिरी सकेको भए पुनः सो दस्तुर तिर्नुपर्ने छैन।

**स्पष्टीकरणः** यस नियमको प्रयोजनका लागि "लिलामका सवारी" भन्नाले लिलाममा बिक्री भएको भनी उल्लेख भएका, भन्सार प्रज्ञापनपत्रमा लिलाम भनी उल्लेख भएका वा कुनै सरकारी निकाय वा सङ्गठित संस्थाबाट बढाबढका प्रक्रियाबाट व्यक्तिको नाममा आएका सवारी साधनलाई सम्झनु पर्छ।

१२. **सवारीको अस्थायी दर्ताः**(१) ऐनको दफा २४ मा उल्लिखित अवस्था परी कुनै सवारीको अस्थायी दर्ता गर्नु परेमा सम्बन्धित सवारी धनीले प्रचलित आर्थिक ऐनमा तोकिएको दस्तुर सहित सवारी दर्ता गराउन चाहेको कार्यालयमा अनुसूची-४ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ।

(२) कुनै पनि सवारी साधन कुनै निश्चित समय तथा प्रयोजनका लागि अस्थायी दर्ता गर्नु पर्ने भएमा निम्न लिखित प्रक्रिया अवलम्बन गर्नुपर्नेछः-

(क) कुनै सवारी साधन कुनै परियोजनामा निश्चित अवधिका लागि सञ्चालन हुने र अवधि समाप्त भएपछि सो सवारी साधन

सम्बन्धित मुलुक मै फिर्ता लग्ने विषय उल्लेख गरी परियोजना प्रमुख स्वयंले सम्बन्धित कार्यालयमा अनुरोध गरेमा अस्थायी दर्ता सम्बन्धी प्रक्रिया बढाइनेछ।

(ख) आयोजनामा कार्यरत कम्पनीका लागि रातो पृष्ठभुमिमा सेतो अक्षर लेखिएको निजी नम्बर प्लेट प्रदान गर्नुपर्नेछ।

(ग) उक्त नम्बर प्लेटमा सर्वप्रथम प्रदेशको सङ्केत राख्ने, त्यसपछि लट नम्बर राख्ने अनि अस्थायी दर्ता बुझाउन "अ" अक्षर राख्ने र त्यसपछि योजना जनाउने "यो" राख्ने अनि मात्र सवारी दर्ता सङ्ख्या क्रमशः राख्दै जाने चार अङ्कसम्म क्रमश राख्दै जाने, जस्तैः पहिलो लाईनमा ग.प्र.०१ लेखि दोस्रो लाईनमा ००१ अ.यो. लेख्ने।

(घ) यस्ता सवारीको दर्ताको छुट्टै रेकर्ड राख्नुपर्नेछ।

(ङ) अस्थायी दर्ता भएका सवारी साधन आयोजना समाप्त भएपछि अनिवार्य रूपमा फिर्ता लैजानु पर्ने र सो विषय सवारी दर्ता किताबमा नै स्पष्ट उल्लेख गर्नु पर्नेछ। फिर्ता नलगेमा अवधि पुगे पश्चात नवीकरण नगरी सम्बन्धित आयोजना/परियोजनालाई जानकारी गराउनुपर्नेछ।

(च) अस्थायी दर्ता हुने सवारी साधनमा अस्थायी दर्ता भएको वर्षको सडक सम्भार दस्तुरका अतिरिक्त सवारी कर समेत लाग्नेछ।

(छ) त्यस्तो सवारीको अवधि सहितको तेस्रो पक्ष बीमा अनिवार्य रुपमा भएको हुनुपर्नेछ।

(ज) मन्त्रालयले अस्थाई दर्ता गर्न मनासिव देखेमा सो को निर्णय र पत्र सम्बन्धित कार्यालयलाई अनुमति दिन सक्नेछ।

**१३.** <u>**सवारीको सरुवा दर्ताः**</u> (१) अन्य प्रदेशमा दर्ता भएका सवारी साधन यस प्रदेशमा चलाउनु परेमा सवारी धनीले साविकमा दर्ता भइरहेको कार्यालयबाट सरुवा दर्ताको सहमतिपत्र प्राप्त गरी त्यस्तो सहमति प्राप्त गरेको मितिले पैंतीस दिनभित्र हाल दर्ता गराउन चाहेको कार्यालयमा ऐनको दफा ३१ बमोजिम प्रचलित आर्थिक ऐनमा उल्लेख भएको दस्तुर सहित अनुसूची-५ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा त्यस्तो निवेदनको सम्बन्धमा कार्यालयले ऐनको दफा २८ बमोजिम निर्धारित मापदण्डको अधीनमा रही आवश्यक जाँचबुझ गरी निवेदकको निवेदन माग बमोजिम सवारीको सरुवा दर्ता गर्न उपयुक्त देखेमा ऐन तथा यस नियमावलीमा उल्लिखित तथा अन्य व्यवस्थाहरूको अधीनमा रही सरुवा दर्ता गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम सवारीको सरुवा दर्ता गरेकोमा कार्यालयले त्यसको जानकारी साविकमा सवारी दर्ता भइरहेको कार्यालयलाई दिनुपर्नेछ र त्यस्तो जानकारी प्राप्त हुन आएमा सम्बन्धित कार्यालयले पनि साविक दर्ताको लगत कट्टा गर्नुपर्नेछ।

(४) सवारी सरुवा दर्ता गर्दा निवेदन साथ देहायका कागजात संलग्न गर्नुपर्नेछः-

(क) सवारी दर्ता रहेको कार्यालयबाट सरुवा सहमति पठाइएको पत्रसाथ भन्सार प्रज्ञापनपत्र र रसिदको प्रमाणित प्रतिलिपि अनिवार्य संलग्न गरी पठाउनु पर्नेछ।

(ख) उत्पादन मितिले पन्ध्र वर्ष पुगेका जुनसुकै प्रकारका सवारी साधनहरू सरुवा दर्ता गरिने छैन।

(ग) शुरु दर्ता गर्ने वा यसअघि दर्ता भएको कार्यालयबाट दिइएको सक्कलै सहमतिपत्र व्यक्तिको हातमा नदिई सुरक्षाका लागि लाहाछाप लगाई सिल गरी हुलाक वा द्रुतसेवा वा कार्यालयको विद्युतिय सूचना प्रणाली मार्फत पठाउनुपर्ने र प्राप्त सहमति पत्रमा कुनै शङ्का लागेमा फोनबाट सम्बन्धित सही गर्ने अधिकृतसँग रुजु गरेर मात्र त्यस्ता सवारी दर्ता गर्ने/नगर्ने सम्बन्धमा विषय कुन पदाधिकारीसँग बुझेको हो सोको विवरण फोन नम्बर सहित फाइलमा उल्लेख गर्नुपर्नेछ।

(घ) सरुवा सहमति माग गर्ने सवारी धनी वा कम्पनीले पेस गरेको कागजातमा कुनै कैफियत देखिएमा सोको पूर्ण जिम्मेवारी प्रचलित कानून बमोजिम सो सवारी धनी वा कम्पनीले समेत लिनुपर्नेछ।

(ङ) सहमति दिने कार्यालयमा भएका सवारी दर्तासम्बन्धी सवारी दर्ता किताब (ढड्डा), सवारी दर्ता कार्ड, सुरु दर्ता निवेदन आदि सवारीसँग सम्बन्धित सबै कागजातको प्रमाणित प्रतिलिपि सरुवा सहमतिपत्र साथ संलग्न गरी पठाउनुपर्नेछ।

(च) चालु आर्थिक वर्षको सवारी साधन कर तिरेको प्रमाण (सार्वजनिक सवारी भए चालु आर्थिक वर्ष सम्मको आयकर समेत तिरेको प्रमाण) संलग्न हुनुपर्नेछ र भाडा सवारीको हकमा सवारी दर्ता किताव, जाँचपास, प्रमाणपत्र, बाटो इजाजतपत्र र प्रदुषण जाँच भई अद्यावधिक नवीकरण भएको हुनुपर्नेछ।

(छ) सवारी धनी व्यक्ति भए नागरिकताको प्रमाणपत्र र संघसंस्था, फर्म वा कम्पनी भए अद्यावधिक नवीकरण भएको दर्ता प्रमाणपत्र तथा आयकर दर्ता तथा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि तथा करचुक्ता प्रमाणपत्र समेत संलग्न गर्नुपर्नेछ।

(५) सरुवा दर्ताका लागि सम्बन्धित सवारी साधन कार्यालयमा अनिवार्यरुपमा ल्याउनु पर्नेछ। एक कार्यालयबाट जारी भएको प्राविधिक प्रतिवेदनका आधारमा अर्को कार्यालयमा सवारी दर्ता गर्नु हुँदैन।

(६) सरुवा सहमति प्राप्त भई सरुवा दर्ता गर्दा सोको रेकर्ड कार्यालयको दर्ता कितावमा प्रमाणित गरी राख्ने व्यवस्था गर्नु पर्नेछ।

(७) सवारी साधनको रेकर्ड बुझ्नका लागि सुरुमा जसका नामबाट सवारी दर्ता भएको हो उसैका नाममा देखिने गरी दर्ता नम्बर कायमै राख्नुपर्ने हुँदा एकपटक दिइएको दर्ता नम्बरलाई परिवर्तन गर्नु हुँदैन। सरुवा सहमति लिई गएको सवारीको दर्ता नम्बर अन्य कसैलाई नदिई कैफियत जनाई खाली नै राख्ने र अन्य कार्यालयमा दर्ता भएको जानकारी प्राप्त भएपछि लगतकट्टा गरी जनाउनुपर्नेछ। अन्य कार्यालयबाट सहमति लिई सरुवा दर्ता हुन आउने सवारीलाई समेत नयाँ सरह प्राप्त हुने नम्बर नै प्रदान गर्नुपर्नेछ।

(८) सरुवा दिई पठाएको सवारीको अभिलेख कार्यालयमा खडा गरी प्रमाणित गराई राख्ने तथा सवारीको ढड्डा फाइलमा रहेको दर्ता कार्डमा सबैले बुझ्न र देख्न सक्ने गरी सहमति गएको कार्यालय र मिति समेतको व्यहोरा अनिवार्य रुपमा जनाई अधिकृतबाट प्रमाणित गराई राख्नुपर्नेछ।

(९) सरुवा सहमति लिई गएको सवारीको नम्बर उक्त सवारी सम्बन्धित कार्यालयमा दर्ता भएको जानकारी प्राप्त भएपछि लगतकट्टा जनाई राख्नुपर्नेछ। यसरी लगत कट्टा जनाइएको नम्बर अन्य कसैलाई नदिई खाली नम्बर नै कायम राखुपर्नेछ।

(१०) सरुवा सहमति लिई गएको पैतीस दिनभित्र सम्बन्धित कार्यालयमा दर्ता नगरेमा वा सम्बन्धित कार्यालयबाट सरुवा सहमति फिर्ता ल्याई सहमति रद्द गराउन चाहेमा ऐनको दफा १९४ (३) बमोजिम जरिवाना गरेर मात्र आवश्यक कारवाही गर्नुपर्नेछ। सरुवा सहमति भई गएका सवारी साधनहरू सम्बन्धित कार्यालयमा दर्ता हुन नसकी सहमति फिर्ता भई आएमा साबिकको नम्बरमा पुनः दर्ता गर्नुपरेमा प्राविधिक चेकजाँच समेतका आधारमा सहमति रद्दगरी पुनः दर्ता कायम गर्नुपर्नेछ।

(११) सरुवा सहमति लिई गइसकेका सवारीको सम्बन्धित कार्यालयमा दर्ता गरी नयाँ दर्ता प्रमाणपत्र नलिएको अवस्थामा पुरानै सवारी दर्ता प्रमाणपत्र नवीकरण गरिदिनु हुँदैन। सरुवा सहमति पठाउना साथ सोको विवरण ढड्डामा तथा कम्प्युटरमा जनाउने कर्तव्य सरुवा सहमति पठाउने कार्यालयको रहनेछ।

(१२) सरुवा दर्ता हुन आउने सवारीको निवेदन पेस हुन आएमा कार्यालय प्रमुख वा निजले तोकेको अधिकृतबाट तोक आदेश भएपछि प्रविधिक शाखामा गई सवारीको प्राविधिक परीक्षण गराउनुपर्नेछ। प्राविधिक शाखाबाट सवारीको प्रविधिक परीक्षण गरी ठिक देखिएमा प्रचलित कानून बमोजिम लाग्ने सवारी साधन कर तथा दस्तुरहरू दाखिला गर्न पठाउनु पर्नेछ। सबै राजश्व दाखिला र प्राविधिक प्रतिवेदन प्राप्त भएपछि सो सम्बन्धी अन्य कारवाही अगाडि बढाउनुपर्नेछ। सम्बन्धित फाँटले यसरी दर्ता हुन आउने सवारीहरूलाई क्रमबद्ध रुपमा पहिलो आउनेलाई पहिलो सेवा प्रवाहको आधारमा कार्यालयमा राख्नुपर्ने रेकर्ड खडा गरी दर्ता प्रमाणित गर्नका लागि सिफारिस सहित सम्बन्धित अधिकृत समक्ष पेश गर्नुपर्नेछ।

(१३) सरुवा दर्ता हुन आउने सवारीका सम्बन्धमा सहमति दिई पठाउने कार्यालयमा सहमति पत्रमा दस्तखत गर्ने सम्बन्धित कर्मचारीसँग फोन, फ्याक्स तथा इमेल मार्फत सम्पर्क गरी बुझ्ने र सम्बन्धित कार्यालयबाट एकिन पत्र प्राप्त भएपछि मात्र सहमति दर्ता गर्नुपर्नेछ।

(१४) सरुवा सहमतिपत्र पठाउँदा सक्कल सहमतिपत्रमा सम्बन्धित अधिकृतको नाम, पद, फोन नम्बर र मिति उल्लेख गरी अनिवार्य रुपमा पूरा दस्तखत भएको हुनुपर्नेछ र सहमति पत्र पठाउने कार्यालयबाट इमेलमा समेत सहमति प्राप्त भए पश्चात् मात्र दर्ता गर्नु पर्नेछ।

१४. **विदेशमा दर्ता भएको सवारी चलाउने अनुमतिपत्र सम्बन्धमाः** (१) विदेशमा दर्ता भएको सवारी ऐनको दफा ३४ बमोजिम यस प्रदेशमा चलाउने अनुमतिपत्र लिन चाहने व्यक्तिले भन्सार प्रज्ञापन पत्र र रसिद संलग्न गरी प्रचलित आर्थिक ऐनमा उल्लेखित दस्तुर सहित कार्यालयमा अनुसूची-६ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम पर्न आएको निवेदनको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी निवेदकको निवेदन माग बमोजिम अनुमतिपत्र दिन उपयुक्त देखेमा ऐन तथा यस नियमावलीमा उल्लिखित तथा अन्य व्यवस्थाहरूको अधिनमा रही अनुसूची-७ बमोजिमको ढाँचामा अनुमतिपत्र दिन सक्नेछ।

१५. **विदेशी नागरिकले नेपालमा सवारी चलाउन चाहेमा दर्ता गर्नुपर्नेः** (१) कुनैपनि विदेशी नागरिक नेपालमा प्रचलित कानून बमोजिम बसोबास गरेको छ भने निजले नेपालभित्र बस्दा कुनै सवारी प्रयोग गर्न चाहेमा उक्त विदेशी नागरिकले यातायात कार्यालयमा तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) नियम (१) बमोजिम निवेदन प्राप्त भए पश्चात सम्बन्धित कार्यालयले उक्त सवारी दर्ता गरि दिनु पर्नेछ।

(३) विदेशी नागरिकले सवारी दर्ता गर्दा निवेदन साथ देहायको विवरण संलग्न राख्नु पर्नेछ।

(क) निजको म्याद बहाल रहेको भिसा (भारतीय नागरिकबाहेक),

(ख) सम्बन्धित दूतावासको नो अब्जेक्सन पत्र,

(ग) नेपालमा कुनै पेशा व्यवसाय गरेको भए सोको प्रमाण,

(घ) बसोवास गरेको स्थानीय तहको सिफारिस,

(ङ) भारतीय नागरिको हकमा दूतावासले दिएको रजिष्ट्रेसन पत्र।

१६. **दर्ताको प्रमाणपत्र नवीकरणः** (१) ऐनको दफा ३५ बमोजिम दर्ताको प्रमाणपत्र नवीकरण गराउन चाहेमा प्रचलित आर्थिक ऐनमा उल्लेखित दस्तुर सहित यातायात व्यवस्था कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा त्यस्तो सवारीको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी निवेदकको निवेदन माग बमोजिम दर्ताको प्रमाणपत्र नवीकरण गर्न उपयुक्त देखेमा यस ऐन तथा नियमावलीमा उल्लिखित व्यवस्थाहरूको अधीनमा रही दर्ताको प्रमाणपत्र नवीकरण गर्न सक्नेछ। यसरी दर्ताको प्रमाणपत्र नवीकरण गर्दा सो आर्थिक वर्षको सवारी साधनको कर सँगसगै बुझाउनु पर्नेछ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिमका सवारीको दर्ता प्रमाणपत्रको नवीकरण शुरु दर्ता गर्ने कार्यालयले मात्र नवीकरण गर्नेछः–

(क) कुटनैतिक सवारीको रूपमा दर्ता भएका,

(ख) कुटनैतिक सुविधा प्राप्त व्यक्तिहरूको नाममा दर्ता भएका,

(ग) अस्थायी दर्ता भएका।

१७. **सवारीको पुनः दर्ता गर्दा अवलम्बन गर्नुपर्ने प्रक्रियाः** ऐनको दफा ३९ बमोजिम सवारीको पुनः दर्ता गर्नको लागि देहाय बमोजिम गर्नु पर्दछः-

(क) सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गराउने।

(ख) सम्बन्धित यातायात व्यवस्था कार्यालयमा आफ्नो सवारी परीक्षणका लागि ल्याउनुपर्ने व्यवस्था गर्ने।

(ग) पुनः दर्ता गर्दा ऐनको दफा ३९ बमोजिमको नवीकरण दस्तुर र प्रचलित कानून बमोजिम लाग्ने सवारी कर सहितका अन्य दस्तुरहरू लिनु पर्नेछ।

(घ) सवारी परीक्षण गर्दा उपयुक्त देखिएमा मात्र यस्ता सवारी पुनः दर्ता गरिनेछ ।

(ङ) सवारी साधनको बीमा गरिएको हुनुपर्नेछ।

१८. **<u>सवारीको नामसारीः</u>** (१) कुनै व्यक्तिको नाममा दर्ता भएको सवारी अन्य कुनै व्यक्तिको नाममा नामसारी गराउन चाहेमा सम्बन्धित सवारी धनीले त्यस्तो सवारी दर्ता भएको कार्यालयमा ऐनको दफा ४१ को उपदफा (१) मा उल्लेख भए बमोजिमका कागजात तथा प्रचलित आर्थिक ऐनमा उल्लेखित दस्तुर सहित अनुसूची-८ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा त्यस्तो निवेदको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी निवेदकको निवेदन माग बमोजिम सवारीको नामसारी गर्न उपयुक्त देखेमा ऐन तथा यस नियमावलीमा उल्लिखित व्यवस्थाहरूको अधीनमा रही सवारीको नामसारी गरी दिनेछ।

(३) ऐन बमोजिम दर्ता भएको सवारीको धनीले आफ्नो सवारी अरू कसैलाई दान बकस दिई वा बिक्री गरी वा अन्य कुनै किसिमले स्वामित्व हस्तान्तरण गर्न चाहेमा देहायको प्रक्रिया पुर्याउनु पर्नेछः-

(क) सम्बन्धित सवारी साधन कार्यालयमा अनिवार्यरुपले ल्याउनुपर्नेछ। साथै सवारी शुरू दर्ता हुँदाको फोटो प्रमाणित नगरिएकाको हकमा पहिलो पटक नामसारी गर्दा इन्जिन र च्यासिसको फोटो खिची सम्बन्धित फाइलमा अद्यावधिक गर्नुपर्नेछ।

(ख) सवारीको नामसारी गर्दा खरिदकर्ता तथा विक्री कर्ता दुबै कार्यालयमा उपस्थित हुनुपर्नेछ र सवारी खरिद विक्री गर्ने दुबैको नागरिकता वा पासपोर्ट वा राष्ट्रिय परिचयपत्र वा मतदाता परिचयपत्र मध्ये कुनै एकको सक्कलै ल्याउनु पर्नेछ । उल्लिखित कागजातहरु नागरिक एपमा भएको समेतलाई मान्यता दिईनेछ। एवं खरिद गर्नेको तीन प्रति हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ल्याउनुपर्नेछ।

(ग) सवारी बिक्री गर्ने सवारी धनीले नामसारीका बखत उपस्थित हुन नसक्ने भई सो नामसारी हुने मिति भन्दा अगाडि सवारी धनी कार्यालयमा उपस्थित भई सम्बन्धित स्रेस्ता तथा नामसारी फाराममा ल्याप्चे सही छापसहित सनाखत गर्न कार्यालयमा निवेदन दिएकोमा

सो निवेदन मनासिव लागि सम्बन्धित फाँटका अधिकृतले निजको सक्कल नागरिकता सहितको कागजात हेरी सो व्यहोरा प्रमाणिग गरिदिएको अवस्थामा सोही सनाखतको आधारमा सनाखतको मितिले पैंतीस दिनभित्र नामसारी गर्न सकिने व्यवस्था कार्यालयले गर्न सक्नेछ।

(घ) कुनै सवारी धनी बिरामी परी अस्पतालमा रहेको, अशक्त वा वृद्ध भई नामसारीका लागि सनाखत गर्न कार्यालयमा उपस्थित हुन नसक्ने अवस्था परी अशक्त व्यक्ति भएकै ठाउँमा गई सनाखत गरिदिन सम्बन्धित सवारी धनीको हकवाला वा खरिदकर्ताले तोकिएको दस्तुर सहित अनुरोध गरेमा कार्यालय प्रमुखले कार्यालयको कार्यबोझ हेरी एकजना अधिकृत कर्मचारीलाई सम्बन्धित ठाउँमा (आफ्नो कार्य क्षेत्रभित्र मात्र) डोरखटाई सनाखत गराउन सक्नेछ। यसरी सनाखतबाट गरिएको नामसारीमा लिनेदिने दुबै पक्षको मञ्जुरी छ पछि कुनै उजुरबाजुर गरिने छैन उजुरबाजुर भए यसै कागज बमोजिम बदर होस् भन्ने कागज गराएर मात्र नामसारी गरिदिनुपर्नेछ। यस्तो कागजातमा साविक सवारीधनीको नजिकको हकवालालाई साक्षीको रुपमा अनिवार्य राख्नुपर्नेछ।

(ङ) प्रचलित कानून बमोजिम सवारीधनी हिरासत वा कारागार चलान भएको अवस्थामा सम्बन्धित व्यक्तिको निवेदन माग बमोजिम हिरासतमा राख्ने निकाय वा कारागार प्रमुखबाट लिखित डोरका लागि अनुरोधपत्र पेस भएपछि कार्यालय प्रमुखले आफ्नो अधिकारक्षेत्र भित्र डोर खटाउन सक्नेछ।

(च) सार्वजनिक सवारी साधनका हकमा नामसारी गर्दा सङ्गीतसम्बन्धी रोयल्टी तिरेको चुक्ता प्रमाणपत्र पेस गर्नुपर्नेछ।

तर आफ्नो सार्वजनिक सवारीमा सङ्गीत नबजाउने भनी कार्यालयमा सही सनाखत गर्ने सवारी धनीको हकमा यो प्राबधान लागू हुने छैन।

(छ) भन्सार सुविधामा आयात भएका सवारीहरू नामसारी गर्नुपर्दा भन्सार तिरेको निस्सा अनिवार्य रुपमा लिनुपर्नेछ।

(ज) कुनै एक कुटनीतिक नियोगको नाममा दर्ता भएका सवारी साधन अन्य कुनै कुटनीतिक नियोगको नाममा दर्ता, नामसारी गर्नुपर्दा परराष्ट्र मन्त्रालयको सिफारिसपत्र लिनुपर्नेछ। कुटनीतिक नियोगको नामबाट विदेशी व्यक्तिका नाममा दर्ता, नामसारी गर्नुपर्दा परराष्ट्र मन्त्रलयको पत्र, सम्बन्धित व्यक्तिको पासपोर्ट, नेपालमा बस्न पाउने कम्तीमा छ महिना अवधि किटान भएको भिसासमेत संलग्न भएको हुनु पर्दछ।

(झ) कुटनीतिक नम्बर प्लेटबाट भन्सार सुविधा प्राप्त नहुने व्यक्ति, संस्थाका नाममा नामसारी गर्दा भन्सार बुझाएको निस्सा र परराष्ट्र मन्त्रालयको सिफारिसमा मात्र दर्ता, नामसारी गर्नुपर्नेछ।

(ञ) सवारीको नामसारी गर्दा जाँचपास प्रमाणपत्र, बाटो इजाजतपत्र, प्रदूषण परीक्षण प्रमाणपत्र, बीमा, चालु आर्थिक वर्ष सम्मको सवारी साधन कर, सवरी साधन आयकर दाखिला भएको हेरी सो अद्यावधिक भएमा मात्र नामसारी गर्नुपर्नेछ ।

(ट) सवारी जुन कार्यालयमा दर्ता रहेको छ सोही कार्यालयले मात्र नामसारी गर्नुपर्नेछ। एक कार्यालयमा दर्ता रहेको सवारी अन्य कार्यालयबाट नामसारी गर्नुहुँदैन।

(ठ) सवारी दर्ता भएको कार्यालयमा कुनै कारणले सवारी विक्री गर्ने व्यक्ति उपस्थित हुन नसकेमा सवारी सञ्चालनमा रहेको क्षेत्रको कार्यालयमा उपस्थित भई दर्ता नामसारी गर्ने अधिकारीको रोहबरमा विक्रिको

(नामसारी फाराम) कागजातमा विक्री गरेको सही सनाखत गरेको प्रमाणित गरी सवारी दर्ता भएको कार्यालयमा लेखी पठाएमा त्यसको आधारमा दर्ता भएको कार्यालयले अन्य कुराको हकमा नियमानुसार गरी पैंतीस  दिनभित्र नामसारी गरिदिन सक्नेछ।

(ड) कुनै सवारी साधन संघसंस्था, कम्पनी, कार्यालय वा निकायले खरिद वा विक्री गर्ने भएमा ती निकायको छापसहितको पत्र, प्रतिनिधि तोकिएको पत्र, प्रतिनिधि भएर आउने व्यक्तिको परिचयपत्र वा नागरिकताको सक्कल/नक्कल र उक्त संघसंस्था, कम्पनी, कार्यालय वा निकाय भए दर्ताको प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र पेस गर्नुपर्नेछ। यसरी पेस हुने कागजात अद्यावधिक नवीकरण भएको हुनुपर्नेछ। साथै उक्त सवारी कुनै विक्रेता वा अधिकृत एजेन्ट वा डिलरसँग किनेको भएमा विक्रेताले दिएको छापसहितको बिल भर्पाइ समेत पेस गर्नुपर्नेछ।

(ढ) कुनै विदेशी नागरिकका नाममा दर्ता कायम रहेको सवारी साधन सो व्यक्तिका नामबाट अन्य नेपाली नागरिकका नाममा नामसारी गर्नुपरेमा बिक्री गर्ने विदेशी नागरिकको पासपोर्ट वा परिचयपत्रको सक्कल/नक्कल, हालसालै खिचेको पासपोर्ट साइजको चार प्रति फोटो लिई नियमानुसार गरी नामसारी गरि दिनु पर्नेछ।

(ण) सवारी नामसारी गर्नका लागि कहींकतैबाट रोक्का हुनुहुँदैन। साथै कुनै प्रकारले स्वामित्व सम्बन्धी विवादमा परी आधिकारीक निकायबाट उजुरी प्राप्त भएको वा मुद्दाको कारवाही चलिरहेको सवारीको हकमा सोको अन्तिम टुङ्गो लागेपछि मात्र सवारी नामसारी गर्नुपर्नेछ।

(त) सवारीको नामसारी गर्नका लागि अनिवार्यरुपमा प्राविधिक परीक्षण गराई सो सवारी अभिलेख बमोजिम दुरुस्त भएमामात्र नामसारी गर्नुपर्नेछ। सवारी नामसारी गर्ने सिलसिलमा प्राविधिक परीक्षण गर्दा उक्त सवारीमा कुनै यान्त्रिक खराबी देखिई सञ्चालन योग्य नभएको पाइएमा सो सवारी मर्मत-सम्भार भई आएपछि नामसारी योग्य देखिएमा नामसारी गरिदिनु पर्नेछ।

(थ) सवारी नामसारी गर्दा सवारी दर्ता प्रमाणपत्र नवीकरण भए/नभएको, भाडाका सवारीले आयकर तिरेको/नतिरेको, जाँचपास प्रमाणपत्र भए/नभएको तथा सवारी साधन कर हालसम्मको तिरेको/नतिरेको हेरी ठीक भएमा सोको निस्सा समेत पेस गर्न लगाई मात्र नामसारी गर्नुपर्नेछ।

(द) कुनै सवारी नाबालकका नाममा नामसारी गर्दा वा निजको नामबाट अरुका नाममा नामसारी गर्नु परेमा ऐनमा व्यवस्था भए बमोजिम निजको संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, दुबै जनाको तिन प्रति पासपोर्ट साइजको फोटो, नाबालकको जन्म दर्ता प्रमाणपत्र, संरक्षकको प्रचलित कानून बमोजिम अदालतबाट प्रमाणित गरिएको प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न राखी त्यस्तो संरक्षकको रोहवरमा निजको सनाखत समेत गराई नामसारी गरिदिनुपर्नेछ।

(ध) ऐनमा व्यवस्था भए बमोजिम ट्र्याक्टर बाहेक अन्य ठूला तथा मझौला सवारी व्यक्तिको नाममा वा ऐन बमोजिम सङ्गठित संस्था नभएको वा कानून बमोजिम फर्म वा कम्पनीकारुपमा नियमानुसार दर्ता कायम नभएको संस्थाको नाममा निजी नम्बर प्लेटमा नामसारी गर्नुहुँदैन। दर्ता भएको सवारी साधनको आफ्नो फर्ममा उल्लेख भएको उद्देश्य विपरीत हुने गरी सवारी साधन सञ्चालन गर्न/गराउन पाइने छैन।

(न) सवारी नामसारी गर्ने अधिकारीले नामसारी गरिसकेपछि सोको विवरण सवारी दर्ता अभिलेख तथा सवारी दर्ता प्रमाणपत्रमा उल्लेख गरी त्यसमा व्यक्तिको भए व्यक्तिको तीस पुस्ते विवरण र फोटो समेत टाँस्ने र फर्म, कार्यालय वा संस्थाको नाममा भए सो संस्थाको ठेगाना सहितको सम्पूर्ण विवरण उल्लेख गरी सो संस्थाको आधिकारीक छाप लगाउन लगाई त्यसमा प्रमाणित गरी कार्यालको छाप समेत लगाई सवारी धनीलाई सवारी दर्ता प्रमाणपत्र दिनु पर्नेछ।

(प) प्रत्येक दिन कार्यालयबाट नामसारी गरिएका सवारीहरूको अभिलेख कार्यालयमा रेकर्ड खडा गरी राख्नु सम्बन्धित फाँटवाला तथा प्रमाणित गर्ने अधिकृतको जिम्मेवारी हुनेछ।

(फ) कृषि प्रयोजनका लागि अनुदान प्राप्त ट्र्याक्टर र पावर टेलर जस्ता सवारीको नामसारी गर्नुपरेमा उपभोक्ताको नाममा नामसारी भएको पाँच वर्ष पूरा नभए सम्म नामसारी हुने छैन तर निजी वा व्यवसायीक प्रयोजनका लागि नामसारी गर्नुपरेमा पाँच वर्ष पछि छुट भन्सार महशुल पुनः तिरेर आएपछि मात्र नामसारी गर्न सकिनेछ।

(ब) सवारी धनी देश बाहिर वा भित्र बसोबास गरी सम्बन्धित कार्यालयमा उपस्थित हुन नसकेको अवस्थामा निजले प्रचलित कानून बमोजिम अधिकृत वारेसनामा दिएमा उक्त अधिकृत वारेसनामा पेस गरेपछि मात्र सवारी साधन विक्री वा नामसारी गर्न सकिनेछ।

(भ) कम्पनी वा कानून बमोजिम स्थापना भएको संस्थाको नाममा रहेका सवारी साधनहरूको विक्रीभई नामसारी गर्दा सम्बन्धित कम्पनी वा संस्थाको कार्यकारी समितिको निर्णयको प्रतिलिपि अनिवार्य रुपमा पेस गर्नुपर्नेछ। सम्बन्धित संस्था खारेज भई अस्तित्वमा

नरहेको अवस्थामा तत् तत् संस्थाका सवारी साधनहरू खारेज हुँदाका बखत भएको निर्णय बमोजिम हुनेछ।

(४) विदेशी नागरिकले नामसारी गर्दा निजले देहायका विवरण संलग्न राखी दिएको निवेदन माग बमोजिम हुनेछः-

(क) निजको म्याद बहाल रहेको भिसा (भारतीय नागरिक बाहेक),

(ख) सम्बन्धित दूतावासको नो अब्जेक्सन पत्र,

(ग) नेपालमा पेशा व्यावसाय गरेको प्रमाण,

(घ) बसोबास गरेको स्थानीय तहको सिफारिस,

(ङ) भारतीय नागरिको हकमा दूतावासले दिएको रजिष्ट्रेसन पत्र,

(५) भन्सार छुट (आंशिक वा पूर्ण) मा आयत भएका सवारी साधन दर्ता तथा नामसारी गर्दा अवलम्बन गर्नुपर्ने विषय देहाय बमोजिम हुनेछः-

(क) भन्सार नलाग्ने व्यक्ति वा संस्थाबाट भन्सार लाग्ने व्यक्ति वा संस्थाको नाममा कुनै पनि सवारी साधन दर्ता वा नामसारी गर्दा भन्सार विभागबाट सवारी साधनको हाल कायम गरिएको भन्सार महसुल असुल गरिएको सक्कलै निस्सा,

(ख) भन्सार नलाग्ने भएमा सो पुष्टि हुने प्रमाण,

(ग) कुटनीतिक नियोगको सवारी साधन भएमा परराष्ट्र मन्त्रालयको सिफारिस पत्र,

(घ) सडक सम्भार दस्तुर, दर्ताशुल्क, सवारीकर लगायतका रकम भुक्तान भएको प्रमाण,

(ङ) भन्सार नलाग्ने सवारी साधन निजी संस्था वा फर्मको नाममा नामसारी हुने भएमा सम्बन्धित निकायको सिफारिस पत्र।

१९. **सवारी धनीको मृत्यु भएको सवारीको नामसारीः** (१) दर्ता भएको कुनै सवारीको धनीको मृत्यु भई त्यस्तो सवारी धनीको प्रचलित कानून बमोजिमको हकवालाले सो सवारी आफ्नो नाममा नामसारी गर्न चाहेमा ऐनको दफा ४१ को उपदफा (२) मा उल्लेख भए बमोजिमका कागजात तथा प्रचलित आर्थिक ऐनमा

उल्लेखित दस्तुर सहित त्यस्तो सवारी दर्ता भएको कार्यालयमा अनुसूची-९ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा त्यस्तो निवेदनको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी निवेदकको निवेदन माग बमोजिम सवारीको नामसारी गर्न उपयुक्त देखेमा ऐन तथा यस नियमावलीमा उल्लिखित व्यवस्थाहरूको अधीनमा रही देहायको विवरण संलग्न राख्न लगाई नामसारी गरी दिनेछः-

(क) मृत्यु दर्ता प्रमाणपत्र,

(ख) नाता प्रमाणितपत्रका साथै मृतकको सबभन्दा नजिकको हकवाला हो भन्ने सम्बन्धित स्थानीय तहको सिफारिसपत्र।

२०. **सवारी नामसारी नगरिने:** नियम १६ र १७ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिको नाममा दर्ता रहेको सवारी दुर्घटना वा अन्य कुनै कारणबाट क्षतिग्रस्त भई त्यस्तो सवारीको ईन्जिन र चेसिस दुबै विग्रिई काम नलाग्ने अवस्थाको रहेछ भने त्यस्तो सवारी अन्य कुनै व्यक्तिको नाममा नामसारी गरिने छैन।

२१. **सवारी उपकरणको परिवर्तन:** (१) सवारी धनीले ऐनको दफा ४३ बमोजिम सवारीको रङ्ग, सिट संख्या, स्वरूप, इन्जिन वा चेसिस परिवर्तन गराउन चाहेमा त्यसरी परिवर्तन गर्न स्वीकृतिको लागि त्यस्तो सवारी दर्ता भएको कार्यालयमा अनुसूची-१० बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा त्यस्तो सवारीको सम्बन्धमा कार्यालयले सम्बन्धित प्राविधिकबाट आवश्यक जाँचबुझ गराइ निवेदकको निवेदन माग बमोजिम सवारीको रङ्ग, सिट संख्या, स्वरूप, इन्जिन वा चेसिस परिवर्तन गर्न उपयुक्त देखेमा ऐन तथा यस नियमावलीमा उल्लिखित व्यवस्थाहरूको अधीनमा रही सवारीको रङ्ग, सिट संख्या, स्वरूप, इन्जिन वा चेसिस परिवर्तन गर्न स्वीकृति दिन सक्नेछ।

२२. **दर्ताको प्रमाणपत्र निलम्बन:** देहायको कार्य गरेको पाइएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारी साधनको दर्ताको प्रमाणपत्र बढीमा छ महिनाको लागि निलम्बन गर्न सक्नेछः–

(क) यात्रुवाहक सार्वजनिक सवारीले ऐनको दफा ११६ विपरीत यातायात सञ्चालन गरेमा,

(ख) यात्रुवाहक सार्वजनिक सवारीले मालसामान (यात्रीको झिटीगुन्टा बाहेक) बोकेमा र मालवाहक सवारीले यात्रु बोकेमा,

(ग) सार्वजनिक सवारीले ऐनको दफा ८४ बमोजिम मार्ग इजाजतपत्र नलिई सवारी चलाएमा,

(घ) यात्रुवाहक सार्वजनिक सवारीले ऐनको दफा ११८ विपरीत यातायात सञ्चालन गरेमा,

(ङ) पर्यटक सवारीले पर्यटक बाहेक अन्य यात्री बोकेमा,

(च) गैर व्यवसायिक सवारीले ऐनको दफा १३ को उपदफा (४) विपरीत यातायात सेवाको लागि प्रयोग गरेमा।

(छ) तोकेको क्षेत्रमा ट्याक्सी मिटरमा नचलाएमा ।

२३. **दर्ताको प्रमाणपत्र खारेजी:** (१) ऐनको दफा ४५ मा उल्लिखित कारण परी कुनै सवारीको धनीले त्यस्तो सवारीको दर्ताको प्रमाणपत्र खारेज गराउन चाहेमा त्यस्तो सवारी दर्ता भएको कार्यालयमा अनुसूची–११ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा त्यस्तो सवारीको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी हाल सम्म तिर्न बुझाउन पर्ने सम्पुर्ण कर दस्तुर असुल गरी निवेदकको निवेदन माग बमोजिम दर्ताको प्रमाणपत्र खारेज गर्न उपयुक्त देखेमा ऐन तथा यस नियमावलीमा उल्लिखित अन्य व्यवस्थाहरूको अधीनमा रही दर्ताको प्रमाणपत्र खारेज गरी सोको व्यहोरा दर्ता किताबमा जनाई त्यस्तो सवारीको लगत कट्टा गर्नुपर्नेछ।

२४. **दर्ताको प्रमाणपत्रको प्रतिलिपि:** (१) ऐनको दफा ४७ मा उल्लिखित अवस्था परी कुनै सवारीको दर्ताको प्रमाणपत्रको प्रतिलिपि आवश्यक परेमा सम्बन्धित सवारी धनीले प्रचलित आर्थिक ऐनमा उल्लेखित दस्तुर सहित त्यस्तो सवारी दर्ताको प्रमाणपत्र दिने कार्यालयमा अनुसूची-१२ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा त्यस्तो निवेदकको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी निवेदकको निवेदन माग बमोजिम दर्ताको प्रमाणपत्रको प्रतिलिपि दिन आवश्यक देखेमा हालसम्म तिर्न बुझाउन पर्ने सम्पुर्ण कर दस्तुर असुल गरी ऐन तथा यस नियमावलीमा उल्लिखित व्यवस्थाहरूको अधीनमा रही दर्ताको प्रमाणपत्रको प्रतिलिपि दिनुपर्नेछ र त्यसको सूचना सम्बन्धित प्रहरी कार्यालयलाई दिनुपर्नेछ।

(३) सवारी धनी कार्यालयमा उपस्थित हुन नसकेमा निजको मन्जुरीनामा सहित नाता प्रमाणित र सम्बन्धित स्थानीय तहको सिफारिसमा निजको एकाघरको परिवारको कुनै सदस्यलाई सम्बन्धित सवारी धनीको दर्ताको प्रमाणपत्रको प्रतिलिपि दिन सकिनेछ।

## परिच्छेद-४

## चालक अनुमति पत्र

२५. **चालक अनुमतिपत्रको लागि निवेदनः**(१) ऐनको दफा ५१ बमोजिम योग्यता पुगेको व्यक्तिले दफा ५२ अनुसार चालक अनुमतिपत्र लिन चाहेमा प्रचलित आर्थिक ऐनमा उल्लेखित दस्तुर सहित सफ्टवरले तोकेको ढाँचामा देहायका कागजात संलग्न राखी सम्बन्धित कार्यालयमा अनलाइन मार्फत निवेदन दिनुपर्नेछ ।अनलाइन फाराम भरि सकेपछि तोकिएको मितिमा कार्यालयमा नेपाली नागरिकताको सक्कल प्रमाणपत्र लिई सम्पर्क राख्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन दिदा निवेदन साथ निवेदकको निरोगिताको सम्बन्धमा नेपाल सरकारद्वारा मान्यता प्राप्त चिकित्सकले अनुसूची-१४ बमोजिम वा सफ्टवरले तोकेको ढाँचामा प्रमाणित गरेको निरोगिताको प्रमाणपत्र समेत संलग्न गर्नु पर्नेछ वा निज चिकित्सकले विद्युतीय प्रणाली मार्फत निरोगिता प्रमाणित गरी दिएको हुनु पर्नेछ।

(३) विदेशी नागरिकले चालक अनुमतिपत्रको लागि निवेदन दिँदा देहायको विवरण संलग्न गर्नु पर्नेछः-

(क) निजको म्याद बहाल रहेको भिसा (भारतीय नागरिकबाहेक),

(ख) सम्बन्धित दूतावासको नो अब्जेक्सन पत्र,

(ग) नेपालमा कुनै पेशा व्यवसाय गरेको प्रमाण,

(घ) बसोवास गरेको स्थानीय तहको सिफारिस,

(ङ) भारतीय नागरिकको हकमा दूतावासले दिएको म्याद कायम रजिष्ट्रेसन पत्र,

(च) उपदफा (२) बमोजिम निरोगिताको प्रमाण।

(४) चालक अनुमतिपत्रको लागि प्राप्त निवेदनमा कार्यालयले देहायको विवरण जाँचबुझ गरी दर्ता गर्नेछः-

(क) नेपाली नागरिकको हकमा नेपाली नागरिकताको प्रमाणपत्र र विदेशी नागरिकको हकमा उपनियम (३) बमोजिमको विवरण पेस गरेको छ/छैन,

(ख) ऐनको दफा ५१ बमोजिमको योग्यता पुरा गरेको र अयोग्यता नभएको छ/छैन,

(ग) वर्ग थपको लागि निवेदन दिएको भए सवारी चालक अनुमतिपत्रको बहाल अवधि छ/छैन,

(घ) निवेदकको स्थायी र अस्थायी ठेगाना सहितको विवरण छ/छैन ।

(५) नियम (१) वा (२) बमोजिम दिईएको अनलाईन निवेदनमा निवेदकको फोटो प्रष्ट बुझिने गरी खिचिएको, दस्तखत र औंठाको छाप समेत प्रष्ट भएको हुनु पर्नेछ सो नभएमा कार्यालयले सम्बन्धित निवेदकलाई पुनः विवरण प्रविष्ट गर्न लगाउनेछ। प्रविष्ट भएको निवेदन सच्याउनु पर्ने भएमा औचित्यका आधारमा अभिलेख राखी कार्यालय प्रमुखबाट प्रमाणित गराई सच्याउनु पर्नेछ ।

(६) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली प्रारम्भ भएपछि साठी वर्ष उमेर पुरा भएका कुनै व्यक्तिलाई ठुला र मझौला सार्वजनिक सवारी चलाउन अनुमतिपत्र दिइनेछैन।

(७) साना सवारी चलाएको दुईवर्ष पुरा नभएसम्म अनुसूची-१५ मा उल्लेखित सवारी वाहेक अन्य मझौला र ठूलो सवारी चलाउन चालक अनुमतिपत्र दिइने छैन।

२६. **परीक्षा सम्बन्धी व्यवस्था:** (१) ऐनको दफा ५३ बमोजिम सवारी चालक अनुमतिपत्रको लागि निवेदकको परीक्षण गर्दा देहाय बमोजिमको परीक्षा प्रणाली अपनाउनु पर्नेछः-

(क) लिखित परीक्षा

(ख) प्रयोगात्मक परीक्षा

(ग) मौखिक परीक्षाः हेवी इक्यूपमेन्ट H, I, J वर्गका हकमा यो नियम लागू हुनेछ,

(२) लिखित परीक्षाको माध्यम नेपाली वा अंग्रेजी भाषामा हुनेछ। अंग्रेजी भाषामा परीक्षा दिन चाहने परीक्षार्थीले निवेदन दिंदाका बखत नै

कार्यालयमा सो सम्बन्धमा निवेदन दिनुपर्नेछ। सोही आधारमा कार्यालयले निजलाई अंग्रेजी माध्यममा परीक्षा दिने व्यवस्था मिलाउन सक्नेछ।

(३) उपनियम (१) र (२) को प्रयोजनका लागि कार्यालयले अनुसूची-१३ बमोजिमको ढाँचामा प्रवेश पत्र जारी गर्न सक्नेछ।

२७. **प्रश्नपत्रको निर्माणः** (१) लिखित परीक्षाका लागि परिमार्जित प्रश्नपत्रहरू तयार गर्न मन्त्रालयमा एक प्रश्न पत्र भण्डारण सफ्टवयर रहनेछ।

(२) उपनियम (१) बमोजिमको सफ्टवयरमा मन्त्रालयले तयार गरेका प्रश्नपत्रहरू प्रविष्टि गरिनेछ । मन्त्रालयले उक्त सफ्टवयरको पासवर्ड गोप्य रुपमा कार्यालय प्रमुखलाई उपलब्ध गराउनेछ।

(३) उपनियम(२) बमोजिम प्राप्त पासवर्ड कार्यालय प्रमुखले गोप्यरुपमा सुरक्षित राखी आफैंले वा केन्द्राध्यक्षलाई उपलब्ध गराई लिखित परीक्षा सञ्चालन हुनुभन्दा बढीमा एक दिन अगाडि सफ्टवयरबाट प्रिन्ट गरी सिलबन्दी गरी राख्नु पर्नेछ र प्रश्नपत्र परीक्षा हुने दिन परीक्षा सञ्चालनमा संलग्न हुने कर्मचारीहरूको रोहवरमा मुचुल्का खडा गरी बीस  मिनेट अगाडि सिल खोल्नुपर्नेछ।

(४) प्रश्नपत्र भण्डारणमा रहने प्रश्नपत्रहरुको निर्माण मन्त्रालयले उपयुक्त ठानेका विशेषज्ञहरुबाट गराउनेछ। प्रश्नपत्रहरुको सेटको अन्तिम छनौट गर्ने अधिकार सचिवमा रहनेछ।

२८. **लिखित परीक्षा सञ्चालनः**(१) पहिले कुनै सवारी चालक अनुमति पत्र प्राप्त गरेको, ट्र्याक्टर तथा पावर टेलरको सवारी चालक अनुमतिपत्रका लागि दरखास्त दिने दरखास्तवाला, बाहेक अन्य दरखास्तवालाको योग्यता परीक्षण गर्नुपूर्व लिखित परीक्षा लिईनेछ।पहिले कुनै सवारी चालक अनुमतिपत्र प्राप्त गरिसकेका व्यक्तिहरुले थप सवारीका लागि अनुमतिपत्र प्राप्त गर्न लिखित परीक्षा दिनुपर्ने छैन।

तर ट्र्याक्टर तथा पावरटेलरको सवारी चालक अनुमतिपत्र प्राप्त गरेको भए तापनि वर्ग थप गर्नको लागि लिखित परीक्षा दिनुपर्नेछ।

(२) लिखित परीक्षा लिने व्यवस्था सम्बन्धित परीक्षा समितिको अध्यक्षले मिलाउनेछ।

(३) समितिको अध्यक्ष स्वयं वा निजले तोकेको व्यक्तिले परीक्षा केन्द्रको केन्द्राध्यक्ष भई परीक्षा संचालन गर्नु गराउनुपर्नेछ।

(४) परीक्षा समितिले तोकेको मिति, समय र स्थानमा लिखित परीक्षा संचालन गरिनेछ।

(५) परीक्षा केन्द्रको व्यवस्थापन, सहायक केन्द्राध्यक्ष र परीक्षा निरीक्षकहरुको आवश्यकता अनुसारको व्यवस्था केन्द्राध्यक्षले मिलाउनु पर्नेछ।

(६) लिखित परीक्षा सुरू हुनुभन्दा पन्ध्र मिनेट अगाडि परीक्षार्थीहरूलाई परीक्षा हलमा प्रवेश गराई निजहरूलाई प्रश्नपत्र वितरण गर्नु पुर्व प्रवेशपत्रको जाँच गरी परीक्षा सञ्चालनको समय सुरू भएपछि प्रश्न पत्र वितरण गर्नु पर्नेछ।

(७) लिखित परीक्षाको समयावधि तीस  मिनेटको हुनेछ भने वस्तुगत बहुउत्तरका पच्चीस  प्रश्न सोधिने छ। प्रत्येक प्रश्नको अङ्कभार चार राखी कम्तीमा साठी प्रतिशत अङ्क प्राप्त गरेको परीक्षार्थी परीक्षामा उत्तिर्ण हुनेछन्।

(८) कुनै परीक्षार्थीले परीक्षा केन्द्रमा प्रवेशपत्र ल्याउन छुटाएको भए केन्द्राध्यक्ष समक्ष निवेदन दिनु पर्नेछ । केन्द्राध्यक्षले पेस गरेको निवेदन फाराम अनुसार निवेदकको फोटो तथा विवरण जाँचबुझ गरी लिखित परीक्षामा सम्मिलित हुने अनुमति दिन सक्नेछ।

(९) परीक्षार्थीलाई परीक्षा केन्द्रमा बसाउँदा एक आपसको उत्तर पुस्तिका नदेख्ने गरी उचित दुरी कायम गराई रोल नं. बमोजिम परीक्षामा बस्ने रोलक्रम मिलाई राखु पर्नेछ ।

(१०) परीक्षार्थीको प्रवेशपत्र र उत्तरपुस्तिकामा लेखेको नाम, थर, दस्तखत तथा फोटो आदि नभिड्ने भनी सम्बन्धित निरीक्षकले पेस गरेमा केन्द्राध्यक्षले जाँची हेरी फरक भएमा त्यस्ता परीक्षार्थीको परीक्षा रद्द गर्ने सक्नेछ।

(११) परीक्षा सुरु भएपछि परीक्षा समाप्त गरी उत्तरपुस्तिका नबुझाएसम्म कुनै परीक्षार्थीलाई परीक्षा केन्द्रबाट बाहिर जाने अनुमति दिइनेछैन।

(१२) परीक्षार्थीहरूले परीक्षा केन्द्रमा पुस्तक, कापी, चिट, टिपोट, मोबाइल सेट तथा अन्य असम्बन्धित चिजवस्तु ल्याउन पाइने छैन।

(१३) परीक्षा सुरू भएको समयले पाँच मिनेटपछि सम्म आउने परीक्षार्थीलाई केन्द्राध्यक्षको अनुमतिले परीक्षामा बस्न दिनसकिनेछ।

(१४) केन्द्राध्यक्षले खटाए बमोजिम परीक्षा सञ्चालनमा खटिने कर्मचारीहरूले परीक्षा सञ्चालनका लागि सहयोग गर्नु कर्तब्य हुनेछ।

(१५) परीक्षा केन्द्रमा परीक्षामा खटिएका कर्मचारीहरूको हाजिरी प्रमाणित गरी राख्नुपर्नेछ।

(१६) उत्तरपुस्तिकाको निर्देशित स्थानहरूमा खुलाउनुपर्ने विवरणहरू परीक्षार्थीलाई अनिवार्यरुपले लेख्न लगाउनुपर्नेछ।

(१७) कुनै परीक्षार्थीले परीक्षा केन्द्रमा अनियमितता गरेको पाइएमा केन्द्राध्यक्षले तत्काल त्यस्तो परीक्षार्थीलाई केन्द्रबाट निस्कासन गर्न सक्नेछ र उक्त परीक्षार्थीले एक वर्षसम्म परीक्षामा संलग्न हुने नपाउने गरी केन्द्राध्यक्षले निर्णय गर्न सक्नेछ।

(१८) परीक्षा सञ्चालनका लागि खटिएका कसैले परीक्षा सञ्चालनमा असहयोग गरेमा वा कुनै परीक्षार्थीलाई अनुचित फाइदा पुऱ्याउने कार्य गरेमा त्यस्ता व्यक्तिहरूलाई केन्द्राध्यक्षले तत्काल परीक्षा केन्द्रबाट निष्कासन गरी सम्बन्धित निकायमा कारवाहीका लागि सिफारिस गरी पठाउनुपर्नेछ।

(१९) लिखित परीक्षाको समय समाप्त भएको घण्टी लागेपछि सबै परीक्षार्थीहरूबाट उत्तर पुस्तिका सङ्कलन गर्नुपर्नेछ।

(२०) सङ्कलन गरिएको उत्तर पुस्तिकामा परीक्षार्थीको एप्लिकेन्ट आईडी, नाम, थर र वतन रुजु गरी संख्या समेत गन्ती गरी भिडाउनु पर्नेछ।

(२१) उक्त उत्तरपुस्तिकाहरू समितिका सदस्यहरूको रोहवरमा सिलबन्दी गरी समितिका अध्यक्षको जिम्मामा सुरक्षित राख्नुपर्नेछ।

२९. <u>**उत्तरपुस्तिका परीक्षणः**</u> लिखित परीक्षाको उत्तरपुस्तिकाको परीक्षण देहाय बमोजिम हुनेछः-

(क) उत्तरपुस्तिका सङ्कलन गरिसकेपछि केन्द्राध्यक्षले तोकिएको "की" को प्रयोग गर्न लगाई कार्यालयका कर्मचारीलाई उत्तरपुस्तिका परीक्षण गर्न लगाउनुपर्नेछ।

(ख) उत्तरपुस्तिका परीक्षणकर्ताले परीक्षण गरी अङ्क चढाई आफ्नो नाम र पद लेखी दस्तखत समेत गरी उत्तर पुस्तिका केन्द्राध्यक्षलाई गोप्य रुपमा बुझाउनुपर्नेछ।

३०. <u>**उत्तरपुस्तिका रुजु गर्नेः**</u> (१) उत्तरपुस्तिका रुजु गर्नका लागि केन्द्राध्यले आवश्यकता अनुसार कर्मचारी खटाई देहाय बमोजिम गोप्यरुपमा रुजु गर्नुपर्नेछः-

(क) परीक्षार्थीले लेखेको सबै उत्तर परीक्षण गरी अङ्क दिएको छ/छैन,

(ख) प्रश्नपत्रमा तोकिए अनुसार सबै प्रश्नहरूको उत्तर ठीक दिएको छ/छैन,

(ग) परीक्षकले दिएका सबै अङ्कहरू ठीकसँग जोडिएका छन/छैनन।

(२) उत्तर तालिकामा उल्लेख गरिएको उत्तर भिडाई हेरी ठीक बेठिक के हो निश्चित गरी रुजुकर्ताको नाम, पद, दस्तखत र मिति उल्लेख भएको हुनुपर्नेछ।

३१. **<u>नतिजा प्रकाशनः</u>** (१) उत्तरपुस्तिकाहरू परीक्षण तथा रुजु पश्चात् केन्द्राध्यक्षले परीक्षामा सम्मिलित कुल परीक्षार्थी, उत्तीर्ण, अनुत्तीर्ण र अनुपस्थित भएकाको सङ्ख्यात्मक विवरण, उत्तरपुस्तिका परीक्षण गर्ने र रुजु गर्ने कर्मचारीको नाम, पद र मिति समेत उल्लेख गरी परीक्षामा खटिएका कर्मचारीहरूको उपस्थितिमा माइन्युट समेत तयार गरी परीक्षा समितिलाई सिफारिस गर्नुपर्नेछ।

(२) लिखित परीक्षाको नतिजा प्रकाशित गर्दा परीक्षार्थीको एप्लिकेन्ट आईडी अनुसार नतिजा प्रकाशित गरी कार्यालयको वेभसाइटमा अनिवार्य रूपमा राख्ने व्यवस्था गर्नुपर्नेछ। लिखित परीक्षाको नतिजा प्रकाशित गर्दा नै प्रयोगात्मक परीक्षा हुने मिति, समय र स्थान अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ।

(३) लिखित परीक्षामा अनुत्तीर्ण भएका परीक्षार्थीले नतिजा प्रकाशन भएको तीनदिन भित्र पुनर्योग लागि परीक्षा सरहको शुल्क तिरी निवेदन दिन सक्नेछन। त्यसरी निवेदन प्राप्त भएमा कार्यालयले दुई दिन भित्र निवेदनको टुङ्गो लगाई सक्नुपर्नेछ।

३२. **<u>प्रयोगात्मक परीक्षा र अन्तिम नतिजा प्रकाशनः</u>** (१) लिखित परीक्षाबाट उत्तीर्ण भएका, वर्ग थप र पुनः प्रयोगात्मक परीक्षाका लागि आवेदन दिएका परीक्षार्थीहरुलाई कार्यालयले तोकेबमोजिमको स्थान, समय र मितिमा प्रयोगात्मक परीक्षा लिइनेछ।

(२) प्रयोगात्मक परीक्षा सञ्चालन गर्दा परीक्षार्थीको चेकलिस्टमा भएको क्रम सख्या उल्लेख गरी परीक्षार्थीको शरिरमा स्पष्ट देखिने गरी भिर्नुपर्नेछ। प्रयोगात्मक परीक्षाको सबै मापदण्ड पुरा गरेका परीक्षार्थीलाई सिसिटिभीमा देखिने गरी हरियो झण्डा र मापदण्ड पूरा नगरेकालाई रातो झण्डा देखाउनुपर्नेछ। मापदण्ड पूरा गरेको परीक्षार्थीलाई परीक्षामा खटिने टोलीको

प्रमुखले परीक्षार्थीको प्रवेशपत्रमा सरकारले जारी गरेको पहिचान खुल्ने परिचय पत्र भिडाई रुजु गरी उत्तीर्ण जनाई दिनुपर्नेछ।

(३) प्रयोगात्मक परीक्षामा उत्तीर्ण भएका परीक्षार्थीले उत्तीर्ण भएको अठार महिनाभित्र सवारी चालक अनुमतिपत्र दस्तुर नबुझाएमा सवारी चालक अनुमतिपत्र दिईने छैन।

(४) प्रयोगात्मक परीक्षा उत्तीर्ण गरेको मितिले अठार महिना राजश्व नबुझाएमा निजले पुनःनयाँ प्रक्रियाबाट सवारी चालक अनुमतिपत्र दिनुपर्नेछ।

३३. **<u>प्रयोगात्मक परीक्षा संचालनः</u>**(१) परीक्षामा खटिने टोलीको सम्पूर्ण सदस्यको उपस्थितिमा अनिवार्य रुपमा परीक्षार्थीको कुल संख्या, प्रयोगात्मक परीक्षामा उपस्थित,अनुपस्थित, मापदण्ड पुरा गरेका,मापदण्ड पुरा नगरेका संख्या समेत उल्लेख गरी फिल्डमा नै माइन्यूट (मुचुल्का) तयार गरी परीक्षार्थीको हाजिरी समेत संलग्न राखी परीक्षा समितिको अध्यक्षलाई सिफारिस साथ पेश गर्नु पर्नेछ। परीक्षा समितिले प्राप्त माइन्यूट (मुचुल्का) रुजु गरी परीक्षाफल स्वीकृत गरी कार्यालय प्रमुखबाट प्रमाणित गराई परीक्षाफल प्रकाशन गर्नु पर्नेछ।प्रयोगात्मक परीक्षामा उतीर्ण हुने परीक्षार्थी निवेदकहरुको नतिजा कार्यालयमा कम्प्यूटरमा इन्ट्री गराई रुजु गरी प्रमाणित गर्नु पर्नेछ।त्यसपछि प्रचलित आर्थिक ऐनमा उल्लेखित दस्तुर बुझाएपछि तोकिएको ढाँचामा स्मार्टकार्ड छापी वितरण गरिनेछ।

(२) साधारण नियमित रुपमा लिइने सवारी बाहेक फरक प्रकृतिका सवारीहरूको प्रयोगात्मक परीक्षाका सन्दर्भमा ऐन अनुसार गठित परीक्षा समितिले विशेषज्ञ टोली गठन गरी उक्त टोलीको प्रयोगात्मक परीक्षाको विधि (मोडालिटी) तयार गरी सो अनुसार परीक्षा लिई दिएको प्रतिवेदनका आधारमा परीक्षाफल प्रकाशित गर्न सक्नेछ।

३४. **<u>मौखिक परीक्षामा सोधिने प्रश्नहरुमाः</u>** मौखिक परीक्षामा सोधिने प्रश्नहरुमा प्राविधिक कर्मचारीबाट मेसिन औजार सम्बन्धमा, प्रशासनिक कर्मचारीबाट ऐन र नियमका सम्बन्धमा र ट्राफिकबाट ट्राफिक नियम सम्बन्धमा आधारित हुनेछन्।प्रत्येक पक्षबाट पाँच-पाँचवटा प्रश्न गर्न सकिनेछ।जस मध्ये आठ प्रश्नको जवाफ दिने परीक्षार्थी उत्तीर्ण गर्नु पर्नेछ।

३५. **<u>चालक अनुमतिपत्र दर्ता किताबः</u>** नियम ३३ बमोजिम दिइएको चालक अनुमतिपत्रको लगत अध्यावधिक राख्न कार्यालयले विद्युतीय अभिलेख प्रणाली

बमोजिमको ढाँचामा चालक अनुमतिपत्रको विद्युतीय प्रणाली सफ्टवेयरबाट प्रिन्ट समेत गरी सुरक्षित रुपमा फाइलिङ गरी राख्नुपर्नेछ।

३६. **चालक अनुमतिपत्रमा वर्ग थप र पुनःप्रयोगात्मक परीक्षा:** (१) नियम ३३ बमोजिम दिइएको चालक अनुमतिपत्रमा उल्लेखित सवारीका अतिरिक्त अन्य कुनै सवारी समावेश गरी वर्ग थप गराउन चाहेमा ऐनको दफा ५९ बमोजिम समावेश गराउन चाहेको सवारीको किसिम खुलाई सफ्टवयरले तोकेको ढाँचामा फराम भरी नियमानुसारको दस्तुर बुझाउन लगाई प्रयोगात्मक परीक्षा लिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पर्न आएको निवेदनको सम्बन्धमा कार्यालयले ऐनको दफा ५९ बमोजिमका कार्यविधि अपनाई निवेदकलाई पहिले जारी भएको अनुमतिपत्रमा थप समावेश गराउन चाहेको सवारी समावेश गरी नयाँ चालक अनुमतिपत्र दिनेछ।

(३) यसरी प्रदान गरेको सवारीचालक अनुमतिपत्र एक वर्षसम्म परीक्षणकालीन अस्थायी सवारी चालक अनुमतिपत्रको रुपमा रहनेछ।यस ऐन, नियम बमोजिम कारवाही नभएमा एक वर्ष पछि स्वतः स्थायी सवारी चालक अनुमतिपत्र जारी भएको मानिनेछ।

(४) प्रयोगात्मक परीक्षा सञ्चालन गर्नका निमित ट्रायल स्पट, परीक्षामा प्रयोग हुने सवारी साधन परीक्षाको विधि तथा अन्य मापदण्डहरु मन्त्रालयले तोके बमोजिम हुनेछ।

(५) लिखित परीक्षा र प्रयोगात्मक ट्रायल परीक्षामा परीक्षार्थी, कर्मचारी, नेपाल प्रहरी वा अन्य कुनै व्यक्ति परीक्षा स्थलमा खटाइएको अवस्थामा वाहेक परीक्षा स्थलमा प्रवेश गर्नुहुँदैन।तर तालुक निकायका अनुगमनकर्तालाई प्रयोगात्मक परीक्षामा उपस्थित भई अनुगमन निरिक्षण गर्न बाधा पर्नेछैन। कुनै पनि वाहानामा गोप्य क्यामरा र अन्य विद्युतीय रेकर्ड राख्न, प्रविधियुक्त वस्तु लिएर परीक्षा स्थलमा प्रवेश गर्न पाइने छैन।परीक्षा स्थलमा प्रवेश गर्दा कार्यालय प्रमुखको अनुमति लिनु पर्नेछ।

(६) परीक्षा स्थलमा सुरक्षा व्यवस्था मिलाउने कर्तव्य प्रचलित कानून बमोजिम नेपाल प्रहरी वा प्रदेश प्रहरीको हुनेछ।

(७) परीक्षा स्थलको अनुगमन प्रहरी निरीक्षक वा सो भन्दा माथिको अधिकारीबाट तथा कार्यालय प्रमुखबाट हुनेछ।

३७. **चालक अनुमतिपत्रको नवीकरणः** (१) चालकले ऐनको दफा ६० बमोजिम चालक अनुमतिपत्रको नवीकरणको लागि प्रचलित आर्थिक ऐनमा उल्लेखित दस्तुर सहित कार्यालयमा विद्युतीय अभिलेख प्रणाली बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम चालक अनुमतिपत्रको नवीकरणको लागि दरखास्त दिंदा अनुसूची– १४ वा विद्युतीय अभिलेख प्रणाली बमोजिमको ढाँचामा निरोगिताको प्रमाणपत्र समेत संलग्न गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको नवीकरणको लागि निरोगिताको प्रमाणपत्र प्राप्त गरेको भएमा निवेदक नवीकरण प्रमाणित गर्ने अधिकारी समक्ष अनिवार्य उपस्थित हुनुपर्ने छैन।

(४) उपनियम (१) बमोजिम चालक अनुमतिपत्रको नवीकरणको लागि दरखास्त पर्न आएमा कार्यालयले आवश्यक जाँचबुझ गरी त्यस्तो चालक अनुमतिपत्र नवीकरण गर्न उपयुक्त देखेमा ऐन तथा यस नियमावलीमा उल्लिखित अन्य व्यवस्थाहरूको अधीनमा रही चालक अनुमतिपत्र नवीकरण गरी सो को व्यहोरा विद्युतीय अभिलेख प्रणालीमा राख्नु पर्नेछ।

३८. **सवारी चालक अनुमतिपत्रको वर्गः** सवारी चालक अनुमतिपत्रको वर्ग देहाय बमोजिम हुनेछः-

| | | | | | |
|---|---|---|---|---|---|
| A | मोटरसाइकल | H | रोड लोडर डोजर | J2 | ब्याक्हो लोडर |
| B | कार, जीप, डेलेभरी भ्यान | H १ | डोजर | J3 | ग्रेडर |
| C | टेम्पो अटोरिक्सा | H २ | रोड रोलर | J4 | फोर्कलिफ्ट |
| C १ | ई-रिक्सा | I | क्रेन फायर ब्रिगेड लोडर | J5 | अन्य |
| D | पावर टिलर | II | क्रेन | K | स्कुटर ,मोपेड |
| E | ट्याक्टर | I2 | फायर ब्रिगेड | K १ | अपाङ्गता भएका व्यक्ति |
| F | मिनीबस, मिनीट्रक | I3 | लोडर | | |
| G | बस, ट्रक, लरी | J1 | एक्साभेटर | | |

३९. **चालक अनुमतिपत्रको निलम्बनः** देहायको कार्य गरेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो चालकको अनुमतिपत्र ऐनको दफा ६४ बमोजिम निलम्बन गर्न सक्नेछः–

(क) यात्रुवाहक  सार्वजनिक सवारीको चालकले ऐनको दफा ११६ विपरीत यातायात सञ्चालन गरेमा,

(ख) यात्रुवाहक सवारीको चालकले मालसामान (यात्रीको झिटीगुन्टा बाहेक) बोकेमा र मालवाहक सवारीले यात्रु बोकेमा,

(ग) पर्यटक सवारीको चालकले पर्यटक बाहेक अन्य यात्री बोकेमा,

(घ) गैर व्यवसायीक सवारीले ऐनको दफा १३ को उपदफा (३) विपरित यातायात सेवाको लागि प्रयोग गरेमा,

(ङ) सार्वजनिक सवारीको चालकले ऐनको दफा ८४ बमोजिम मार्ग इजाजतपत्र नलिएको मार्गमा सवारी चलाएमा,

(च) सवारी चालकले सवारी चलाउँदा मोबाइल फोनको प्रयोग गरेमा,

(छ) चालकले मादक पदार्थ तथा अन्य लागू पदार्थ सेवन गरी सवारी चलाएमा,

(ज) अस्थायी सवारी चालक अनुमति पत्र प्राप्त चालकले सवारी चलाई गम्भिर दुर्घटना गराएमा र ऐनको दफा ५५ को उपदफा (३) को अवस्था भएमा निलम्बन हुनेछ।

४०. **चालक अनुमतिपत्रको प्रतिलिपिः** (१) ऐनको दफा ६६ बमोजिमको अवस्था परी चालक अनुमतिपत्रको प्रतिलिपि आवश्यक परेमा सम्बन्धित चालकले त्यस्तो चालक अनुमतिपत्र दिने कार्यालयमा प्रचलित आर्थिक ऐनमा उल्लेखित दस्तुर सहित निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा कार्यालयले आवश्यक जाँचबुझ गरी माग बमोजिम चालक अनुमतिपत्रको प्रतिलिपि दिन आवश्यक देखेमा ऐन तथा यस नियमावलीमा उल्लिखित अन्य व्यवस्थाहरूको अधीनमा रही चालक अनुमतिपत्रको प्रतिलिपि दिनु पर्नेछ।

४१. **चालकको मृत्युको सूचना दिनुपर्नेः** (१) ऐन तथा यस नियमावली बमोजिम चालक अनुमतिपत्र प्राप्त व्यक्तिको मृत्यु भएमा मृत्यु भएको मितिले पैंतीस दिनभित्र

त्यस्तो मृतकको नजिकको नातेदारले निजको मृत्युको सम्बन्धमा प्रचलित कानून बमोजिमको मृत्यु दर्ता प्रमाणपत्र लिई त्यस्को प्रतिलिपि त्यस्तो चालक अनुमतिपत्र दिने कार्यालयमा बुझाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम मृत्युको बारेमा जानकारी दिंदा मृतकको चालक अनुमतिपत्र उपलब्ध भएमा सो समेत बुझाइदिनु पर्नेछ र त्यस्तो जानकारी प्राप्त हुन आएमा सम्बन्धित कार्यालयले पनि विद्युतीय अभिलेख प्रणाली वा कार्यालयको अभिलेखबाट निजको लगत कट्टा गरिदिनु पर्नेछ।

## परिच्छेद-५

## परिचालक अनुमतिपत्र सम्बन्धी व्यवस्था

४२. **परिचालक अनुमतिपत्रको लागि निवेदनः** (१) ऐनको दफा ७१ बमोजिम परिचालक अनुमतिपत्र लिन चाहने व्यक्तिले परिचालक अनुमतिपत्रको लागि यातायात व्यवस्था कार्यालयमा अनुसूची–१६ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन दिंदा निवेदन साथ निवेदकको निरोगिताको सम्बन्धमा नेपाल सरकारद्वारा मान्यता प्राप्त चिकित्सकले अनुसूची-१४ बमोजिमको ढाँचामा प्रमाणित गरेको निरोगिताको प्रमाणपत्र समेत संलग्न गर्नु पर्नेछ वा निज चिकित्सकले विद्युतीय प्रणाली मार्फत निरोगिता प्रमाणित गरी दिएको हुनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम परिचालक अनुमतिपत्रको लागि दरखास्त पर्न आएमा कार्यालयले ऐनको दफा ७२ बमोजिमको कार्यविधि अपनाई परिचालक अनुमतिपत्र दिनु पर्नेछ।

४३. **परिचालक अनुमतिपत्र दर्ता किताबः** नियम ४२ बमोजिम दिइएको परिचालक अनुमतिपत्रको लगत अद्यावधिक रूपमा राख्न परिचालक अनुमतिपत्र जारी गर्ने कार्यालयले अनुसूची-१७ बमोजिमको ढाँचामा दर्ता अभिलेख तयार गरी राख्नु पर्नेछ।

४४. **परिचालक अनुमतिपत्रको नवीकरणः** (१) परिचालकले ऐनको दफा ७३ बमोजिम अनुमतिपत्रको नवीकरणको लागि प्रचलित आर्थिक ऐनमा उल्लेखित दस्तुर सहित यातायात व्यवस्था कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन दिंदा अनुसूची–१४ बमोजिमको निरोगिताको प्रमाणपत्र समेत संलग्न गर्नुपर्नेछ।

(३) उपनियम (१) बमोजिम पर्न आएको दरखास्तको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी परिचालक अनुमतिपत्र नवीकरण गर्न उपयुक्त देखेमा ऐन तथा यस नियमावलीमा उल्लिखित अन्य व्यवस्थाहरूको अधीनमा रही परिचालक अनुमतिपत्र नवीकरण गरी सोको व्यहोरा नवीकरण किताबमा जनाउनु पर्नेछ।

(४) एउटा कार्यालयबाट दिएको परिचालक अनुमतिपत्र उपनियम (३) बमोजिम अर्को कार्यालयबाट नवीकरण गरिएकोमा नवीकरण गर्ने कार्यालयले यथासक्य छिटो सो कुराको जानकारी त्यस्तो परिचालक अनुमतिपत्र दिने कार्यालयलाई दिनु पर्नेछ र त्यस्तो जानकारी प्राप्त हुन आएमा परिचालक अनुमतिपत्र जारी गर्ने कार्यालयले पनि त्यस्तो परिचालक अनुमतिपत्र नवीकरण दर्ता किताबको अभिलेखमा जनाउनु पर्नेछ।

४५. **परिचालक अनुमतिपत्रको प्रतिलिपिः** (१) परिचालकले परिचालक अनुमतिपत्रको प्रतिलिपि आवश्यक परेमा प्रचलित आर्थिक ऐनमा उल्लेखित दस्तुर सहित त्यस्तो परिचालक अनुमतिपत्र दिने कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा कार्यालयले आवश्यक जाँचबुझ गरी माग बमोजिम परिचालक अनुमतिपत्रको प्रतिलिपि दिन आवश्यक देखेमा ऐन तथा यस नियमावलीमा उल्लिखित अन्य व्यवस्थाहरूको अधीनमा रही परिचालक अनुमतिपत्रको प्रतिलिपि दिई परिचालक अनुमतिपत्र दर्ता किताबमा सो व्यहोरा जनाउनु पर्नेछ।

४६. **सार्वजनिक सवारी चालक अनुमतिपत्र दिन सक्नेः** ऐनको दफा ५४ मा सार्वजनिक सवारी साधन चलाउने चालकलाई दिइने चालक अनुमतिपत्र मन्त्रालयले तोके बमोजिम हुनेछ।

४७. **स्व-चालित सवारी चालक अनुमतिपत्र दिन सक्नेः** ऐनको दफा ६७ बमोजिमको प्रविधियुक्त स्वचालित सवारी चलाकको लागि मात्र छुट्टै चालक अनुमतिपत्र सम्बन्धी व्यवस्था गर्न मन्त्रालयले मापदण्ड बनाई जारी गर्न सक्नेछ।

४८. **प्रशिक्षार्थी सवारी चालक अनुमतिपत्र दिन सक्नेः** (१) प्रशिक्षार्थी सवारी चालक अनुमतिपत्र लिन चाहने व्यक्तिको देहाय बमोजिमको योग्यता हुनुपर्नेछ।

(क) सम्बन्धित वर्गको सवारी चालक अनुमतिपत्र प्राप्त गरेको,

(ख) कम्तीमा एस.ई.ई. वा सो सरह परीक्षा उत्तीर्ण गरेको,

(ग) सम्बन्धित वर्गको कम्तीमा पाँच वर्ष सवारी साधन चलाएको अनुभव भएको,

(२) नियम (१) अनुसारको प्रशिक्षार्थी सवारी चालकका लागि तोकिएको योग्यता पुगेका व्यक्तिलाई कार्यालयले प्रशिक्षार्थी सवारी चालक प्रमाणपत्र दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिमको प्रशिक्षार्थी सवारी चलाक प्रमाणपत्र लिने सम्बन्धी अन्य प्रक्रिया मन्त्रालयले तोके अनुसार हुनेछ।

## परिच्छेद–६

## यातायात व्यवस्थापन

४९. **मार्ग इजाजतपत्रको लागि दरखास्त दिने:** (१) ऐनको दफा ८५ बमोजिम मार्ग इजाजतपत्र लिन चाहने सवारी धनी वा व्यवस्थापकले मार्ग इजाजतपत्रका लागि प्रचलित आर्थिक ऐनमा उल्लेखित दस्तुर सहित सम्बन्धित कार्यालयमा अनुसूची–१८ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम मार्ग ईजाजतपत्रको लागि दरखास्त दिँदा सम्बन्धित सवारी धनी वा व्यवस्थापकले चालक तथा परिचालकहरूलाई दिएको नियुक्ति पत्रको प्रतिलिपि समेत संलग्न गर्नुपर्नेछ।

(३) सार्वजनिक सवारीको रुपमा संचालन हुने सवारीलाई सम्बन्धित सवारी धनी वा व्यवसायी कम्पनीको माग बमोजिम उपनियम (१) र (२) को प्रक्रिया पुरा गरी आएमा सम्बन्धित कार्यालयले प्रदेशभर, बहुजिल्ला, एक जिल्ला, निश्चित पालिका वा क्षेत्र तोकी मार्ग इजाजतपत्र जारी गर्न सक्नेछ । अन्तर प्रदेश मार्ग इजाजतको हकमा सम्बन्धित निकायको निर्देशन बमोजिम कार्यालयले मार्ग इजाजत जारी गर्न सक्नेछ।

(४) एउटा मार्ग इजाजतपत्र प्रयोग गरिरहेको सवारीको धनी वा व्यवस्थापकले सो मार्गमा सवारी नचलाई अर्को मार्गमा सवारी चलाउने भएमा त्यसरी सवारी चलाउने मार्ग इजाजतपत्र लिनको लागि साविकको मार्ग इजाजतपत्र दिने कार्यालयले दिएको सहमतिपत्र समेत संलग्न गर्नुपर्नेछ।

५०. **मार्ग परिवर्तन:** (१) ऐनको दफा ८६ बमोजिम दिइएको मार्ग इजाजतपत्रमा उल्लिखित मार्ग बाहेक अन्य मार्ग प्रयोग गर्न चाहेमा सम्बन्धित सवारी धनी वा व्यवस्थापकले ऐनको दफा ८८ बमोजिम अन्य मार्ग प्रयोग गर्नको लागि प्रचलित

आर्थिक ऐनमा उल्लेखित दस्तुर सहित त्यस्तो मार्ग इजाजतपत्र दिने कार्यालयमा अनुसूची–१९ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको दरखास्त परेमा कार्यालयले ऐनको दफा ८८ बमोजिम नयाँ मार्ग इजाजतपत्र दिनु पर्नेछ।

५१. **<u>पटके मार्ग इजाजतपत्रः</u>** (१) ऐनको दफा ९० बमोजिम पटके मार्ग इजाजतपत्र लिन चाहने सवारी धनी वा व्यवस्थापकले प्रचलित आर्थिक ऐनमा उल्लेखित दस्तुर सहित सम्बन्धित कार्यालयमा अनुसूची-२० बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त परेमा कार्यालयले जाँचवुझ गरी ऐनको दफा ९० बमोजिमको अवधिका लागि पटके मार्ग इजाजतपत्र दिनु पर्नेछ।

५२. **<u>यात्रुवाहक सवारीको आकार र स्तर तोक्न सक्नेः</u>** ऐनको दफा ७९ बमोजिम निर्धारण गरेको मार्गमध्ये मार्ग इजाजतपत्रको लागि यात्रुवाहक सवारीको आकार र स्तर प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ।

५३. **<u>मध्यम र लामो मार्गमा यातायात सेवा प्रदान गर्ने सार्वजनिक सवारीको स्तरः</u>** ऐनको दफा ९१ बमोजिम मध्यम र लामो मार्गमा यातायात सेवा सञ्चालन गर्ने सार्वजनिक सवारीको स्तर प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिम हुनेछ।

५४. **<u>मार्ग इजाजतपत्रको नवीकरणः</u>** (१) ऐनको दफा ९२ बमोजिम मार्ग इजाजतपत्रको नवीकरणको लागि प्रचलित आर्थिक ऐनमा उल्लेखित दस्तुर सहित त्यस्तो मार्ग इजाजतपत्र दिने कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पर्न आएको निवेदनको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी मार्ग इजाजतपत्र नवीकरण गर्न उपयुक्त देखेमा ऐन तथा यस नियमावलीमा उल्लिखित अन्य व्यवस्थाहरूको अधीनमा रही मार्ग इजाजतपत्र नवीकरण गरी दिनु पर्नेछ।

५५. **<u>मार्ग इजाजतपत्र स्थगितः</u>** (१) ऐनको दफा ८६, ८८, ८९ र ९२ बमोजिम दिइएको मार्ग इजाजतपत्रमा उल्लिखित अवधि समाप्त हुनु अगावै मार्ग इजाजतपत्र प्राप्त सवारीको धनी वा व्यवस्थापकले सवारी चल्न नसक्ने कारण

देखाई मार्ग इजाजतपत्र स्थगित गर्नको लागि ऐनको दफा ९५ बमोजिम त्यस्तो मार्ग इजाजतपत्र दिने कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पर्न आएको दरखास्तको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी ऐनको दफा ९५ बमोजिम मार्ग इजाजतपत्र स्थगित गरी दिनेछ।

(३) उपनियम (२) मा लेखिए देखि बाहेक कुनै सवारीको सम्बन्धमा ऐन तथा यस नियमावली बमोजिम सवारी धनी वा व्यवस्थापकले कार्यालयबाट माग भए बमोजिमका कागजातहरू पेश गर्नु पर्नेछ। त्यसरी माग भएका कागजात पेश गर्न नसकेमा वा पेश गरे तापनि त्यस्तो कागजात शंकास्पद देखिएमा त्यस्तो सवारीको सम्बन्धमा ऐन तथा यस नियमावली बमोजिम दिइएको मार्ग इजाजतपत्र स्थगित गर्न सक्नेछ।

५६. **मार्ग इजाजतपत्र निलम्बनः** देहायको कार्य गरेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारीको मार्ग इजाजतपत्र बढीमा छ महिनाको लागि निलम्बन गर्न सक्नेछः–

(क) ऐनको दफा ११६ विपरीत हुनेगरी यात्रुवाहक सार्वजनिक सवारी चलाएमा,

(ख) यात्रुवाहक सवारीले मालसमान (यात्रीको झिटीगुन्टा बाहेक) बोकेमा र मालवाहक सवारी साधनले यात्रु बोकेमा,

(ग) यात्रुवाहक सार्वजनिक सवारीले ऐनको दफा ११८ विपरीत यातयात सेवा सञ्चालन गरेमा,

(घ) सार्वजनिक सवारीले ऐनको दफा ८४ बमोजिम मार्ग इजाजतपत्र नलिई यातायात सेवा सञ्चालन गरेमा,

(ङ) यात्रुवाहक सवारीले यो नियम लागू भएको पैंतालिस दिनभित्र सवारीको छतमा सामान राख्ने क्यारियर नहटाएमा।

५७. **मार्ग इजाजतपत्रको नामसारीः** ऐन तथा यस नियमावली बमोजिम मार्ग इजाजतपत्र प्राप्त गरेको कुनै सवारीको धनी वा व्यवस्थापकले सवारी बिक्री वा अन्य कुनै व्यहोराबाट सो सवारीको नामसारी गराएमा त्यस्तो मार्ग इजाजतपत्र प्राप्त सवारीको नयाँ धनी वा व्यवस्थापकले उक्त मार्ग इजाजतपत्र प्रयोग गर्न चाहेमा मार्ग इजाजतपत्रको नामसारीको लागि निवेदन दिएमा सम्बन्धित कार्यालयले त्यस्तो मार्ग इजाजतपत्र नामसारी गरिदिनु पर्नेछ।

५८. **मार्ग इजाजतपत्र दर्ता किताबः** ऐन तथा यस नियमावली बमोजिम दिइएको मार्ग इजाजतपत्र मार्ग परिवर्तन गरिएको इजाजतपत्र, पटके मार्ग इजाजतपत्र, मार्ग इजाजत नवीकरण, मार्ग इजाजतपत्र स्थगित तथा मार्ग इजाजतपत्र नामसारीको लगत अनुसूची–२१ बमोजिमको मार्ग इजाजत दर्ता किताबमा अद्यावधिक रूपमा राख्नु पर्नेछ।

५९. **मार्ग इजाजतपत्रको प्रतिलिपि दिनेः** (१) ऐनको दफा ९८ बमोजिमको कारण परी मार्ग इजाजतपत्रको प्रतिलिपि आवश्यक परेमा सम्बन्धित सवारी धनी वा व्यवस्थापकले प्रचलित आर्थिक ऐनमा उल्लेखित दस्तुर सहित सम्बन्धित कार्यालयमा अनुसूची-२२ को ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पर्न आएको निवेदनको सम्बन्धमा कार्यालयले ऐनको दफा ९८ बमोजिम आवश्यक जाँचबुझ गरी मार्ग इजाजतपत्रको प्रतिलिपि दिई त्यस्को सूचना सम्बन्धित प्रहरी कार्यालयलाई दिनु पर्नेछ।

६०. **जाँचपास प्रमाणपत्रको लागि दरखास्तः** (१) ऐनको दफा १०० बमोजिम सवारी जाँचपास प्रमाणपत्र लिन चाहने व्यवस्थापक वा सवारी धनीले सवारी सञ्चालन गर्नु अगाडि ऐनको दफा १०० बमोजिम जाँचपासको लागि प्रचलित आर्थिक ऐनमा उल्लेखित दस्तुर सहित सम्बन्धित कार्यालयमा अनुसूची-२३ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा कार्यालयले सम्बन्धित प्राविधिक मार्फत अनुसूची–२४ बमोजिमको ढाँचाको जाँचपास विवरण फाराम बमोजिम सम्बन्धित सवारीको आवश्यक जाँचबुझ गर्न लगाइ जाँचपास विवरण फाराम बमोजिमको व्यहोरा ठीक देखिन आएमा ऐन तथा यस नियमावलीमा उल्लिखित अन्य व्यवस्थाहरूको अधीनमा रही अनुसूची–२५ बमोजिमको ढाँचामा जाँचपास प्रमाणपत्र दिनुपर्नेछ।सार्वजनिक सवारीको जांचपास प्रमाणपत्र दिंदा अन्य प्राबिधिक परिक्षणका अतिरिक्त अनिवार्यरुपमा प्रदुषण चेकजाँच गर्नुपर्नेछ।

(३) उपनियम (२) बमोजिम दिइएको जाँचपास प्रमाणपत्रको म्याद बहाल रहेकै अवस्थामा कुनै सवारी अधिकार प्राप्त अधिकारी, यातायत निरीक्षक वा सम्बन्धित ट्राफिक प्रहरीले जाँच गर्दा ठीक अवस्थामा रहेको नदेखिएमा उक्त सवारीको आवश्यक मर्मत सम्भारको लागि पन्ध्र दिनको म्याद दिन सक्नेछ र

सो म्याद भित्र सवारीको मर्मत सम्भार गर्न नभ्याएमा थप पन्ध्र दिनको म्याद दिन सक्नेछ र सो म्याद भित्र मर्मत सम्भार गराउनु सम्बन्धित सवारीको धनी र व्यवस्थापकको कर्तव्य हुनेछ।

(४) उपनियम (३) बमोजिम दिइएको म्यादभित्र आवश्यक मर्मत सम्भार नगरी त्यस्तो सवारी चलाउन हुँदैन।

६१. **<u>पुनः जाँचपास गर्नुपर्ने:</u>** (१) ऐनको दफा १०१ बमोजिम दिइएको जाँचपास प्रमाणपत्रमा उल्लिखित अवधि समाप्त भएपछि पुनः जाँचपासको लागि सवारी धनी वा व्यवस्थापकले ऐनको दफा १०२ बमोजिम त्यस्तो जाँचपास प्रमाणपत्र दिने निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पुनः जाँचपासको लागि दरखास्त पर्न आएमा कार्यालयले नियम ६० को उपनियम (२) बमोजिम आवश्यक जाँचबुझ गर्न लगाइ ऐन तथा यस नियमावलीमा उल्लिखित अन्य व्यवस्थाहरूको अधीनमा रही पुनः जाँचपास प्रमाणपत्र दिनु पर्नेछ।

६२. **<u>जाँचपास प्रमाणपत्र स्थगित:</u>** (१) ऐनको दफा १०१ र १०२ बमोजिम दिइएको जाँचपास प्रमाणपत्रमा उल्लिखित अवधि समाप्त हुनु अगावै सम्बन्धित सवारीको धनी वा व्यवस्थापकले सवारी चल्न नसक्ने कारण देखाई जाँचपास प्रमाणपत्र स्थगित गर्नको लागि सम्बन्धित कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम जाँचपास प्रमाणपत्र स्थगित गर्नको लागि निवेदन पर्न आएमा कार्यालयले आवश्यक जाँचबुझ गरी जाँचपास प्रमाणपत्र स्थगित गर्न उपयुक्त देखेमा स्थगित गरिदिनेछ।

६३. **<u>जाँचपास प्रमाणपत्रको प्रतिलिपि:</u>** (१) जाँचपास प्रमाणपत्रको प्रतिलिपि आवश्यक परेमा सम्बन्धित सवारी धनी वा व्यवस्थापकले जाँचपास प्रमाणपत्रको प्रतिलिपिको लागि प्रचलित आर्थिक ऐनमा उल्लेखित दस्तुर सहित सम्बन्धित कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पर्न आएको निवेदनको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम जाँचपास प्रमाणपत्रको प्रतिलिपि दिन आवश्यक देखेमा जाँचपास प्रमाणपत्रको प्रतिलिपि दिनेछ।

६४. **<u>जाँचपास किताब:</u>** ऐनको दफा १०१ र १०२ तथा नियम ६०,६१ र ६२ बमोजिम जाँचपास प्रमाणपत्र दिइएको, पुनः जाँचपास गरिएको र जाँचपास स्थगित

गरिएको व्यहोरा अद्यावधिक रूपमा राख्न कार्यालयले अनुसूची-२६ बमोजिमको ढाँचामा जाँचपास किताब तयार गरी राख्नु पर्नेछ।

६५. **यातायात सेवाको नाम पञ्जीकृत गर्नेः** (१) ऐनको दफा १०७ बमोजिम यातायात सेवाको नाम पञ्जीकृत गरी यातायात सेवा सञ्चालन गर्न चाहने सवारी धनी वा व्यवस्थापकले देहाय बमोजिमको कागजात तथा प्रचलित आर्थिक ऐनमा उल्लेखित दस्तुर सहित कार्यालय समक्ष अनुसूची–२७ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछः–

(क) प्रोपाईटर, साझेदार वा प्रथम सञ्चालकहरूको नागरिकताको प्रमाणपत्र,

(ख) सञ्चालन गर्न खोजेको यातायत सेवा अन्तर्गत रहेका सवारीको दर्ताको प्रमाणपत्र,

(ग) सञ्चालन गर्न खोजेको यातायात सेवा यस अघि अन्य कुनै नामबाट सञ्चालन भएको भए त्यसको दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र र कर फच्र्छौट प्रमाणपत्र,

(घ) सञ्चालन गर्न खोजेको यातायात सेवाको उद्योग दर्ता प्रमाणपत्र, कम्पनीको हकमा प्रबन्धपत्र र नियमावली समेत,

(ङ) सञ्चालन गर्न खोजेको यातायात सेवा अन्तर्गत काम गर्ने चालक, परिचालकलाई दिइएको नियुक्तिको प्रतिलिपि र अन्य कर्मचारीहरूको विवरण।

(२) उपनियम (१) बमोजिम पर्न आएको दरखास्तको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गर्दा त्यस्तो यातायात सेवाको नाम पञ्जीकृत गरी यातायात सेवा सञ्चालन गर्न दिन उपयुक्त देखेमा ऐन तथा यस नियमावलीमा उल्लिखित अन्य व्यवस्थाहरूको अधीनमा रही अनुसूची–२८ बमोजिमको ढाँचामा यातायात सेवा पञ्जीकृत किताबमा पञ्जीकृत गरी यातायात सेवा सञ्चालन गर्न कम्पनी वा सवारी धनीलाई अनुमतिपत्र दिन सक्नेछ।

६६. **यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्रको नवीकरणः** (१) यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्रमा उल्लिखित अवधि समाप्त भएपछि त्यस्तो अनुमतिपत्र नवीकरणको लागि सवारी धनी वा कम्पनीको व्यवस्थापकले प्रचलित आर्थिक

ऐनमा उल्लेखित दस्तुर सहित कार्यालय समक्ष अनुसूची–२९ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको नवीकरणको लागि पर्न आएको दरखास्तको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र नवीकरण गर्न उपयुक्त देखेमा ऐन तथा यस नियमावलीमा उल्लिखित अन्य व्यवस्थाहरूको अधीनमा रही यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र नवीकरण गरी दिनेछ।

(३) उपनियम (२) बमोजिम यातायात सेवा सञ्चालन गर्न अनुमतिपत्र नवीकरण गरिएको व्यहोरा अनुसूची–२८ बमोजिमको यातायात सेवा पञ्जीकृत किताबमा समेत जनाउनु पर्नेछ।

६७. **<u>यातायात सेवा सञ्चालन अनुमतिपत्र स्थगित गर्नेः</u>** (१) यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र प्राप्त सवारीको धनी वा व्यवस्थापकले यातायात सेवा सञ्चालन गर्न नसक्ने भएमा सो को कारण सहित यातायात सेवा स्थगित गर्ने स्वीकृतिको लागि कार्यालय समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पर्न आएको निवेदकको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र स्थगित गर्न उपयुक्त देखेमा यातायात सेवा सञ्चालन स्थगित गर्ने अनुमति दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिम यातायात सेवा स्थगित गर्न अनुमतिपत्र दिइएको व्यहोराको यातायात सेवा पञ्जीकृत किताबमा समेत जनाउनु पर्नेछ ।

(४) उपनियम (२) बमोजिम स्थगित भएको यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्रमा उल्लिखित अवधि भित्र सम्बन्धित सवारी धनी वा व्यवस्थापकले स्थगित भएको यातायात सेवा पुनःसञ्चालन गर्ने अनुमतिको लागि नियम ५१ मा उल्लिखित कागजातहरू संलग्न गरी कार्यालयमा निवेदन दिन सक्नेछ।

(५) उपनियम (४) बमोजिम यातायात सेवा पुनः सञ्चालन गर्नको लागि पर्न आएको दरखास्तको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी त्यस्तो यातायात सेवा पुनः सञ्चालन गर्न उपयुक्त देखिएमा ऐन तथा यस नियमावलीमा उल्लिखित अन्य व्यवस्थाहरूको अधीनमा रही अनुसूची–२८

बमोजिमको यातायात सेवा पञ्जीकृत किताबमा सोही व्यहोरा जनाई यातायात सेवा पुनः सञ्चालन अनुमतिपत्र दिनेछ।

६८. **यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्रको नामसारीः** यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र प्राप्त गरेको कुनै सवारीको धनी वा व्यवस्थापकले आफ्नो सवारी अरू कसैलाई बिक्री गरी वा अन्य कुनै व्यहोराबाट नामसारी गरि दिएमा सवारीको नयाँ धनी वा व्यवस्थापकले साविकको सवारी धनी वा व्यवस्थापकले प्रयोग गरी आएको यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र आफ्नो नाममा नामसारी गर्नको लागि नियम ५१ को उपनियम (१) बमोजिमको कागजात संलग्न गरी कार्यालय समक्ष निवेदन दिएमा कार्यालयले त्यस्तो अनुमतिपत्रको नामसारी गरिदिनुपर्नेछ।

६९. **यात्री टिकट बिक्री गर्ने व्यक्तिले लगाउने परिचयपत्रः** सार्वजनिक सवारी सञ्चालन गर्ने पञ्जीकृत यातायात सेवाको यात्री टिकट बिक्री गर्ने व्यक्तिले कार्यालयले तोकेको ढाँचा परिचयपत्र लगाउनु पर्नेछ।

७०. **यात्री टिकटको ढाँचाः** (१)सार्वजनिक सवारी सञ्चालन गर्ने पञ्जीकृत यातायात सेवाको यात्री टिकट को ढाँचा कार्यालयले तोके अनुसार हुनेछ । ऐन बमोजिम विद्युतीय माध्यमबाट भाडा लिएमा सोको जानकारी यात्रुलाई दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको सार्वजनिक सवारी यात्री टिकटलाई कार्यालयले ई-टिकटको रुपमा जारी गर्न सक्नेछ।

(३) मालबाहक सार्वजनिक सवारीले कुनै पनि किसिमको माल ढुवानी गर्दा मालसमानको धनीलाई त्यस्तो मालसामानको विवरण उपलब्ध गराउनुपर्नेछ।

७१. **मालसामान ढुवानीको बिलः** मालबाहक सवारी सञ्चालन गर्ने पञ्जीकृत यातायात सेवाको कर्मचारीले मालवस्तुको ओसार पसार गरे बापत सम्बन्धित मालधनीबाट भाडा बुझिलिई बिल भरपाई दिनु पर्नेछ।

७२. **यात्री सूचीः** (१) लामो र मध्यम दूरीमा सञ्चालन गरिने पञ्जीकृत यातायात सेवाको व्यवस्थापक वा सवारी धनीले ऐनको दफा ११४ बमोजिम यात्री सूची तयार गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको ढाँचामा तयार गरिने यात्री सूचीमा सवारी प्रस्थान गर्दा सवारीमा रहेका यात्रीको अतिरिक्त बीचमा सवारीमा चढ्ने नयाँ यात्रीको नाम समेत समावेश गरी त्यस्तो यात्री सूचीको एक प्रति बीच मार्गमा रहेका प्रहरी कार्यालय तथा चेक पोष्टलाई समेत दिनु पर्नेछ।

७३. **अनुदान सम्बन्धी व्यवस्थाः** ऐनको दफा ८२ बमोजिम दुर्गम तथा पिछाडिएको वस्तीका जनतालाई सवारीको न्यूनतम् सेवा उपलब्ध गराउन सार्वजनिक सवारी सञ्चालन गर्न अनुदान दिने व्यवस्थाका लागि प्रदेश सरकारले कार्यविधि बनाई तोके अनुसार हुनेछ।

७४. **सवारी साधनको प्रदुषण जाँच्न सक्नेः** कार्यालयले सवारी साधनको प्रदुषणको स्तर जाँच्न लगाई त्यस्तो सवारी प्रचलित कानूनले तोकेको गुणस्तरको मापदण्ड भित्र परेको पाइएमा प्रदुषण जाँचपास स्टीकर उपलब्ध गराउनुपर्नेछ।

७५. **यातायात सेवाको पञ्जीकृत गर्नेः** (१) यातायात सेवाको नाम पञ्जीकृत हुँदा कम्तिमा एउटा सार्वजनिक सवारी साधन दर्ता गरी कम्पनी पञ्जीकृत गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिमको सेवामा काम गर्ने कर्मचारीहरुको नियुक्ति, सेवाको शर्त र सुविधा प्रचलित कानून बमोजिम हुनु पर्नेछ।

(३) नियम (१) बमोजिम पञ्जीकृत भएका सार्वजनिक सवारीलाई पञ्जीकृत सेवा कम्पनीको सिफारिस तथा यातायात व्यवसायीको मागलाई आधार मानी एकल र बहुमार्ग ईजाजत जिल्ला वा प्रदेश भरको मार्ग ईजाजत कार्यालयले प्रदान गर्न सक्नेछ।

(४) सवारी धनीले सार्वजनिक सवारी संचालन गर्न कम्पनीमा आबद्ध नभईकन यातायात कार्यालयमा सवारी साधन पञ्जीकृत गरी आएमा माग बमोजिमको मार्ग इजाजत जारी गर्न सकिनेछ।

७६. **स्वचालित भाडादर सिफारिस समिति गठन गर्न सक्नेः** (१) मन्त्रालयले प्रदेश भर लागू हुने गरी सार्वजनिक सवारी साधनको बैज्ञानिक तथा स्वचालित भाडादर निर्धारण गरी सिफारिस गर्न मन्त्रालयका सचिवको संयोजकत्वमा देहायको प्रदेश भाडादर सिफारिस समिति गठन गर्ने सक्नेछ।

(क) सचिव, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय -संयोजक

(ख) महाशाखा प्रमुख, (प्रशासन तथा यातायात हेर्ने) मन्त्रालय -सदस्य

(ग) प्रतिनिधि (अधिकृतस्तर), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(घ) प्रतिनिधि (अधिकृतस्तर) कानून, सञ्चार तथा प्रदेश सभा मामिला हेर्ने) मन्त्रालय - सदस्य

(ङ) प्रतिनिधि (अधिकृतस्तर), आर्थिक मामिला हेर्ने मन्त्रालय -सदस्य

(च) यातायात व्यवस्था कार्यालयहरु मध्येबाट मन्त्रालयले तोकेको कार्यालय प्रमुख एक जना -सदस्य

(छ) प्रतिनिधि (अधिकृतस्तर), प्रदेश ट्राफिक कार्यालय, गण्डकी प्रदेश -सदस्य

(ज) मन्त्रालयले तोकेको मेकानिकल ईन्जिनियर(मन्त्रालय वा अन्तर्गत) -सदस्य

(झ) मन्त्रालयका कानून शाखाका प्रमुख -सदस्य

(ञ) मन्त्रालयको यातायात शाखा हेर्ने शाखा प्रमुख -सदस्य सचिव

(२) अन्य आवश्यक सरोकारवालाहरुलाई बैठकमा आमन्त्रण गर्ने र बैठकको कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिमको समितिले उपनियम (४) बमोजिमको कार्यशर्त तथा सूचकका आधारमा सार्वजनिक सवारीको भाडादर निर्धारण तथा समायोजन गरी सोको प्रतिवेदन मन्त्रालयमा पेश गरी स्वीकृत गराई लागू गर्न सक्नेछ।

(४) समितिले देहायका कार्यशर्तका सूचकहरुलाई आधार लिई बैज्ञानिक तथा स्वचालीत भाडादर निर्धारण तथा समायोजनका लागि सिफारिस गर्न सक्नेछ।

(क) ईन्धनको मुल्यमा पाँच प्रतिशत वा सो भन्दा बढी घटबढ भएमा,

(ख) सार्वजनिक सवारीसाधनको (बजार सर्वेक्षणबाट विवरण लिई) बुक भ्यालु,

(ग) नेपाल सरकार प्रदेश सरकार तथा स्थानीय तहहरुलाई बुझाउनुपर्ने राजश्व तथा दस्तुरहरु,

(घ) सम्बन्धित व्यवसायीले कर कार्यालयमा बुझाएको कर विवरण,

(ङ) सवारीको बीमा वापतको रकम,

(च) सार्वजनिक सवारीमा काम गर्ने कामदारको ज्याला, तलब लगायतका प्रशासनिक खर्च,

(छ) इन्धन खर्च तथा ब्याट्री टायर, लुब्रिकेन्ट र पार्टपुर्जा लगायतका प्रचलित बजारमूल्यको आधारमा सञ्चालन सम्बन्धी खर्च,

(ज) सवारीको मर्मत सम्बन्धी खर्चहरु (प्रचलित बजारमूल्यको आधारमा),

(झ) ह्रासकट्टी (आयकर ऐन, २०५८ बमोजिम),

(ञ) कर्जामा लाग्ने बैंक ब्याजदर लगायतका अन्य ओभरहेड खर्चहरू (सम्बन्धित व्यवसायीले तिरेको यथार्थ रकम तथा कर कार्यालयमा बुझाएको विवरणको आधारमा),

(ट) सवारी सञ्चालन गरेबापत सञ्चालकले पाउनुपर्ने न्यूनतम मुनाफा,

(ठ) भाडादर कायम गर्दा सुपथ भाडादर सिफारिस गर्ने,

(ड) समितिले मनासिव ठहर गरेका अन्य आधारहरु।

## परिच्छेद—७

## आवागमन नियन्त्रण

७७. **एकीकृत सवारी सेवा केन्द्र सञ्चालनः** मन्त्रालयले प्रदेशभित्र ठुलो शहरमा जाने सवारीको प्रवेशलाई व्यवस्थित गर्ने प्रयोजनको लागि एकीकृत सवारी सेवा केन्द्र व्यवस्थापनको मापदण्ड बनाई जारी गर्न सक्नेछ।

७८. **सवारी भार परीक्षण गर्ने सक्नेः** मन्त्रालयले मालबाहक सवारीको भारवहन क्षमता अनुसारको माल समान बोके नबोकेको परीक्षण गर्न नेपाल सरकार, यातायात व्यवस्था विभाग र मन्त्रालयले बेला-बेलामा तोकेको तौल गर्ने मेसिन राखी सवारीको तौल लिने व्यवस्था गर्नसक्नेछ।

## परिच्छेद-८

## बीमा सम्बन्धी व्यवस्था

७९. **यातायात सेवामा काम गर्ने कर्मचारीको बीमाः** (१) यातायात सेवा सञ्चालन र्ने सवारी धनी वा व्यवस्थापकले ऐनको दफा १६७ बमोजिम दुर्घटना बीमा

गराउँदा सो यातायात सेवामा संलग्न सवारी चालक, परिचालक, चेकर, हेल्पर, सुरक्षाकर्मी वा अन्य कर्मचारीको सवारी दुर्घटनाको कारणबाट हुने मृत्यु, अङ्गभङ्ग तथा उपचार बापत यस नियममा उल्लेख भए बमोजिमको रकमको बीमा गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम बीमा गराउँदा मृतकको लागि आठ लाख रुपैयाँको बीमा गराउनु पर्नेछ।

(३) यातायात सेवामा संलग्न कुनै सवारी साधन दुर्घटना भई उपनियम (१) मा उल्लिखित कुनै व्यक्तिको मृत्यु भएमा त्यस्तो सवारी साधनको धनी वा व्यवस्थापकले प्रत्येक मृतकको परम्परा अनुसारको काज किरिया खर्च वापत निजको हकवालालाई तत्काल पचहत्तर हजार रुपैयाँ उपलब्ध गराउनु पर्नेछ र सो रकम त्यस्तो धनी वा व्यवस्थापकले उपनियम (२) बमोजिमको बीमा रकमबाट सोधभर्ना लिन सक्नेछ।

(४) उपनियम (१) बमोजिम बीमा गराउँदा अङ्गभङ्ग बापत देहाय बमोजिमको बीमा गराउनु पर्नेछः-

| | | |
|---|---|---|
| क. | स्थायी पूर्ण अशक्तता | आठ लाख रुपैयाँ |
| ख. | दुवै आँखाको दृष्टि गुमेमा | आठ लाख रुपैयाँ |
| ग. | दुवै हातको नाडी वा दुवै खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथिको भाग बेकम्मा भएमा | आठ लाख रुपैयाँ |
| घ. | एउटा हातको नाडी, एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथि र एउटा आँखाको दृष्टि पूर्णरुपले गुमेमा | आठ लाख रुपैयाँ |
| ङ. | एउटा आँखाको दृष्टि पूर्णरुपले गुमेमा | दुई लाख पचास हजार रुपैयाँ |
| च. | एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथिको भाग बेकम्मा भएमा | दुई लाख पाचास हजार रुपैयाँ |
| छ. | अन्य कुनै अङ्गभङ्ग भएमा | मान्यता प्राप्त चिकित्सकले निर्धारण गरेको |

क्षति अनुसारको मनासिब बीमा रकम

(५) उपनियम (१) बमोजिम बीमा गराउँदा घाउचोटको उपचार खर्च, बिरामी कुरुवा खर्च र विविध खर्च बापत देहाय बमोजिमको बीमा गराउनु पर्नेछः-

(क) एक लाख रुपैयाँसम्मको वास्तविक उपचार खर्च,

(ख) अस्पताल भर्ना भएको अवधिको लागि प्रति दिनको पाँच सय रुपैयाँको दरले बढीमा तीस दिनसम्मको लागि कुरुवा खर्च र विविध खर्च।

८०. **<u>यात्री बीमा</u>:** (१) यातायात सेवा सञ्चालन गर्ने सवारी धनी वा व्यस्थापकले ऐनको दफा ११४ बमोजिम यात्रीको दुर्घटना बीमा गराउँदा यात्रुवाहक सवारी साधनको हकमा सो सवारी साधनको सीट संख्या बराबर र मालबाहक सवारी साधनको हकमा सो सवारी साधनको ब्ल्यू बुकमा उल्लेख भए बमोजिमको सीट संख्या बराबरको संख्यामा यात्रीको मृत्यु, अङ्गभङ्ग तथा उपचार खर्च बापत बीमा गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम बीमा गराउँदा सवारी दुर्घटनाबाट हुने मृत्युको लागि पाँच वर्षभन्दा बढी उमेर भएका प्रत्येक यात्रीको लागि एकलाख रुपैयाँ, एक वर्षदेखि पाँच वर्षसम्मको प्रत्येक यात्रीको लागि पचास हजार रुपैयाँ र एक वर्षभन्दा कम उमेरको यात्रीको लागि पच्चीस हजार रुपैयाँको बीमा गराउनु पर्नेछ।

(३) यातायात सेवामा संलग्न कुनै सवारी साधन दुर्घटना भई यात्रीको मृत्यु भएमा त्यस्तो सवारी साधनको धनी वा व्यवस्थापकले प्रत्येक मृतकको परम्परा अनुसारको काज किरिया खर्च वापत निजको हकवालालाई तत्काल पच्चीस हजार रुपैयाँ उपलब्ध गराउनु पर्नेछ र सो रकम त्यस्तो धनी वा व्यवस्थापकले उपनियम (२) बमोजिमको बीमा रकमबाट सोधभर्ना लिन सक्नेछ।

(४) उपनियम (१) बमोजिम बीमा गराउँदा अङ्गभङ्ग वापत देहाय बमोजिमको बीमा गराउनु पर्नेछ :-

| | | |
|---|---|---|
| क. | स्थायी पूर्ण अशक्तता | उपनियम (२) मा मृत्यु वापत उल्लिखत बीमा रकमको शतप्रतिशत |
| ख. | दुवै आँखाको दृष्टि गुमेमा | उपनियम (२) मा मृत्यु वापत उल्लिखित बीमा रकमको शतप्रतिशत |
| ग. | दुवै हातको नाडी वा दुवै खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथिको भाग बेकम्मा भएमा | उपनियम (२) मा मृत्यु वापत उल्लिखित बीमा रकमको शतप्रतिशत |
| घ. | एउटा हातको नाडी, एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथि र एउटा आँखाको दृष्टि पूर्णरुपले गुमेमा | उपनियम (२) मा मृत्यु वापत उल्लिखित बीमा रकमको शतप्रतिशत |
| ङ. | एउटा आँखाको दृष्टि पूर्णरुपले गुमेमा | उपनियम (२) मा मृत्यु वापत उल्लिखत बीमा रकमको पचास प्रतिशत |
| च. | एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथिको भाग बेकम्मा भएमा | उपनियम (२) मा मृत्यु वापत उल्लिखत बीमा रकमको पचास प्रतिशत |
| छ. | अन्य कुनै अङ्गभङ्ग भएमा | मान्यता प्राप्त चिकित्सकले निर्धारण गरेको क्षति अनुसारको मनासिब बीमा रकम |

(५) उपनियम (१) बमोजिम बीमा गराउँदा घाउचोटको उपचार खर्च, बिरामी कुरुवा खर्च र विविध खर्च वापत देहाय बमोजिमको बीमा गराउनु पर्नेछः-

(क) एक लाख रुपैयाँसम्मको वास्तविक उपचार खर्च,

(ख) अस्पताल भर्ना भएको अवधिको लागि प्रति दिनको पाँच सय रुपैयाँका दरले बढीमा तीस दिनसम्मको लागि कुरुवा खर्च र विविध खर्च ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सवारी साधनमा रहेको सीट संख्याभन्दा बढी संख्यामा यात्री सवार गराउने कुनै सवारी साधन दर्घटना भई सीट बिना यात्रा गर्ने यात्रीको मृत्यु वा अङ्गभङ्ग भएमा वा त्यस्ता यात्री घाइते भएमा त्यस्तो सवारी साधनको धनी वा व्यवस्थापकले यस नियममा उल्लिखित बीमा रकम बराबरको रकम मृतकको हकवाला वा अङ्गभङ्ग भएको व्यक्ति वा घाइतेलाई क्षतिपूर्ति वापत दिनु पर्नेछ।

८१. **यात्री गुण्टाको बीमा** :यात्री गुण्टाको बीमा रकम प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ।

८२. **तेस्रो पक्ष बीमा**ः (१) सवारी दुर्घटनाबाट हुने तेस्रो पक्षको मृत्यु, अङ्गभङ्ग, घाउचोट वा सम्पत्तिको नोक्सानी वापत क्षतिपूर्ति दिने प्रयोजनको लागि सवारी धनी वा व्यवस्थापकले मृत्यु, अङ्गभङ्ग, घाउचोटको लागि न्यूनतम पचास लाख रुपैंयाँ र सम्पत्ति नोक्सानीको लागि न्यूनतम पचास लाख रुपैयाँ रकमको बीमा गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम बीमा गराउँदा प्रत्येक तेस्रो पक्षको मृत्युको लागि सो उपनियममा उल्लिखित रकमको अधीनमा रही पाँच लाख रुपैयाँ उपलब्ध हुने गरी बीमा गराउनु पर्नेछ।

(३) कुनै सवारी साधन दुर्घटना भई तेस्रो पक्षको मृत्यु भएमा त्यस्तो सवारी साधनको धनी वा व्यवस्थापकले प्रत्येक मृतकको परम्परा अनुसारको काज किरिया खर्च वापत निजको हकवालालाई तत्काल पच्चीस हजार रुपैयाँ उपलब्ध गराउनु पर्नेछ र सो रकम त्यस्तो धनी वा व्यवस्थापकले उपनियम (२) बमोजिमको बीमा रकमबाट सोधभर्ना लिन सक्नेछ।

(४) उपनियम (१) बमोजिम बीमा गराउँदा अङ्गभङ्ग वापत देहाय बमोजिमको बीमा गराउनु पर्नेछः-

| | | |
|---|---|---|
| क. | स्थायी पूर्ण अशक्तता | उपनियम (१) मा उल्लिखित रकमको अधीनमा रही पाँच लाख |

| | | |
|---|---|---|
| | | रुपैयाँ |
| ख. | दुवै आँखाको दृष्टी गुमेमा | उपनियम (१) मा उल्लिखित रकमको अधीनमा रही पाँच लाख रुपैयाँ |
| ग. | दुवै हातको नाडी वा दुवै खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथिको भाग बेकम्मा भएमा | उपनियम (१) मा उल्लिखित रकमको अधीनमा रही पाँच लाख रुपैयाँ |
| घ. | एउटा हातको नाडी, एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथि र एउटा आँखाको दृष्टी पूर्णरुपले गुमेमा | उपनियम (१) मा उल्लिखित रकमको अधीनमा रही पाँच लाख रुपैयाँ |
| ङ. | एउटा आँखाको दृष्टी पूर्णरुपले गुमेमा | उपनियम (१) मा उल्लिखित रकमको अधीनमा रही दुई लाख रुपैयाँ |
| च. | एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथिको भाग बेकम्मा भएमा | उपनियम (१) मा उल्लिखित रकमको अधीनमा रही दुई लाख रुपैयाँ |
| छ. | अन्य कुनै अङ्गभङ्ग भएमा | मान्यता प्राप्त चिकित्सकले निर्धारण गरेको क्षति अनुसारको मनासिब बीमा रकम |

(५) उपनियम (१) बमोजिम बीमा गराउँदा घाउचोटको उपचार खर्च, बिरामी कुरुवा खर्च र विविध खर्च वापत देहाय बमोजिमको बीमा गराउनु पर्नेछः-

(क) एक लाख रुपैयाँसम्मको वास्तविक उपचार खर्च,

(ख) अस्पताल भर्ना भएको अवधिको लागि प्रति दिनको पाँच सय रुपैयाँका दरले बढीमा तीस  दिनसम्मको लागि कुरुवा खर्च र विविध खर्च,

८३. **<u>बीमाको प्रमाणपत्र र बीमालेख</u>** :सवारी साधनको धनी वा व्यवस्थापकले यस परिच्छेद बमोजिम गराएको बीमाको प्रमाणपत्र र बीमालेख सम्बन्धित सवारी साधनमा अनिवार्य रुपमा राख्न लगाउनु पर्नेछ।

८४. **<u>बीमाको प्रमाणपत्र र बीमालेखको दाखिला</u>**: कुनै सवारी दुर्घटना भएमा दुर्घटना हुने वित्तिकै त्यस्तो सवारी साधनको धनी वा व्यवस्थापकले दुर्घटनास्थल रहेको जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष बीमाको प्रमाणपत्र र बीमालेख बुझाउनु पर्नेछ।

८५. **<u>बीमा रकम उपलब्ध गराउने अधिकारी र अवधि</u>**: बीमाको प्रमाणपत्र र बीमालेख प्राप्त भएपछि प्रमुख जिल्ला अधिकारीले यस परिच्छेद बमोजिमको बीमाको रकम दुर्घटनाबाट मृत्यु भएको अवस्थामा दुर्घटना भएको एक्काइस दिनभित्र मृतकको हकवालालाई र अन्य अवस्थामा तिन महिनाभित्र सम्बन्धित व्यक्तिलाई सम्बन्धित सवारी धनी वा व्यवस्थापकको रोहवरमा बिमकबाट उपलब्ध गराइदिनु पर्नेछ।

८६. **<u>बीमा सम्बन्धमा सवारी धनी वा व्यवस्थापकको दायित्व</u>**: (१) यातायात सेवा सञ्चालन गर्ने कुनै सवारी धनी वा व्यवस्थापकले यस नियम बमोजिम बीमा गराएकोमा त्यस्तो बीमामा उल्लिखित रकमको दायित्व भन्दा बढी रकमको दायित्व निजले वहन गर्नुपर्ने छैन।

(२) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो सवारी साधनको धनी वा व्यवस्थापकले यस नियममा उल्लिखित बीमा रकमभन्दा बढी बिमाङ्क रकम कायम गरी यो नियमले बाधा पुऱ्याएको मानिने छैन।

८७. **<u>यातायात संस्था मार्फत बीमा गराउन सकिने</u>**: यातायात सेवा सञ्चालन गर्ने सवारी धनी वा व्यवस्थापकले यस परिच्छेद बमोजिमको बीमा गर्दा यातायात व्यवसायीसँग सम्बन्धित संस्था मार्फत बीमा गराउन सक्नेछ।

## परिच्छेद–९

## <u>सवारी चलाक र परिचालकको सेवा सुविधा तथा सवारी कर</u>

८८. **<u>जरिवाना गर्न सक्ने</u>**: ऐनको दफा १७३ बमोजिमको कर नबुझाएमा तोकिएको अधिकारीले सवारी साधन कर रकमका अतिरिक्त देहाय बमोजिमको प्रतिशत जरिवाना गर्न सक्नेछः-

(क) म्याद नाघेको पहिलो तीस दिनसम्म पाँच प्रतिशतका दरले,

(ख) त्यस पछि पैतालिस दिनसम्मलाई दश प्रतिशतका दरले,

(ग) त्यस पछि सो आर्थिक वर्षको अन्त्यसम्म बीस प्रतिशतका दरले,

(घ) त्यस पछिको पहिलो आर्थिक बर्षको अन्त्यसम्म चालिस प्रतिशतका दरले,

(ङ) त्यस पछि दोस्रो आर्थिक वर्षको अन्त्यसम्म साठी प्रतिशतका दरले,

(च) त्यस पछि तेस्रो आर्थिक वर्षको अन्त्यसम्म असी प्रतिशतका दरले,

(छ) त्यस पछिको चौथो आर्थिक वर्षको शुरुदेखि र म्याद सकिएको पाँच वर्षसम्म एकसय प्रतिशतका दरले।

## परिच्छेद — १०

## प्रशिक्षण केन्द्र, कारखाना तथा वर्कसप सञ्चालन

८९. **प्रदेश सडक सुरक्षा परिषद् गठन गर्न सक्नेः** (१) प्रदेश सरकारले सडक दुर्घटना न्यूनीकरण गरी सडक सुरक्षा कायम गर्ने प्रयोजनका लागि प्रदेश सरकारलाई सुझाव दिन देहायको एक प्रदेश सडक सुरक्षा परिषद् गठन गर्न सक्नेछ।

(ट) मन्त्री, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय -अध्यक्ष

(ठ) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ड) सचिव, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय -सदस्य

(ढ) सचिव, आर्थिक मामिला मन्त्रालय -सदस्य

(ण) सचिव, आन्तरिक मामिला सम्बन्धी क्षेत्र हेर्ने मन्त्रालय -सदस्य

(त) प्रदेश मुकाम रहेको जिल्लाका प्रमुख जिल्ला अधिकारी -सदस्य

(थ) प्रमुख, प्रदेश प्रहरी कार्यालय -सदस्य

(द) प्रमुख, राजमार्ग सुरक्षा तथा ट्राफिक कार्यालय -सदस्य

(ध) प्रमुख, सडक विभाग अन्तर्गतको प्रादेशिक कार्यालय -सदस्य

(न) महाशाखा प्रमुख, (यातायात क्षेत्र हेर्ने) भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय सदस्य-सचिव

(२) उपनियम (१) बमोजिमको समितिको बैठकमा राय सुझाव तथा प्रतिवेदनका लागि सम्बन्धित क्षेत्रका विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) नियम बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) प्रदेश भरिका सडक सुरक्षा र सडकको जोखिमको अध्ययन गरी नीतिगत सुझाव दिने,

(ख) सडक निर्माण र यसको सूचना प्रदान गर्ने,

(ग) प्रदेश सडक सुरक्षा रणनीति तय गर्ने,

(घ) सडक यातायात पूर्वाधार निर्माणका लागि नीति मापदण्डका लागि सिफारिस गर्ने,

(ङ) सवारी साधनको वर्गीकरण गर्ने,

(च) सडक लाईट जडान सम्बन्धी मापदण्डका आधारहरु तय गर्न सिफारिस गर्ने।

(४) उपनियम (१) बमोजिमको परिषद्ले बैठकमा राय सुझाव प्राप्तिका लागि सम्बन्धित क्षेत्रका विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(५) उपनियम (१) बमोजिमको परिषदले आफ्नो बैठक सम्बन्धी कार्यविधि आँफै निर्धारण गर्न सक्नेछ।

९०. **न्यूनतम सीमाको पालाना गर्नुपर्ने:** (१) प्रशिक्षण केन्द्र, कारखाना तथा वर्कशप वा चार्जिङ स्टेशन सञ्चालन गर्ने अनुमतिपत्रको नवीकरण गराउनको लागि सो को

मान्य अवधि समाप्त भएको पैंतीस दिनभित्र प्रदेश आर्थिक ऐनमा तोकेको दस्तुर संलग्न गरी तोकेको कार्यालयमा निवेदन गर्न सक्नेछ।

(२) मन्त्रालयले (१) बमोजिमको प्रशिक्षण केन्द्र, कारखाना तथा वर्कसप वा चार्जिङ स्टेशन सञ्चालकले पालना गर्नुपर्ने मापदण्ड बनाई जारी गर्न सक्नेछ।

९१. **प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप सञ्चालन गर्न अनुमतिपत्र लिनु पर्ने**: (१) सवारी चालक प्रशिक्षण केन्द्र, बस ट्रकको बडी निर्माण गर्ने कारखाना वा अटोमोबाईल वर्कसप सञ्चालन गर्न चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले त्यस्तो व्यवसाय सञ्चालन गर्ने अनुमति लिन चाहेमा ऐनको दफा १९१ बमोजिम देहाय बमोजिमको कागजात तथा प्रचलित आर्थिक ऐनमा उल्लेखित दस्तुर सहित कार्यालय समक्ष अनुसूची-३० बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछः-

(क) प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप सञ्चालन गर्न चाहने प्रोपाईटर, साझेदार वा प्रथम सञ्चालकहरुको नागरिकताको प्रमाणपत्र,

(ख) सञ्चालन गर्न खोजेको प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप यस अघि अन्य कुनै नामबाट सञ्चालन भएको भए त्यसको दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र र कर फछ्र्यौट प्रमाणपत्र,

(ग) सञ्चालन गर्न खोजेको प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसपको प्रबन्धपत्र र नियमावली,

(घ) सञ्चालन गर्न खोजेको प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप अन्तर्गत काम गर्ने कर्मचारी, परिचालक तथा अन्य कामदारहरुको विवरण,

(२) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा कार्यालयले आवश्यक जाँचबुझ गर्दा त्यस्तो प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप सञ्चालन गर्न दिन उपयुक्त देखेमा ऐन तथा यस नियमावलीमा उल्लिखित अन्य व्यवस्थाहरुको अधीनमा रही अनुसूची-३१ बमोजिमको दर्ता किताबमा दर्ता गरी अनुसूची-३२ बमोजिमको ढाँचामा प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप सञ्चालन गर्ने अनुमतिपत्र दिनेछ।

९२. **सेवाको वर्गीकरणः** (१) ऐन तथा यस नियमावली बमोजिम दर्ता भएको प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप सञ्चालन गर्ने फर्म, कम्पनी वा संस्थालाई पूँजी, प्रविधि, गुणस्तर जनशक्ति तथा अन्य कुराको आधारमा कार्यालयले वर्गीकरण गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम वर्गीकृत फर्म, कम्पनी वा संस्थाले पालना गर्नु पर्ने शर्त तथा कायम गर्नु पर्ने गुणस्तर कायम गरे नगरेको सम्बन्धमा मन्त्रालयले आवश्यकता अनुसार समय समयमा निरीक्षण गर्न सक्नेछ।

## परिच्छेद-११

## यातायात सेवाको चालक कर्मचारीका पारिश्रमिक, सेवाका शर्त र सुविधा

९३. **चालकको काम र कर्तव्यः** यातायात सेवामा काम गर्ने चालकको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

(१) आफ्नो जिम्मामा रहेको सवारी हिफाजत साथ चलाउने,

(२) सवारी सञ्चालन सम्बन्धमा सवारी धनी वा व्यवस्थापकले दिएको आदेश तथा निर्देशन ईमान्दारी पूर्वक पालन गर्ने,

(३) आफूले चलाएको सवारीको धनी वा व्यवस्थापकको स्वीकृति विना त्यस्तो सवारी अरु कसैलाई चलाउन नदिने,

(४) सवारी चलाउँदाको अवस्थामा चालकले गर्न नहुने भनी निषेध गरेका कार्यहरु नगर्ने,

(५) आफू सेवारत रहेको सवारीका परिचालकहरुलाई सवारी चलाउँदाको क्रममा आवश्यकतानुसारको काम कर्तव्यको पालन गर्न लगाउने,

(६) सवारी चलाउँदा हुन सक्ने सम्भावित दुर्घटना, सवारीको यान्त्रिक स्थिति, सडकको अवस्था ट्राफिक संकेत आदि नभएको कारणबाट सवारी आवगमनमा कठिनाई उत्पन्न भए त्यस सम्बन्धमा सम्बन्धित सवारी धनी वा व्यवस्थापक, मन्त्रालय वा कार्यालयमा सोको जानकारी दिने।

९४. **परिचालकको काम र कर्तव्य** :यातायात सेवामा काम गर्ने परिचालकको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

(१) यात्रीहरुसँग शिष्ट व्यवहार गर्ने,

(२) यात्रीहरुको सरसामानको सुरक्षाको लागि उचित प्रबन्ध गर्ने र कुनै यात्रीले सरसामान तथा माल वस्तु सवारीमा छोडि गएमा त्यस्तो सरसामान तथा माल वस्तुको धनी फेला परेमा निजलाई र फेला नपरेमा नजिकको प्रहरी वा आफू कार्यरत यातायात सेवाको जिम्मेवार व्यक्तिको जिम्मामा दिने,

(३) महिला, वृद्ध, बाल-बालिका, अशक्त तथा अन्य व्यक्तिहरुलाई यात्रा अवधिमा सम्भव भएसम्मको सुविधाको बन्दोवस्त गर्ने,

(४) प्रचलित कानून तथा सुरक्षाको दृष्टिकोणले निषेधित वस्तु सवारीमा राखेको थाहा हुन आएमा प्रहरीलाई सूचना दिने,

(५) सवारी निर्माता कम्पनीले निर्धारण गरेको सवारीको वजन हदको सीमा नाघ्ने गरी सवारीमा माल वस्तु तथा सरसामानहरु राख्न नदिने,

(६) सवारीको पार्किङ्ग स्थलमा यात्री ओराल्ने र चढाउने कार्यमा आवश्यक सहयोग गर्ने,

(७) सवारी चलाउँदाको अवस्थामा हुन सक्ने सम्भावित दुर्घटना प्रति यात्री तथा चालकलाई समयमै सचेत गराउने र सवारीको यान्त्रिक स्थिति ठीक नभएमा सोको जानकारी व्यवस्थापक र सम्बन्धित कार्यालयलाई दिने,

(८) सडकको अवस्था तथा ट्राफिक संकेत नभएको कारणबाट सवारी आवागमनमा कठिनाई भए सोको जानकारी मन्त्रालयलाई दिने,

(९) सवारी चलाउँदाको अवस्थामा चालकलाई आवश्यक सहयोग पुऱ्याउने,

(१०) आफू परिचालक रहेको सवारीको सुरक्षा र हिफाजत गर्ने तथा नोक्सानी हुन नदिने,

(११) आफू सेवारत रहेको सवारी धनी वा व्यवस्थापकले दिएको सवारी सञ्चालन सम्बन्धी आदेशको पालना गर्ने।

९५. **यातायात सेवामा काम गर्ने कर्मचारीहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधाः** ऐनको दफा ४२ बमोजिम पञ्जीकृत भएका यातायात सेवामा काम गर्ने

कर्मचारीहरुको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी व्यवस्था श्रम ऐन,२०७४, श्रम नियमावली, २०७५ तथा प्रचलित कानूनबमोजिम हुनेछ।

## परिच्छेद-१३

## विविध

९६. **ट्राफिक संकेतः** सवारी चलाउँदा सवारी चालकले ऐनको दफा १३५ बमोजिम पालन गर्नु पर्ने ट्राफिक संकेतहरु प्रचलित संघीय कानून बमोजिम हुनेछ।

९७. **निवेदन तोक्न सक्नेः** कार्यालयले ऐन तथा यस नियमावलीमा भएको प्रावधान बमोजिम आवश्यकता अनुसार विधुतिय माध्यम वा अन्य लिखत कागजमा निवेदनको ढाँचा तोक्न सक्नेछ।

९८. **विद्युतीय अभिलेख प्रणालीमा भण्डारण गर्न सक्नेः** (१) यातायात व्यवस्था कार्यालयमा दर्ता भएका सवारी साधन तथा सवारी चालक अनुमतिपत्र सम्बन्धी प्रचलित फाइल तथा ढङ्गामा भएका विवरणहरुका अभिलेखलाई आवश्यकता अनुसार विद्युतिय प्रणालीमा समेत भण्डारण गर्न सकिनेछ।

तर यस नियमावली बमोजिम सम्पादन हुने काम कारवाहीका सम्बन्धमा विद्युतीय सूचना प्रणाली लागू भएकोमा सोही बमोजिम हुनेछ।

(२) कार्यालय मार्फत कागजातका आधारमा प्रवाह हुने सबै सेवाहरु क्रमशः पेपरलेस सेवाको रुपमा रुपान्तरण गर्दै डिजिटल प्रणाली मार्फत सेवा प्रवाह गर्न सकिनेछ।

९९. **सवारी साधन फिर्ता गर्नु पर्नेः** (१) दुर्घटनाको जाँचबुझको निमित्त ऐनको दफा १५५ बमोजिम सम्बन्धित प्रहरीले आफू समक्ष दाखिल गराएको सवारी साधन चौबीस घण्टाभित्र सम्बन्धित सवारी धनी वा व्यवस्थापकलाई फिर्ता गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम सवारी साधन फिर्ता नगरेमा त्यसरी फिर्ता नगरेको प्रतिदिनको लागि तीस हजार रुपैयाँका दरले प्रमुख जिल्ला अधिकारीले सम्बन्धित प्रहरी कार्यालयबाट सवारी धनी वा व्यवस्थापकलाई भराइदिनु पर्नेछ।

१००. **यातायात कम्पनी सम्बन्धी व्यवस्थाः** (१) यातायात कम्पनीहरु कम्पनी ऐन अन्तर्गतको कम्पनी प्रशासनमा आवद्ध हुनुपर्नेछ।

(२) यातायात सञ्चालन कम्पनीहरुले उच्च स्तरको कर्पोरेट संस्कार निर्माण गर्ने र सो कार्यमा मन्त्रालयले योजनाबद्ध सहजिकरण गर्ने प्रबन्ध गर्नेछ।

(३) पूँजीको स्तर, कम्पनी प्रशासन एवम् व्यवसायिक संस्कृतिका आधारमा यातायात कम्पनीको वर्गीकरण गरिनेछ।

(४) विद्यमान सार्वजनिक यातायात सेवाको स्तरीयताका उद्देश्यले खरिद गरिने सवारीका साधनहरुको स्वामित्वको ढाँचा परिवर्तन गरी कम्पनीको सेयर पूँजीको रुपमा परिवर्तन गर्दै जाने कार्यमा प्रोत्साहित गरिनेछ।

(५) विद्यमान निजी क्षेत्रबाट सञ्चालित सार्वजनिक सवारी सञ्चालन व्यवस्थापन सामुहिक र सम्पत्ति निजी रहने प्रावधानलाई प्राथमिकता दिइने छ।

(६) यातायात कम्पनीहरुको स्थायित्वको लागि सरल ऋण सुविधा सहित आवश्यक शाखा कम्पनी खोल्न प्रदेश सरकारले सहुलियत प्रदान गर्नेछ।

**१०१.** **निर्देशिका मापदण्ड बनाउन सक्नेः** ऐन तथा यस नियमावली बमोजिम मन्त्रालयले सवारी तथा यातायात व्यवस्था संचालनको प्रयोजनको लागि आवश्यकता अनुसार निर्देशिका कार्यविधि तथा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

**१०२.** **अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेः** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूची र यस नियमावलीमा आवश्यकता अनुसार थपघट तथा हेरफेर र संशोधन गर्न सक्नेछ।

## अनुसूची–१
### (नियम ९ को उपनियम (३) सँग सम्बन्धित)
### सवारी दर्ता गर्न दिइने दरखास्त

श्रीमान् कार्यालय प्रमुखज्यू,
यातायात व्यवस्था कार्यालय.............................
गण्डकी प्रदेश ।

मेरो/हाम्रो नाममा खरिद भएको/प्राप्त भएको/झिकाएको निम्न विवरण भएको सवारी शुरु दर्ता गराउनका लागि लाग्ने दस्तुर र चाहिने अन्य निस्सा प्रमाणहरू यसै साथ राखी पेश गरेको छु/छौं । उक्त सवारी जाँच गरी मेरो र हाम्रो नाममा दर्ता गरी दर्ता प्रमाणपत्र पाउन दरखास्त दिएको छु/छौं ।

१. सवारी झिकाउने (व्यक्ति, फर्म, कम्पनी वा संस्था) को नाम थरः-
२. ठेगानाः-
(क) स्थायीः-
(ख) अस्थायीः-
३. सवारी दर्ताको प्रकार
४. पिता वा पतिको नामथर (व्यक्ति भएमा) –
५. सवारीमा भएको दर्ता नं (साविकको) –
६. सवारीको किसिम –
७. सवारी बनाउने कम्पनीको नाम –
८. सवारीको मोडेल नं. (निर्माण भएको साल) –
९. सिलिण्डर संख्या –
१०. हर्ष पावर सि.सि. –
११. सवारीको ईञ्जिन नं. –
१२. सवारीको चेसिस नं. –
१३. सवारीको रङ :– (क) बडिको रङ –
(ख) सिसाको रङ :–
१४. प्रयोग गर्ने इन्धनको किसिम –
१५. सवारीमा भएको इलेक्ट्रोनिक संचारको उपकरण (रेडियो, क्यासेट, टेलिफोन आदि)

१६. सवारीको वजन क्षमता :– (क) कुल वजन –
(ख) भारवहन क्षमता –
(ग) सिट संख्या –

१७. प्रयोग –

१८. चलाउने क्षेत्र –

१९. भन्सार तिरेको निस्सा :- (क) भन्सार कार्यालयको नाम –
(ख) प्रज्ञापन पत्र नं. –
(ग) रसिद नं. –
(घ) मिति :–

२०. झिकाउने इजाजत पाएको निस्सा:– (क) निस्सा दिने कार्यालय –
(ख) निस्सा प्रमाणपत्र नं. –
(ग) मिति –

२१. अन्य प्रमाणको विवरण –

दरखास्तवालाको –
सही –
नाम थर –
ठेगाना –
मिति –
कार्यालय प्रयोजनको लागि
सवारी निरीक्षणको व्यहोरा
प्रदान गरिएको दर्ता नं.
दर्ता मिति –

माथि उल्लेखित सम्पूर्ण विवरणहरूका साथै प्राविधिक प्रतिवेदनबाट सवारी दर्ता गर्न उपयुक्त देखिएकोले निर्णयार्थ पेश गर्ने ।

निरीक्षण गर्ने प्राविधिकको सही फाँटवालाको सही दर्ता गर्ने अधिकारीको सही

# अनुसूची-२

## (नियम ९ को उपनियम (४) सँग सम्बन्धित

सवारी दर्ता नं. -

सवारीको किसिम -

सवारीको दर्ता मिति -

सवारी धनीको फोटो

**सवारी दर्ता लगत (विवरण)**

| १ | २ | ३ | ४ | ५ | | ६ | ७ | ८ |
|---|---|---|---|---|---|---|---|---|
| सवारीको विस्तृत विवरण | सवारी दर्ता गराउने निस्साहरूको विवरण | सवारी धनीको नाम थर र ठेगाना | सवारी धनीको दस्तखत | सवारीको नामसारी | | चढाउने वा फाँटवालाको दस्तखत | सवारी दर्ता नाम सारी वा नवीकरण प्रमाणित गर्ने अधिकृतको दस्तखत | कैफियत |
| | | | | विक्रि गर्नेको सही | खरिद गर्नेको सही | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १.सवारीको दर्ता नं. -<br><br>२. सवारी दर्ता मिति -<br><br>३. सवारीको मोडेल वा निर्माण भएको वर्ष -<br><br>४. बनाउने कम्पनी -<br><br>५. सिलिण्डर संख्या<br><br>६. हर्ष-सि.सि. -<br><br>७. कुल वजन -<br><br>८. वजन क्षमता सिट वा बोक्ने क्षमता -<br><br>(क) सिट संख्या -<br><br>(ख) वजन क्षमता-<br><br>९. चेसिस नं. | १. भन्सार तिरेको निस्सा -<br><br>(क) भन्सार कार्यालयको नाम -<br><br>(ख) प्रज्ञापन पत्र नं.<br><br>(ग) रसिद नं. -<br>(घ) मिति -<br><br>(ङ) अन्य -<br><br>२. प्रवेश दर्ताको निस्सा<br><br>(क) प्रवेश दर्ता गर्ने प्रहरी कार्यालयको नाम - | | | | | | | |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १०. इन्जिन नं. -<br>११. ब्लक नं. -<br>१२. सवारीको रङ -<br>(क) बडीको रङ -<br>(ख) सिसाको रङ -<br>१३. चेसीसको -<br>(क) लम्बाई -<br>(ख) चौडाई -<br>१४. बडीको -<br>क) लम्बाई -<br>(ख) चौडाई - | (ख) प्रवेश पत्र नं.<br>(ग) मिति -<br>(घ) अन्य -<br>(ङ) झिकाउने इजाजत पाएको निस्सा -<br>३.<br>(क) झिकाउन इजाजत दिने कार्यालय -<br>(ख) इजाजत पत्र नं. -<br>(ग) इजाजत दिएको मिति -<br>४. खरिद भै | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| (ग) उचाई -<br><br>१५. प्रयोग गर्ने इन्धनको किसिम -<br><br>१६. सवारीमा भएको इलेक्ट्रोनिक संचारको उपकरण -<br><br>१७. अन्य प्राविधिक विवरण -<br><br>१८. प्रयोग -<br><br>१९. चलाउने इलाका -<br><br>२०. नयाँ प्रविधिको सवारी भएमा प्रदुषणको प्रमाणपत्र | आएको मानिस वा कम्पनीको विवरण -<br><br>(क) विक्रेताको नाम -<br><br>(ख) बिक्री वा खरिद भएको मिति -<br><br>(ग) प्रमाणित गर्ने व्यक्ति वा निकाय -<br><br>(घ) साबिक विदेशी नं. -<br><br>५. अन्य - | | | | | | | |

निरीक्षण गर्ने प्राविधिकको सही

फाँटवालाको सही

कार्यालय प्रमुखको सही

## अनुसूची-३

## (नियम ९ को उपनियम (५) सँग सम्बन्धित)

## सवारीको नम्बर प्लेटको संकेत (अक्षर र अङ्क)

(क) ठूला तथा मझौला सवारी (बस, ट्रक, डोजर, डम्फर, लोडर, क्रेन, दमकल, ट्याङ्कर, रोलर, पिकअप, भ्यान, मिनीबस, मिनीट्रक, मिनीभ्यान आदि यात्रुवाहकका हकमा १४ सिटभन्दा माथिमा र मालवाहकका हकमा ४ टन वा सोभन्दा बढी कूल भारवाहन क्षमता भएका) सवारी साधनहरूको लागि ।

| **प्रदेश संकेत** | **निजी** | **सार्वजनिक** | **सरकारी** | **संस्थान** | **पर्यटक** |
|---|---|---|---|---|---|
| गण्डकी प्रदेश | क | ख | ग | क | प |
| | घ | ग | ख | घ | य |
| | ग | घ | क | ख | य |
| | ख | क | घ | ग | य |

(ख) साना (कार, जिप, भ्यान, पिकअप, माइक्रोबस आदिजस्ता २४ सिट वा कूल भारवहन क्षमता ४ टनभन्दा कम भएका) सवारी साधनहरूको लागि ।

| **प्रदेश संकेत** | **निजी** | **सार्वजनिक** | **सरकारी** | **संस्थान** | **पर्यटक** |
|---|---|---|---|---|---|
| खण्ड (क) मा | च | ज | झ | च | प |
| उल्लेख | झ | झ | ज | ज | य |
| भएबमोजिम, | ज | च | च | झ | य |

(ग) साना (मोटर साइकल, स्कुटर आदिजस्ता दुईपाङ्ग्रे)) सवारी साधनहरूको लागि ।

| प्रदेश संकेत | निजी | सार्वजनिक | सरकारी | संस्थान | पर्यटक |
|---|---|---|---|---|---|
| खण्ड (क) मा | प | फ | ब | म | प |
| उल्लेख | म | ब | फ | प | य |
| भएबमोजिम, | ब | म | प | फ | य |
| | फ | प | म | ब | य |

(घ) ट्याक्टर र पावरटिलरको लागि ।

| प्रदेश संकेत | निजी | सार्वजनिक | सरकारी | संस्थान | पर्यटक |
|---|---|---|---|---|---|
| खण्ड (क) मा | त | थ | द | न | प |
| उल्लेख | न | द | थ | त | य |
| भएबमोजिम, | द | न | त | थ | य |
| | थ | त | न | द | य |

(ङ) साना (टेम्पो, अटोरिक्सा आदिजस्ता तीनपाङ्गे) सवारी साधनहरूको लागि ।

| अञ्चल संकेत | निजी | सार्वजनिक | सरकारी | संस्थान | पर्यटक |
|---|---|---|---|---|---|
| खण्ड (क) मा उल्लेख भएबमोजिम, | स<br>त्र<br>क्ष<br>ह | ह<br>क्ष<br>त्र<br>स | क्ष<br>ह<br>स<br>त्र | त्र<br>स<br>ह<br>क्ष | प<br>य<br>य<br>प |

**द्रष्टब्य :**

नम्बरप्लेटको स्वरूप :

१. सवारीमा राख्ने नम्बरप्लेट कम्तीमा पनि २० गेजको धातुबाट बनेको पातामा ऐनको अनुसूची-२ बमोजिमको साइजमा हुनु पर्नेछ ।

२. माथि द्रष्टव्य १ बमोजिम पातामा ऐनको अनुसूची-२ मा तोकिएको रङ्ग अनुसारका अङ्क र अक्षर देवनागरी लिपिमा स्पष्ट रूपमा लेखिएको हुनु पर्नेछ ।

३. नम्बर प्लेटमा बढीमा आठवटासम्म अङ्क र अक्षर रहने छन् जसलाई तल र माथि गरी दुई लाईनमा निम्नानुसार राखिनु पर्नेछ ।

(क) माथिल्लो लाइनको शुरुमा सवारी दर्ता गर्ने कार्यालयको अञ्चल संकेत अक्षर र त्यसपछि सवारी समूह जनाउन अङ्क लेखिनु पर्नेछ । यस्तो सवारी समूह जनाउने अङ्क आवश्यकता अनुसार १ देखि ९९ सम्म हुनेछ । यस्तो अङ्क पछि सवारीको किसिम जनाउने संकेत अक्षर लेख्नु पर्नेछ ।

(ख) तल्लो लाइनमा सवारीको दर्ता नम्बर लेख्नु पर्नेछ, यस्तो दर्ता नम्बर एउटा संकेत अक्षरमा बढीमा चार अङ्कसम्म (१ देखि ९९९९ सम्म) मात्र हुनेछ । प्रयोग अनुसार कुनै एक संकेत अक्षरमा चार अङ्कको सबैभन्दा ठूलो संख्या (९९९९) पुगेपछि क्रमशः अर्को संकेत अक्षर दिई त्यसमा पनि १ देखि ९९९९ सम्म दिदै जानु पर्नेछ ।

## अनुसूची-४
## (नियम १२ को उपनियम (१) सँग सम्बन्धित)
## सवारीको अस्थाई दर्ता गर्न दिइने दरखास्त

श्रीमान् कार्यालय प्रमुखज्यू,

यातायात व्यवस्था कार्यालय, ................................

गण्डकी प्रदेश।

मेरो/हाम्रो नाममा खरिद भएको/प्राप्त भएको/झिकाएको निम्न विवरण भएको सवारी अस्थायी दर्ता गराउनका लागि लाग्ने दस्तुर र चाहिने अन्य निस्सा प्रमाणहरू यसै साथ राखी पेश गरेको छु/छौं। उक्त सवारी जाँच गरी मेरो र हाम्रो नाममा दर्ता गरी दर्ता प्रमाणपत्र पाउन दरखास्त दिएको छु/छौं।

१. सवारी झिकाउने (व्यक्ति, फर्म, कम्पनी वा संस्था) को नाम थर -

२. ठेगाना :-

३. सवारीमा भएको दर्ता नं (साविकको) -

४. सवारीको किसिम -

५. सवारी बनाउने कम्पनीको नाम -

६. सवारीको मोडेल (निर्माण भएको साल) -

७. सवारीको चेसीस नं -

८. सवारीको इन्जिन नं -

९. सिलिण्डर संख्या -

१०. हर्ष पावर - सि.सि. -

११. सवारीको रङ :-

१२. प्रयोग गर्ने इन्धनको किसिम -

१३. सवारीमा भएको इलेक्ट्रोनिक संचारको उपकरण (रेडियो, क्यासेट, टेलिफोन आदि) -

१४. सवारीको वजन क्षमता :- (क) कुल वजन -

(ख) भारवहन क्षमता -

(ग) सिट संख्या -

१५. प्रयोग -

१६. चलाउने क्षेत्र -

१७. भन्सार तिरेको निस्सा :- (क) भन्सार कार्यालयको नाम -

(ख) प्रज्ञापन पत्र नं. -

(ग) रसिद नं. -

(घ) मिति : -

१८. प्रवेश दर्ता प्रमाण पत्रको निस्सा :- (क) प्रवेश दर्ताको निस्सा दिने प्रहरी कार्यालयको नाम

(ख) प्रवेश दर्ताको निस्सा दिएको मिति -

(ग) प्रवेश दर्ता निस्सा नं.

१९. झिकाउने इजाजत पाएको निस्सा :- (क) निस्सा दिने कार्यालय -

(ख) निस्सा पत्र नं. -

(ग) मिति -

२०. अन्य प्रमाणको विवरण -

२१. अस्थायी दर्ताको लागि सिफारिस गर्ने संस्थाको नाम -

२२. अस्थायी दर्ता गर्नुपर्ने प्रमुख कारण -

दरखास्तवालाको -

सही -

नाम थर -

ठेगाना -

मिति -

कार्यालय प्रयोजनका लागि

सवारी निरीक्षणको व्यहोरा

प्रदान गरिएको अस्थायी दर्ता नं. -

दर्ता मिति -

निरीक्षण गर्ने प्राविधिकको सही फाँटवालाको सही दर्ता गर्ने अधिकारीको सही

## अनुसूची-५
## (नियम १३ को उपनियम (१) सँग सम्बन्धित)
## सवारीको सरुवा दर्ता गर्न दिइने दरखास्त

श्रीमान् कार्यालय प्रमुखज्यू,

यातायात व्यवस्था कार्यालय ........................।

गण्डकी प्रदेश

मेरो/हाम्रो नाममा यातायात व्यवस्था कार्यालय. ...... प्रदेश ..... मा दर्ता रहेको सवारी उक्त कार्यालयबाट दिइएको सरुवा दर्ता सहमति पत्र साथ सरुवा दर्ता गर्न लाग्ने दस्तुर र चाहिने अन्य निस्सा प्रमाण साथ राखी पेश गरेका छु/छौं । सवारी जाँच गरी मेरो/हाम्रो नाममा सवारीको सरुवा दर्ता गरी दर्ता प्रमाणपत्र पाउन दरखास्त दिएको छु/छौं ।

१. सवारी दर्ता नं. -

२. सवारीको किसिम -

३. बनाउने कम्पनीको नाम -

४. मोडेल -

५. सिलिण्डर -

६. हर्ष पावर -

७. सवारीको ईञ्जिन नं. -

८. सवारीको चेसीस नं. -

९. सवारीको रङ :- (क) बडी (ख) सिसा

१०. इन्धन -

११. संचार उपकरण -

१२. वजन क्षमता - कूल क्षमता (१) सिट संख्या -

१३. सरुवा सहमति पत्रको च.नं. मिति र सक्कल स.द.प्र.प.

१४. मार्ग इजाजत पत्र -

१५. सवारी कर प्रमाणपत्र -

१६. जाँचपास -

१७. प्रदूषण प्रमाणपत्र -

१८. अन्य प्रमाण -

दरखास्तवालाको -

सही -

नाम थर -

ठेगाना -

कार्यालय प्रयोजनका लागि

सवारी निरीक्षणको पूर्ण व्यहोरा

प्रदान गरिएको दर्ता नं.

दर्ता मिति -

सवारी जाँच्ने प्राविधिकको सही फाँटवालाको सही दर्ता गर्नेको सही

## अनुसूची-६

## (नियम १४ को उपनियम (१) सँग सम्बन्धित)

## विदेशमा दर्ता भएको सवारी चलाउने अनुमतिपत्रको लागि दिइने दरखास्त

श्रीमान् कार्यालय प्रमुखज्यू,

यातायात व्यवस्था कार्यालय, ....................................।

गण्डकी प्रदेश

मेरो/हाम्रो निम्न विवरण भएको सवारीलाई यस प्रदेश भित्र देहायको स्थानमा .........................दिन राख्नु/चलाउनु परेको हुनाले उक्त सवारी राख्न/चलाउनको लागि लाग्ने दस्तुर र चाहिने अन्य निस्सा प्रमाण यसै साथ राखी अनुमतिपत्र पाउन दरखास्त दिएको छु/छौं।

१. सवारी दर्ता नं. -

२. सवारीको किसिम -

३. सवारी धनीको नाम थर -

४. ठेगाना -

५. सवारीको ईञ्जिन नं. -

६. सवारीको चेसीस नं. -

७. मोडेल -

८. बनेको साल -

९. हर्ष पावर - सि.सि. -

१०. सवारीको रङ :-

११. सवारीमा प्रयोग हुने इन्धनको किसिम -

१२. सवारीको सिट र वजन क्षमता -

१३. सवारीको प्रवेश दस्तुर तिरेको निस्सा :- (क) कार्यालयको नाम -

(ख) रसिद नं. -

(ग) दस्तुर -

(घ) मिति -

१४. सवारी सञ्चालन अनुमतिपत्र दिनु पर्ने कारण -

१५. चलाउने - राख्ने क्षेत्र -

१६. सवारी राख्ने - चलाउने म्याद -

१७. सवारी स्वदेश फर्कने दिन -

१८. सवारी स्वदेश फर्कंदा कुन भन्सार नाका भएर जाने हो ? -

१९. अन्य

दरखास्तवालाको -

सही -

नाम थर -

ठेगाना -

मिति -

# अनुसूची-७

## (नियम १४ को उपनियम (२) सँग सम्बन्धित)

## विदेशमा दर्ता भएको सवारी चलाउन दिइने अनुमतिपत्र

गण्डकी प्रदेश सरकार

............................................ मन्त्रालय

यातायात व्यवस्था कार्यालय

.................जिल्ला

**अनुमति-पत्र**

अनुमतिपत्र नं. मिति -

१. गाडि धनीको नाम -

२. ठेगाना -

३. सवारीको नं. -

४. इञ्जिन नं. -

५. चेसिस नं. -

६. मोडेल नं. -

७. सवारी बनेको साल -

८. सवारीको किसिम -

९. प्रवेश गरेको - क) भन्सार कार्यालयको नाम - ख) मिति -
ग) भन्सारको प्र.प.नं. - घ) नेपालमा बस्न पाउने अवधि -
ङ) महसुल रकम -

१०. या.व्य.का बाट सञ्चालनको लागि तोकिएको अवधि ।
मिति - देखि सम्म दिन

११. सञ्चालन गर्न पाउने क्षेत्र -

१२. प्रयोग -

१३. दस्तुर -

१४. अन्य -

इजाजत पत्र बुझ्नेको सही -
नाम थर -
मिति -

इजाजत पत्र दिने अधिकारीको
सही -
नाम -
दर्जा -
मिति -

**द्रष्टव्य :-**

(१) यो अनुमतिपत्रबाट यस प्रदेशभित्र कुनै यातायात सेवा सञ्चालन गर्न पाइने छैन ।

(२) एक वर्षको अवधिमा  अधिकतम ३० दिन भन्दा बढी यस प्रदेशभित्र उक्त सवारी सञ्चालन गर्न पाईने छैन ।

(३) यो अनुमतिपत्रमा तोकिएको भन्दा बढी अवधिसम्मको लागि प्रदेशभित्र सवारी राख्नु परेमा पुनः सम्बन्धित भन्सार कार्यालयमा गई प्रचलित कानून बमोजिम पुनः भन्सार प्रवेश, शुल्क बुझाइ म्याद थपी ल्याएमामात्र सम्बन्धित यातायात व्यवस्था कार्यालयले अर्को अनुमतिपत्र दिन सक्नेछ ।

(४) यो अनुमतिपत्रको म्याद सकिएपछि नेपालबाट फर्कने बेलामा यो अनुमतिपत्र सम्बन्धित कार्यालयमा बुझाउन ल्याउनु पर्नेछ । कारणवश अर्को कार्यालय क्षेत्र भित्रको भन्सार नाकाबाट फर्कनु परेमा नजिकको यातायात व्यवस्था कार्यालयमा सो अनुमतिपत्र बुझाउनु पर्नेछ, र सो कार्यालयबाट त्यसको जानकारी साबिकको कार्यालयलाई पठाईदिनु पर्नेछ ।

(५) यो अनुमतिपत्र कुनै कारणले हराए वा नासिएमा सम्बन्धित कार्यालयमा गई निवेदन दिई प्रतिलिपि लिनु पर्नेछ ।

(६) यो अनुमतिपत्र प्राप्त सवारीले नेपाली यात्रु तथा मालसामान ओसार पसार गर्न पाउने छैन ।

## अनुसूची-८
## (नियम १८ को उपनियम (१) सँग सम्बन्धित)
## सवारीको नामसारी गराउन दिइने दरखास्त

श्रीमान् कार्यालय प्रमुखज्यू,

यातायात व्यवस्था कार्यालय,................................।

गण्डकी प्रदेश

लिखितम मेरो/हाम्रो नाममा दर्ता भई मेरो/हाम्रो हक भोगमा रहेको इ.नं. चेसिस नं............मोडेल नं.............भएको...........अ...........नं. को सवारीलाई मैंले-हामीले निम्न लिखित नाम थर ठेगाना भएको व्यक्ति-व्यक्तिहरू-फर्म-कम्पनी-संस्थालाई किनाराका साक्षीको रोहवरमा रु................................अक्षरेपी....................मा लिलाम-बिक्री-उपहार-वकस गरी दिएको हुनाले उक्त सवारी निज-निजहरूको नाममा नामसारी गरि दिनु हुन अनुरोध गर्दछु/गर्छौं । माथिको व्यहोरा फरक परि बिक्री-लिलाम-उपहार-वकस गरेको भएमा कानून बमोजिम सहुँला बुझाउँला ।

औंठाको छाप

| दा. | बा. |
|---|---|
| | |

बिक्री-लिलाम-उपहार-वकस गरिदिनेको

सही -

नाम थर -

बर्ष

ठेगाना - प्रदेश - जिल्ला -

गा.पा.-न.पा.-उ.म.न.पा.-म.न.पा -

